कात्तिक - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १३ | **२०७९ कात्तिक १-१५** | पूर्णाङ्क ७२७



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ४ |
| **जम्मा** | **३३** |

| | |
|---|---|
| इजलास नं. ८ | ७ |
| इजलास नं. ९ | ७ |
| इजलास नं. १० | ५ |
| **जम्मा** | **१९** |

**कूल जम्मा ३३ + १९ = ५२**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, कात्तिक – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं. १ | | | १ - १६ |
| १. | उत्प्रेषणसमेत | भरतप्रसाद महतो वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १ |
| २. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | बिमला मगर वि. नेपाल सरकार, रत्नबहादुर थापा मगर वि. नेपाल सरकार, बुद्धिमान दाहाल वि. नेपाल सरकार, नेपाल सरकार वि. रत्नबहादुर थापा मगरसमेत | २ |
| ३. | उत्प्रेषण | किरण शुज मेनुफ्याकचरर्स वि. श्रम अदालतसमेत | ६ |
| ४. | कर्तव्य ज्यान | लट्टे भन्ने आइते दमाईँ वि. नेपाल सरकार | ८ |
| ५. | उत्प्रेषणयुक्त परमादेशसमेत | रूपक खड्का वि. अफसेट प्रिन्ट्र्स एण्ड ट्रेडर्स प्रा.लि. काठमाडौंसमेत | ९ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सरस्वती तामाङ | १० |
| ७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. त्रिवेन्द्रकुमार ठाकुर | १२ |
| ८. | जबरजस्ती करणी | देवबहादुर सुनार वि. नेपाल सरकार | १३ |
| ९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गोपाल श्रेष्ठ | १४ |
| १०. | बलात्कारपछि कर्तव्य ज्यान | नेपाल सरकार वि. हरि लम्साल | १५ |
| ११. | जबरजस्ती करणी | साहिँला दाइ भन्ने दीपक गुरूङ वि.नेपाल सरकार | १६ |
| इजलास नं. २ | | | १६ - २१ |
| १२. | जबरजस्ती करणी | विक्रम गिरी वि. नेपाल सरकार | १६ |
| १३. | बन्दी प्रत्यक्षीकरण | अम्बिका थापा वि. महानगरीय प्रहरी वृत्त, कालिमाटीसमेत | १८ |
| १४. | बन्दी प्रत्यक्षीकरण | वर्षा बस्नेत वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत | १९ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पऱ्या पार्की | २० |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ४** | | | **२१ – २८** |
| १६. | ज्यान मार्ने उद्योग, मोटरसाइकल चोरी र सरकारी छाप किर्ते | नेपाल सरकार वि. प्रभु मण्डलसमेत | २१ |
| १७. | मानव बेचबिखन तथा ओसारपसार | जेनी भन्ने कल्पना गुरूङ वि. नेपाल सरकार | २३ |
| १८. | जबरजस्ती करणी | गौतम यादव वि. नेपाल सरकार | २४ |
| १९. | आयकर २०६६/०६७ | ढुण्डीराज पोखरेल वि. अनिता के.सी. शाही | २५ |
| २०. | झुठा विवरण पेस गरी निवृत्तिभरण लिई भ्रष्टाचार गरेको | नेपाल सरकार वि. नारायणप्रसाद शर्मासमेत | २६ |
| **इजलास नं. ५** | | | **२८ – ३३** |
| २१. | खुन डाँका | आशिष राई वि. नेपाल सरकार, हिराधन राईसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. आशिष राईसमेत, सन्देश राई वि. नेपाल सरकार, थाम सिंह राई वि. नेपाल सरकार, तिलकराम पुरी वि. नेपाल सरकार | २८ |
| २२. | निर्णय दर्ता बदर | श्यामबहादुर ताम्राकार वि. पूर्णबहादुर ताम्राकारसमेत | ३० |
| २३. | मापदण्ड विपरीत अनियमित घर निर्माण | बसन्तकुमार राई वि. कौशिला टण्डन | ३१ |
| २४. | जग्गा खिचोला घर उठाई चलन | गर्भी देवी खत्वेनीसमेत वि. मुकेसप्रसाद गुप्ता | ३१ |
| २५. | उत्प्रेषणसमेत | परिवर्तित सङ्केत नाम ३२-H वि. उच्च अदालत, जनकपुर, अस्थायी इजलास, वीरगन्जसमेत | ३२ |
| **इजलास नं.६** | | | **३३ – ३६** |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपालसिंह नगरकोटी | ३३ |
| २७. | उत्प्रेषणसमेत | मिरावदन श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौंसमेत | ३४ |
| २८. | उत्प्रेषण, परमादेश | रोशन प्रधानसमेत वि. अर्थ मन्त्रालयसमेत | ३४ |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुनिल कुमालसमेत | ३६ |
| **इजलास नं.७** | | | **३६ – ४२** |
| ३०. | जबरजस्ती करणी | नेपाल सरकार वि. नबाब हुसेन | ३६ |

| | | | |
|---|---|---|---|
| ३१. | जबरजस्ती करणी | नेपाल सरकार वि. सुदिप तामाङसमेत | ३८ |
| ३२. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. उदयबहादुर हमाल | ३९ |
| ३३. | कुटपिट | विरजा राउत कुर्मीसमेत वि. सत्यनारायण राउत कुर्मीसमेत | ४० |
| **इजलास नं.८** | | | **४३ – ४७** |
| ३४. | दोहोरो लगत कट्टा गरिपाऊँ | सानुकान्छी कार्की खत्री वि. शकुन्तला लिम्बू | ४३ |
| ३५. | उत्प्रेषणसमेत | उदितनारायण झा वि. नेपाल खाद्य संस्थान बोर्ड, केन्द्रीय कार्यालय सिंहदरबारसमेत | ४३ |
| ३६. | उत्प्रेषणयुक्त परमादेश | कोपिला अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत | ४४ |
| ३७. | उत्प्रेषण | डोरमणि पौडेल वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४५ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मणबहादुर शाह वि. गृह मन्त्रालय, काठमाडौंसमेत | ४५ |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भरतबहादुर थापामगर | ४६ |
| ४०. | लागु औषध खैरो हेरोइन | विक्रम तामाङ (लामा) वि. नेपाल सरकार | ४७ |
| **इजलास नं.९** | | | **४७ – ५४** |
| ४१. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम ०७७/०७८ चौतारा J वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत | ४७ |
| ४२. | मानव बेचबिखन तथा ओसारपसार | विष्णु थापा वि. नेपाल सरकार | ४८ |
| ४३. | बैंकिङ कसुर | नेपाल सरकार वि. रीता श्रेष्ठ | ५० |
| ४४. | बन्दी प्रत्यक्षीकरण | कृष्णा किसान वि. बागलुङ जिल्ला अदालतसमेत | ५१ |
| ४५. | लागु औषध | मो. मोजहर मंसुर वि. नेपाल सरकार, नेपाल सरकार वि. अजयकुमार राम | ५२ |
| ४६. | बन्दी प्रत्यक्षीकरण | रमेश बडु वि. उच्च अदालत पाटनसमेत | ५३ |
| ४७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कृष्णबहादुर मगर | ५३ |

| इजलास नं.१० | | | ५४ – ६० |
| --- | --- | --- | --- |
| ४८. | अंश नामसारी | ओमकारनाथ चौवे वि. वारमती चौवाईन | ५४ |
| ४९. | गौवध | सबिन गोतामे वि. नेपाल सरकार | ५५ |
| ५०. | जबरजस्ती करणी | नेपाल सरकार वि. गीता सुनारसमेत | ५७ |
| ५१. | बन्दी प्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश | उदय यादव वि. उच्च अदालत पाटनसमेत | ५८ |
| ५२. | बन्दी प्रत्यक्षीकरण | मीना शाही वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ५९ |

## इजलास नं.१

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री अनिलकुमार सिन्हा,** *०७३-WO-०९९४, उत्प्रेषणसमेत, भरतप्रसाद महतो वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

रिट निवेदकले विपक्षी गजेन्द्र ठाकुरको अध्यक्षतामा गठित कार्य समितिको आधिकारिकतालाई विवादित भने पनि संघका निवर्तमान अध्यक्ष गजेन्द्र ठाकुर समूहका प्रतिनिधिको अनुपस्थितिमा आफ्नो गुटका केही सदस्यको मात्र उपस्थिति गराई सभा गरेको र त्यसै सभाबाट आफू अध्यक्ष नियुक्त भएकोलाई मान्यता दिनुपर्ने भन्ने दाबीतर्फ कानूनी आधार छैन भन्ने विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफबाट देखिन्छ । जिल्ला प्रशासन कार्यालयले पटक पटक हिसाब बुझाउन दिएको निर्देशन पालन भएको वा त्यसलाई चुनौती दिएको पनि देखिँदैन । उक्त संघको चौथो राष्ट्रिय महाधिवेशन भई सो संस्थाको कार्य समितिलाई २०७४ साल आषाढ मसान्तसम्म नवीकरणसमेत गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन्छ। यसरी, मिसिलबाट उक्त संघको चौथो राष्ट्रिय महाधिवेशन संस्थाको मिति २०७०।४।२८ गते संशोधित विधान तथा नियमअनुसार मिति २०७३।७।९ को भेलाबाट विपक्षी गजेन्द्र ठाकुर निर्विरोध निर्वाचित भई सोको जानकारी सम्बन्धित निकायहरूमा समेत भएको, उक्त संशोधनउपर रिट निवेदकले प्रश्न उठाउन नसकेका, निज विपक्षी गजेन्द्रले नै संघलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा मिति २०७३।७।१९ मा संस्था नवीकरण गर्दा संस्थाको तर्फबाट लाग्ने दस्तुर बुझाई सम्बन्धित कार्यालयको प्रशासकीय अधिकृतबाट नवीकरण गरेको र नवनिर्वाचित पदाधिकारीहरूलाई पदीय प्रमाणपत्रसमेत वितरण भइसकेको देखिन्छ। कुनै एउटा समूहलाई चित्त नबुझ्दैमा नियमनकारी निकायले गरेको काम कारबाहीमा सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र आकर्षित गरिहाल्नु उचित देखिँदैन । निवेदकले यस अदालतसमक्ष उठाएका हरेक विषयवस्तु सामान्य अवस्था परिस्थितिमै न्यायिक निरूपण गर्न स्वीकार गर्न सक्दैन। निवेदकले उठाएको प्रकृतिको विवादमा व्यक्तिको हितभन्दा संस्थाको हितलाई प्राथमिकता दिनुपर्दछ । व्यक्तिका स्वार्थको कारण संस्थाले आफ्नो उद्देश्यअनुसारको काम गर्न सकेन भने त्यस्को बृहत्तर प्रभाव लक्षित वर्गमा पर्न जान्छ । यस्ता विवादहरू सिर्जना भएको कारणबाट संस्थाको निरन्तरता तथा उद्देश्य प्राप्तिको लागि यथासम्भव स्थायी प्रकृतिको समाधान खोज्नु आवश्यक हुन्छ । यी विषयहरूको समष्टिगत रूपमा विचार गर्दा यी निवेदकले उठाएको संस्थाको नेतृत्वसम्बन्धी प्रस्तुत विवादमा स्थानीय अधिकारीले प्रमाणहरू बुझी गरेको निर्णयबाट यी निवेदकको कुनै पनि संवैधानिक वा कानूनी हकको हनन भएको नदेखिएको र विपक्षी जिल्ला प्रशासन कार्यालयले मिति २०७३।१२।१ मा जिल्ला विकास समितिको कार्यालय, धनुषालाई लेखेको पत्र कानूनविपरीत रहेको भन्न मिल्ने वस्तुनिष्ठ आधार नदेखिँदा निवेदकको निवेदनमा उल्लिखित मागसँग सहमत हुन नसकिने।

यसरी, निवेदक संघको कथित चौथो महाधिवेशनबाट सो संघको केन्द्रीय अध्यक्षमा आफू निर्वाचित भएकोले आफूलाई नै नेपाल पिछडावर्ग (OBC) महासंघको अध्यक्षको रूपमा बहाल गराइपाउँ भन्ने रिट निवेदन दाबी यस अदालतले न्यायिक निरूपण गर्नुपर्ने प्रकृतिको नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने । यस अदालतबाट मिति ०७३।१२।०९ मा जारी भएको अन्तरिम आदेशसमेत

निष्कृय हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७५ साल असोज १ गते रोज २ शुभम्।**

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०५७१, ०७४-CR-०७८१, ०७४-CR-१११६, ०७४-CR-१२३९, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, बिमला मगर वि. नेपाल सरकार, रत्नबहादुर थापा मगर वि. नेपाल सरकार, बुद्धिमान दाहाल वि. नेपाल सरकार, नेपाल सरकार वि. रत्नबहादुर थापा मगरसमेत*

जाहेरवाला तेजबहादुर थापाले मिति २०७१।३।१७ गते राति ९.३० बजेको समयमा प्रतिवादीहरू रत्नबहादुर थापा मगर, बुद्धिमान दाहाल र गणेशप्रसादसमेतका मानिसहरूले रेखबहादुर कटुवाल र रमेश थापासमेतलाई घनले हानी घाइते पारेको अवस्थामा मेरो श्रीमती लक्ष्मी थापा गुहारको लागि जाँदा निजहरूले घनसमेतले मेरो श्रीमतीसमेतलाई हानी कर्तव्य गरी मारेको भनी, मृतकका छोरा संज्ञान कटुवालले प्रतिवादीहरूउपर ज्यान मार्ने उद्योग र पछि सोही घटनाका सख्त घाइते रेखबहादुर कटुवालको उपचारको क्रममा मृत्यु भएको हुँदा सो घटनामा संलग्न रत्नबहादुर थापा मगरसमेतलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी निज मृतकको श्रीमती ताराकुमारी बस्नेतको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । निज जाहेरवालाहरूले सो कुरालाई अदालतमा आई बकपत्र गरी समर्थनसमेत गरेको देखिन्छ । मिति २०७१।०३।१८ गतेको घटनास्थल प्रकृति मुचुल्कामा वारदात स्थलमा रगतको छिटा भएको, सडकको बालुवा मडारिएको भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ। प्रतिवादीहरूले मौकामा गरेको बयानमा उक्त स्थानमा रही मृतकहरूसमेतसँग वाद विवाद भएको र निजहरूलाई ढुङ्गासमेतले हानेको भनी स्वीकार गरेको पाइन्छ। त्यसैगरी मृतक लक्ष्मी थापाको लास प्रकृति मुचुल्कामा दायाँ स्तनमुनि निलो दाग, दायाँ खुट्टामुनि निलो दाग २ ठाउँमा देखिएको र निजको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण (Cause of death) मा Subdural haematoma due to blunt force injury to the head भनी लेखिएको तथा मृतक रेखबहादुर कटुवालको लास प्रकृति मुचुल्कामा टाउकोमा १५ इन्च टाँका लगाएको, निधारमा दायाँ र बायाँपट्टि ४/४ इन्च लामो टाँका लगाएको भन्ने र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण (Cause of death) मा due to cerebral haemorrhage due to blunt force trauma to the head भनी उल्लेख भएको देखिएबाट दुवै मृतकको मृत्यु कर्तव्यबाट नै भएको देखिने।

अब अभियोग मागदाबीबमोजिम उक्त वारदात यी पुनरावेदकहरूले गरेका हुन् होइनन् र कुन प्रतिवादीको के कति संलग्नता रहेको छ भन्नेतर्फ विचार गर्दा, प्रतिवादीहरूमध्ये रत्नबहादुर थापा मगर र बुद्धिमान दाहालको हकमा हेर्दा, रत्नबहादुर थापा मगर, बुद्धिमान दाहालले अदालतको बयानमा आफूहरूले मृतकहरू र घाइते रमेश थापालाई कुटपिट नगरेको भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरको भए पनि यी प्रतिवादीहरूले वारदातको दिन साँझ मोहन मगरको घरमा गणेशप्रसाद श्रेष्ठसमेत भई रक्सी खाएको र पछि तीनैजना गणेशप्रसाद श्रेष्ठको मोटरसाइकलमा चढी घरतर्फ आउने क्रममा वारदात स्थलमा रमेश थापा, काजी भन्ने रेख बहादुर कटुवाल र गाउँका माइला नेवारसँग भेट भई झगडा गरेको कुरा अदालतकै बयानमा स्वीकार गरेको पाइन्छ । अर्का प्रतिवादी गणेशप्रसाद श्रेष्ठले वारदात स्थलमा मृतकहरू र घाइते रमेश थापासँग भेट भई निज मृतकसमेतलाई रत्नबहादुर थापा र बुद्धिमान दाहालले कुटपिट गरेकोमा म छुट्याउन जाँदा मलाईसमेत हातपात गर्दा

डराई आफू सो ठाँउबाट भागेको भनी मौकाको बयानमा लेखाई सोही बेहोरालाई समर्थन गरी अदालतमा आई बयान गरेको देखिन्छ । त्यसैगरी सो घटनाका प्रत्यक्षदर्शी अम्बर श्रेष्ठले सामुदायिक वनमा बिमला थापा मगरले बनाएको घरको विषयमा विवाद परी रत्नबहादुर थापाले रेखबहादुर कटुवाललाई हिर्काउँदा निज ढले सोपछि रमेश थापाले के गरेको भन्दा रमेश थापालाई पनि बुद्धिमान दाहालले प्रहार गर्दा निज पनि ढले त्यसपछि छिमेकी भाउजू मृतक लक्ष्मी थापा गुहार भन्दै आउँदा निजलाई पनि हिर्काएका हुन् भन्नेसमेत र अर्का प्रत्यक्षदर्शी तथा सो घटनामा स्वयं घाइते भएका रमेश थापाले सो दिन मृतकलगायत मेरो घरमा धान झारी ज्यामिरे खोलामा नुहाई फर्किने क्रममा बाटो छेकी रत्नबहादुर थापा मगर, बुद्धिमान दाहाल र गणेश प्रसाद श्रेष्ठसमेतले ढुङ्गासमेतले टाउकोमा प्रहार गरी मलाई घाइते र मृतकहरूलाई कर्तव्य गरी मारेको हो भनी मौका तथा अदालतमा आई बकपत्र गरिदिएको देखिँदा प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा १ को (क) र (ख) बमोजिम प्रमाणमा लिन मिल्ने देखिन्छ । अतः किटानी जाहेरी, दुवै मृतकहरूको शव परीक्षण प्रतिवेदन, वारदातका प्रत्यक्षदर्शी साक्षीहरू (Eye Witness), को बकपत्र, प्रतिवादीहरूले व्यक्त गरेको कुरा, वस्तुस्थिति मुचुल्का एवं घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूले गरिदिएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीद्वय रत्नबहादुर मगर र बुद्धिमान दाहालले हानेकै चोटको पीडाबाट मृतकहरू लक्ष्मी थापा र रेखबहादुर कटुवालको मृत्यु भएको देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (१) नं. विपरीतको कसुरमा सोही ऐनको सोही महलको १३ (१) नं. बमोजिम सर्वसश्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको फैसला अन्यथा मान्न मिल्ने देखिएन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू फैसला मिलेन । अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी रत्नबहादुर मगर र बुद्धिमान दाहालको पुनरावेदन जिकिर एवं निजमध्ये रत्नबहादुर मगरको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू गणेशप्रसाद श्रेष्ठको हकमा विचार गर्दा, प्रतिवादी गणेशप्रसाद श्रेष्ठ वारदातको दिन वारदात स्थलमा रहेको भन्ने कुरा यी र अन्य प्रतिवादीहरूको मौका र अदालतको बयान, तथा सो वारदातका प्रत्यक्षदर्शी अम्बर श्रेष्ठ तथा सो घटनामा स्वयं घाइते भएका रमेश थापाले लेखाइदिएको घटना विवरण कागज तथा अदालतको बकपत्रबाट देखिन्छ । अब यी प्रतिवादी गणेशप्रसाद श्रेष्ठले मृतकहरूलाई प्रहार गरे गरेनन् भन्नेतर्फ हेर्दा, यी प्रतिवादी गणेशप्रसाद श्रेष्ठले आफ्नो मोटरसाइकलमा रत्नबहादुर थापा र बुद्धिमान दाहाललाई राखी वारदातस्थल पुगेपछि सो स्थानमा मृतकहरूसमेतसँग भेट भई निजहरूसँग झगडा हुँदा रत्नबहादुर थापा र बुद्धिमान दाहालले रेखबहादुर कटुवाललाई लडाएपछि छुट्ट्याउन गएको, आफूले मृतकहरूलाई कुनै हतियारले प्रहार नगरेको, आफू ढुङ्गाको कारोबार गर्ने मानिस भएको र ढुङ्गा फुटाउने प्रयोजनको लागि घन साथमा रहेको भन्ने बयान गरेको देखिन्छ । यिनैको मोटरसाइकल चढी साथमा आएका रत्नबहादुर मगर र बुद्धिमान दाहालले पनि यिनले मृतकहरूसमेतलाई प्रहार गरेको भनी कहीँकतै भनेको देखिँदैन । घटनाका प्रत्यक्षदर्शी साक्षीहरू (Eye Witness), अम्बर श्रेष्ठ र रमेश थापासमेतले निज प्रतिवादीले मृतकहरूलाई घनले प्रहार गरेको वा अन्य कुनै प्रकारले हातहतियार छाडी कुटपिट गरेको भन्ने अवस्था नलेखाए तापनि निज प्रतिवादीले आफ्नो मोटरसाइकलको प्रयोग गरी रत्नबहादुर थापा मगर र बुद्धिमान दाहाललाई

वारदातस्थलमा पुर्‍याई मृतकहरूको ज्यान मार्ने काममा संयोग पारिदिएको अवस्था देखिँदा निज पुनरावेदक प्रतिवादी गणेश प्रसाद श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (२) नं.को कसुरमा ऐ.१७ (२) नं. बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय हुने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको फैसला अन्यथा नभई मिलेकै देखिएकोले प्रतिवादी गणेशप्रसाद श्रेष्ठसमेतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (१) नं. विपरीतको कसुरमा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस एवं म वारदातमा संलग्न नरहेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (२) नं. बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरेको सुरू फैसला मिलेन, अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने निज प्रतिवादी गणेशप्रसाद श्रेष्ठको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी बिमला मगरको हकमा विचार गर्दा, प्रस्तुत मुद्दामा पर्न आएको पहिलो जाहेरीमा यी प्रतिवादीलाई किटान नगरी दोस्रो र तेस्रो जाहेरी दरखास्तमा मात्र निजको नाम किटान गरेको देखिन्छ । निज प्रतिवादीले मौकामा बयान गर्दा आरोपित कसुरमा इन्कार रही आफू मिति २०७१।३।१७ गते राति छिमेकीको घरमा टि.भि. हेरिरहेकोमा राति मेरो घरअगाडि रत्नबहादुर थापा मगरसमेतका मानिसहरूले रमेश थापा, रेखबहादुर कटुवाल र लक्ष्मी थापालाई कुटपिट गरी मृतकहरूलाई मरणासन्न अवस्थामा देखेको हो । घाइतेहरूलाई उपचारमा लगिसकेपछि मनु कार्कीले गणेश श्रेष्ठले फोन गरी ह्याम्मर घरछेउमा छ राखिदेउ है भनेपछि मेरो घरको भित्तामा ह्याम्मर रहेकोले मैले डरले सो ह्याम्मर घर नजिकै बाँसघारीमा फालिदिएको हो भन्नेसमेत लेखाएको र सुरू अदालतमा बयान गर्दासमेत निज प्रतिवादी गणेशप्रसाद श्रेष्ठले मनु कार्कीलाई फोन गरी घन लुकाइदिन भनेका रहेछन् । त्यसपछि मनु कार्कीले मलाई घन लुकाउन भनेका थिए, मैले उक्त घन मेरो घर छेउमा रहेको र म छोरी मान्छे भएकोले पछि समस्या पर्ला भनी बाँसघारीमा फालेको मात्र हो भन्नेसमेत लेखाइदिएको देखिन्छ। मनु कार्कीले समेत सुरू अदालतमा बकपत्र गर्दा सो ह्याम्मर बिमलाले राखेकी थिइन् भनी लेखाएको देखिन्छ । प्रत्यक्षदर्शी भनिएका अमर श्रेष्ठले यी प्रतिवादी वारदातस्थलमा उपस्थित भई मृतकहरूलाई कुटपिट गरेका हुन् भनी लेखाउन सकेको देखिँदैन। अन्य प्रतिवादीहरूले समेत मौका र अदालतमा बयान गर्दा, निज प्रतिवादीसमेत वारदातस्थलमा सँगै रहेको भनी लेखाएको देखिँदैन । यिनको वारदातमा प्रत्यक्ष संलग्नता रहेको नदेखिए तापनि सो वारदातमा प्रयोग भएको भनिएको ह्याम्मर यी प्रतिवादीले लुकाएकै ठाउँबाट बरामद भएकोबाट निज पुनरावेदक प्रतिवादी बिमला मगरलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. को कसुरमा ऐ.१७ (३) नं. बमोजिम ६ महिना कैद सजाय हुने गरेको सुरू फैसला अन्यथा देखिन नआई मिलेकै देखिन आएकोले निज प्रतिवादी बिमला मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (४) नं. को कसुरमा ऐ. १३ (४) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस बुँदा एवं मेरो उक्त वारदातमा संलग्नता नहुँदा सफाइ पाउनुपर्ने हो भन्ने निज पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी लोकबहादुर थापामगरको हकमा विचार गर्दा, अभियोगपत्रमा यी प्रतिवादी रक्तमाला सामुदायिक वनका अध्यक्ष भएका र निज प्रतिवादीको बहिनी नाताकी प्रतिवादी बिमला मगरलाई उपभोक्ता

समिति तथा मूल समितिसमेतलाई थाहा जानकारी नगराई समितिको जग्गाभित्र घर बनाउन जग्गा दिई घर निर्माण गर्न लाग्दा काजी भन्ने रेखबहादुर कटुवालले विरोध गरी वन कार्यालयमा उजुरी गरेको हुँदा सो विषयमा यिनले मृतक रेखबहादुर कटुवालसँग इवी लिई यी प्रतिवादीको योजना निर्देशनअनुरूप नै उक्त वारदात हुन गएको भन्नेसमेत उल्लेख भएको देखिन्छ। प्रस्तुत दाबीलाई मान्ने हो भने निजउपरसमेत किटानी जाहेरी परेको भए तापनि वारदात हुँदाका बखत सो स्थानमा यी रहेका थिए भन्ने कहिँकतैबाट देखिँदैन। यिनले मौका र अदालतको बयानमा वारदात भएको समयमा आफू सो स्थानमा नभएको भनी जिकिर लिएका छन् भने अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादी सो स्थानमा रही मृतकहरूलाई हिर्काउने कार्यमा संलग्न रहेको भनी भन्न सकेका छैनन्। घटना विवरण कागज गर्ने व्यक्तिहरू तथा प्रस्तुत घटनाका प्रत्यक्षदर्शीद्वय अमर श्रेष्ठ र रमेश थापाले समेत यी प्रतिवादी घटनास्थलमा रही अन्य प्रतिवादीहरूसँग मिली मृतकहरूलाई समेत कुटपिट गरेको भन्ने लेखाउन सकेको देखिँदैन। त्यसैगरी घटना भएको समयमा यी प्रतिवादीले वारदातस्थलमा रहेका प्रतिवादीहरू रत्नबहादुरसमेतलाई प्रत्यक्ष निर्देशन गरेको भन्नेसमेत कहीँकतैबाट देखिँदैन यस अवस्थामा केवल शङ्का र अनुमानको भरमा कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी कसुरमा कसुरदार ठहर गर्न न्यायोचित नहुने हुँदा यी प्रतिवादी लोकबहादुर थापा मगरलाई अभियोगबाट सफाइ दिने गरी भएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मिलेकै देखिँदा सो लाई अन्यथा गर्नुपर्ने देखिन नआएकोले निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिमको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने।

प्रस्तुत मुद्दाका सबै प्रतिवादीहरूउपरको पीडित रमेश थापालाई मार्ने उद्योगतर्फको दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाले गरेको फैसला उल्टी गरी सुरू अभियोग मागदाबीबमोजिम ज्यान मार्ने उद्योगको कसुरमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडित रमेश थापालाई मार्ने नियतले मरणासन्न हुने गरी निजको संवेदनशील अंग नाक, मुखसमेतमा हिर्काई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. विपरीत कसुर गरेको हुँदा सोही महलको १५ नं. बमोजिम सजाय हुनुपर्ने र पीडित रमेश थापासमेतको उपचारमा लागेको रू.७,३४,८१७।- समेत प्रतिवादीहरूबाट क्षतिपूर्ति भराइपाउँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ। पीडित रमेश थापाको सुरू अदालतमा भएको बकपत्रमा मलाई गहकिलो हतियारले बुद्धिमान दाहालले एकैपटक नाकमा हानी चोट पुऱ्याएको हो भनी लेखाएको देखिए तापनि सो हतियार के थियो र कस्तो प्रकृतिको थियो भन्ने सम्बन्धमा अन्य कुनै यकिन विवरण खुलाउन सकेको देखिँदैन। पीडित रमेश थापाको मौकामा भएको घाउ जाँच केस फारामको Condition of the patient भन्ने महलमा निजको स्थिति स्थिर (Stable) भन्ने र मर्ने वा नमर्ने (fatal or not) भन्ने महलमा नमर्ने (not fatal) लेखिएको देखिन्छ। जसबाट निज पीडितको अवस्था सामान्य भई मर्ने अवस्थामा नभएको भन्ने देखिन्छ। ज्यान मार्ने उद्योग मुद्दामा मनसाय र तेस्रो पक्षको उपस्थितिको कारण पीडितको ज्यान मर्न नपाएको भन्ने तत्त्व अनिवार्य रूपमा रहेको हुनुपर्ने हुन्छ तर प्रस्तुत वारदातमा ज्यानै लिनुपर्नेसम्मको मनसाय र तेस्रो पक्षको उपस्थिति / बचाउको कारणले मात्र निजको ज्यान बचेको भन्ने कुराको कहीँकतै उल्लेख भएकोसमेत देखिँदैन। यसस्थितिमा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम कसुरमा ऐ १५ नं बमोजिम सजाय हुनुपर्ने भन्ने वादी

पक्षको अभियोग मागदाबीलाई पुष्टि प्रमाणित गर्ने स्वतन्त्र, वस्तुनिष्ठ एवं शङ्कारहित ठोस आधार प्रमाणहरूको अभावमा ज्यान मार्ने उद्योगतर्फको अभियोग मागदाबी र पीडितहरूको उपचारमा लागेको खर्च प्रतिवादीहरूबाट भराइपाउँ भन्ने जिकिर पुग्न सक्दैन भनी भएको सुरू फैसला तथा उक्त फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाले गरेको फैसला अन्यथा गर्नुपर्ने नभई मनासिबै देखिन आएको अवस्थामा निज प्रतिवादीहरूलाई उक्त ज्यान मार्ने उद्योगको कसुरमा सफाइ दिने गरेको सुरू फैसला उल्टी गरी निजहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहससँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार कारणबाट सुरू उदयपुर जिल्ला अदालतबाट प्रतिवादीहरूमध्ये रत्न बहादुर थापा मगर र बुद्धिमान दाहाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (१) नं. विपरीतको कसुरमा सोही ऐनको सोही महलको १३ (१) नं. बमोजिम सर्वसश्वसहित जन्मकैद, प्रतिवादी गणेशप्रसाद श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (२) नं.को कसुरमा ऐ.१७ (२) नं. बमोजिम ५ (पाँच) वर्ष कैद, प्रतिवादी बिमला मगरलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. को कसुरमा ऐ.१७ (३) नं. बमोजिम ६ महिना कैद, प्रतिवादी लोकबहादुर थापा मगरलाई अभियोग दाबीबाट सफाइ र सबै प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फको अभियोग मागदाबी तथा पीडितहरूको उपचारमा लागेको खर्च प्रतिवादीहरूबाट भराइपाउँ भन्ने वादी नेपाल सरकारको दाबी नपुग्ने गरी सुरू उदयपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७४/०४/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (शाखा अधिकृत): नबराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल मार्ग ०१ गते रोज १ शुभम्।**

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०६७-WO-१११८, उत्प्रेषण, किरण शुज मेनुफ्याकचरर्स वि. श्रम अदालतसमेत*

विपक्षी बृषबहादुरलाई सेवाबाट हटाउने निर्णय गर्ने किरण सुज फर्ममा कार्यरत वरिष्ठ प्रशासकीय अधिकृत गोविन्द कार्की अन्तिम निर्णय लिन पाउने अधिकार भएका व्यवस्थापक हुन् कि होइनन् भनी विवेचना गर्दा सेवाबाट हटाउन मिति २०६७।५।१ मा निर्णय पर्चा खडा गरिएको र उक्त निर्णय पर्चामा किरण सुज म्यानुफ्याक्चरर्सको तर्फबाट व्यवस्थापक / वरिष्ठ प्रशासकीय अधिकृत गोविन्द कार्कीले गरेको निर्णय पर्चा भनी उल्लेख भएको देखिन्छ । किरण सुज म्यानुफ्याक्चरर्सका तर्फबाट वरिष्ठ प्रशासकीय अधिकृत पदमा कार्यरत श्री गोविन्द कार्कीलाई निवेदक फर्मले अधिकार प्रदान गरेको भन्ने मिति २०६७।१।२ को पत्र श्रम अदालत काठमाडौंसमक्ष पेस गरिएको देखिन आउँछ। उक्त पत्रमा मिति २०६७।१।२ मा किरण सुज म्यानुफ्याक्चरर्सका वरिष्ठ प्रशासकीय अधिकृत / व्यवस्थापक पदमा कार्यरत श्री गोविन्द कार्कीलाई उक्त साझेदारी फर्ममा कार्यरत सम्पूर्ण कामदार कर्मचारीहरूले खराब आचरण गरेमा स्पष्टीकरण सोध्ने, दोषी देखिन आएमा प्रचलित श्रम ऐन, नियम र कारखानाको विनियमबमोजिम तोकिएको सजाय गर्ने तथा कम्पनीको कामदार कर्मचारी प्रशासनसँग सम्बद्ध सम्पूर्ण क्रियाकलापहरूको हकमा अन्तिम निर्णय गर्न पाउने अख्तियारीसहित श्रम ऐन, २०४८ को दफा २ (च) बमोजिम व्यवस्थापकीय अधिकार प्रदान गर्ने गरी मिति २०६७।१।२ मा निर्णय गरिएको भन्ने बेहोरासहितको *जो जससँग सम्बन्धित* छ विषयक पत्र

जारी गरिएको देखिन्छ। यस सम्बन्धमा उक्त निर्णयको जानकारी गराउने पत्र उल्लिखित मितिमै जारी भएको हो वा विपक्षीलाई सेवाबाट हटाइएपछि बनाइएको हो भन्ने सम्बन्धमा श्रम अदालतको फैसलाले विवेचना गरी शङ्काको घेरामा राखेको विषय उचित नै देखिन आउँछ । उक्त पत्र उल्लिखित मितिमै जारी गरिएको हो भनी पुष्टि गर्ने कुनै वस्तुनिष्ठ प्रमाण पेस हुन आएको देखिँदैन भने किरण सुजको तर्फबाट श्रम अदालतसमक्ष पेस हुन आएको लिखित जवाफमा समेत गोविन्द कार्कीलाई अधिकार प्रदान गरिएको भनी उल्लेख गरेको देखिँदैन। अर्को पक्षबाट हेर्दा निज गोविन्द कार्की व्यवस्थापकको हैसियतमा रही कामदार कर्मचारीका विषयमा अन्तिम निर्णय लिन पाउने व्यक्ति रहेको भन्नेसमेत देखिँदैन। निज गोविन्द कार्की उक्त प्रतिष्ठानमा वरिष्ठ प्रशासकीय अधिकृतको रूपमा रहेका र कम्पनीको म्यानेजिङ्ग डाइरेक्टर अन्य व्यक्ति रहेको भन्ने देखिन्छ । किरण सुज कम्पनीका म्यानेजिङ डाइरेक्टर अमिर राणा रहेको भन्ने मिति २०६७।४।७ को व्यवस्थापन पक्ष र युनियनबिच भएको सम्झौतामा उल्लेख भएकोसमेतबाट देखिन्छ। यसरी हेर्दा किरण सुज म्यानुफ्याक्चरर्सका वरिष्ठ प्रशासकीय अधिकृत पदमा कार्यरत गोविन्द कार्की श्रम ऐन, २०४८ को दफा ५० बमोजिम कामदार कर्मचारीलाई सेवाबाट हटाउनका लागि अन्तिम निर्णय लिन पाउने हैसियतका व्यवस्थापक हुन् भनी मान्न सकिने देखिन नआउने।

प्रतिष्ठानको सेवामा रहेको कुनै कामदार वा कर्मचारीलाई सेवाबाट हटाउँदा श्रम ऐन, २०४८ को दफा ५३ बमोजिमको कार्यविधि अपनाउनुपर्ने देखिन्छ। ऐ. दफा ५३ ले स्थायी कामदार वा कर्मचारीलाई सजाय गर्नुअघि स्पष्टीकरण पेस गर्न कम्तीमा सात दिनको म्याद दिनुपर्ने, म्यादभित्र स्पष्टीकरण पेस नभएमा वा पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई खराब आचरण गरेबापत दफा ५२ बमोजिम सजाय गर्न सकिने छ भन्ने उल्लेख गरी कामदार वा कर्मचारीले म्याद नबुझेमा वा निज गैरहाजिर भएमा निजको नाउँको म्याद निजको ठेगानामा हुलाकबाट रजिष्टर गरी पठाई सोको प्रतिलिपि प्रतिष्ठानको सार्वजनिक सूचना पाटीमा टाँसी सो टाँसेको मुचुल्का गरी सो मुचुल्कामा कम्तीमा तीन जना व्यक्तिलाई साक्षी राखी सो म्यादको एक प्रति सम्बन्धित श्रम कार्यालयमा पठाएमा सो म्यादको जानकारी निज कामदार वा कर्मचारीलाई भएको मानिने भन्ने उल्लेख रहेको देखिने।

विपक्षी बृषबहादुर तामाङलाई सेवाबाट हटाउने निर्णय गर्दा निवेदक फर्मले समेत उक्त बाध्यात्मक व्यवस्था अनुशरण गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा हेर्दा स्पष्टीकरणका लागि म्याद दिँदा अपनाउनुपर्ने अन्य कार्यविधि पूरा भएको देखिए तापनि सम्बन्धित श्रम कार्यालयलाई म्यादको एक प्रति दिनुपर्ने कार्य पूरा भएको भन्ने देखिन नआएको हुँदा कानूनले तोकेको कार्यविधि पूरा नभएको र स्वच्छ सुनुवाइको अवस्था नदेखिएको भन्ने श्रम अदालत काठमाडौंको फैसलाले लिएको आधारलाई अन्यथा मान्न नसकिने।

कानूनबमोजिम सजाय गर्न मिल्ने अवस्थामा पनि कानूनबमोजिमको प्रक्रिया पूरा गरी सजाय गर्नुपर्ने हुन्छ। कानूनले तोकेको due process लाई पूरा गर्न नसकेको अवस्थामा procedural error को फाइदा आरोपित व्यक्तिले पाउने हुन्छ । विपक्षी बृषबहादुर तामाङले श्रम ऐन, २०४८ को दफा ५१ (क) ले तोकेको खराब आचरण गरेको स्थापित भएको अवस्था भए तापनि श्रम ऐन, २०४८ को दफा ५० ले निर्दिष्ट गरेको व्यवस्थापकले सजाय गर्नुपर्नेमा अन्य कर्मचारीले सजाय गरेको तथा ऐ. ऐनको दफा ५३ बमोजिमको प्रक्रिया पूरा गरी सजाय गर्नुपर्नेमा निर्दिष्ट प्रक्रिया पूरा गरेको नदेखिएको हुँदा विपक्षी बृषबहादुर तामाङलाई किरण सुज म्यानुफ्याक्चरर्सले सेवाबाट हटाउने गरी गरेको निर्णय बदर गरी निज बृषबहादुर तामाङलाई निवेदक किरण सुज फर्मको सेवामा पुनर्स्थापित गर्ने

गरी विपक्षी श्रम अदालत काठमाडौंबाट भएको फैसला अन्यथा देखिन नआउने।

अतः श्रम अदालत काठमाडौंबाट भएको उक्त फैसला कार्यान्वयन भई विपक्षी बृषबहादुर तामाङलाई निवेदक साझेदारी फर्म किरण सुज म्यानुफ्याक्चरर्सको सेवामा पुनर्स्थापना गर्दा निवेदकका संविधान तथा कानूनप्रदत्त हक अधिकारको हनन हुन पुग्ने अवस्था देखिन नआएको हुँदा विपक्षी श्रम अदालत काठमाडौंको मिति २०६८।२।५ को फैसला बदर गरिपाउन उत्प्रेषणलगायतका आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन। सो हुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने नभई निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल माघ १३ गते रोज २ शुभम्।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७४-CR-१०९५, कर्तव्य ज्यान, लट्टे भन्ने आइते दमाईँ वि. नेपाल सरकार*

मृतक निर्मला दमाईँ र प्रतिवादी लट्टे भन्ने आइते दमाईँ श्रीमान् श्रीमती रहेका, निजहरूका बिचमा पहिले पनि झगडा पर्ने गरेको र वारदातको दिनमा पनि झगडा गरेको भन्ने देखियो। मृतकको शव परीक्षण प्रतिवेदनमा चोटपटक तथा रक्तस्रावका कारण निजको मृत्यु भएको भन्ने उल्लेख भएको र प्रतिवादीले कपालमा समातेर ओरालोमा तान्दै ल्याई हुत्याएको हुँ भनी अनुसन्धानका क्रममा तथा सामान्य रूपमा धकेल्दा टाउकोमा चोट लाग्न गई श्रीमतीको मृत्यु भएको हो भनी अदालतमा आई बयान गरेको, बुझिएका मानिसहरू एवं घटनास्थल मुचुल्काले वारदातलाई पुष्टि गरेको र अन्य कसैको संलग्नता रहेको भन्ने नदेखिएकोलगायतबाट यी प्रतिवादी लट्टे भन्ने आइते दमाईँको कर्तव्यबाटै निजकी श्रीमती निर्मला दमाईँको हत्या भएको भन्ने कुरामा विवाद नहुने।

आफूले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. अन्तर्गतको कार्य भएकोले आरोपित कसुरबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको जिकिर सम्बन्धमा हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा *"ज्यान लिने ईविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने उल्लेख भएको र यस किसिमको कसुरमा ऐजन ६ नं. बमोजिम सजाय हुने कानूनी व्यवस्था रहेको देखियो भने ऐजन १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेन छ, ज्यान लिनुपर्नेसम्मको इवि पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ,उसै झोकमा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमाबाहेक साधारण लाठा, ढुङ्गा, लात, मुढ्का इत्यादिले हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ"* भन्ने कानूनी व्यवस्था रहेको देखिने।

उपर्युक्त कानूनी व्यवस्थाका रोहमा प्रस्तुत मुद्दालाई हेर्दा प्रतिवादी लट्टे भन्ने आइते दमाईँ र निजकी श्रीमतीबिच पहिलेदेखि नै झगडा हुने गरेको र वारदातको दिनमा पनि यी दुई जना आपसमा झगडा गर्दै गरेको देखी छुट्याउन पुगेका सविना दर्जीसमेतलाई तिमीहरूको काम छैन, आज म निर्मलालाई कुटेरै मार्छु भनी प्रतिवादीले हप्काएको भन्ने देखियो। झगडा छुट्याउन बाहिरी मानिस आइसकेपछि पनि प्रतिवादीले आफ्नी श्रीमतीलाई कुटपिट गर्न नछोडेको र मरणासन्न हुने गरी कुटपिट गरी कपालमा तानेर खोल्सीमा पुऱ्याई हुत्याइदिएको भन्ने देखियो। यसरी हुत्याइएकी घाइते निर्मलाको पहिले नै काटेर लडाइराखेको उत्तिसको ठुट्टामा बोक्रो उक्किने गरी टाउको बजारिएको र उपचारका क्रममा निजको मृत्यु भएको भन्ने घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण

प्रतिवेदन, मौकामा बुझिएका मानिसहरूको कागज बेहोरा एवं प्रतिवादी स्वयंको बयानसमेतका मिसिल संलग्न कागजातहरूबाट देखिन आउने।

प्रतिवादीले जिकिर लिएजस्तो सामान्य रूपमा धकेलेको र उत्तिसको ठुट्टामा ठोकिएको कारणले मात्र घाउचोट परेको भए मृतकको शरीरका अन्य भागमा चोट नदेखिनुपर्नेमा घटनास्थल लास जाँच मुचुल्कामा नै मृतकको शरीरका विभिन्न भागमा घाउ चोट, निलडाम र कोतरिएको भनी उल्लेख भएबाट सामान्य रूपमा धकेल्दा रूखको ठुट्टामा ठोक्किएको चोटका कारण श्रीमतीको मृत्यु भएको हो भनी प्रतिवादीले लिएको जिकिर स्थापित हुन आएन। यस्तो अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐजन ६ नं. आकर्षित हुने कार्य हो भन्ने कुरासँग यो इजलास सहमत हुन नसक्ने।

अब मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरतर्फ हेर्दा प्रस्तुत मिसिलबाट यी प्रतिवादीले श्रीमतीलाई मार्छु भनी पूर्वयोजना बनाएको वा त्यस किसिमको रिसइवी राखेको भन्ने पनि देखिँदैन । त्यसअनुरूपको तयारी गरी कुनै हातहतियारको प्रयोग गरेको पनि छैन । प्रतिवादी र निजकी श्रीमती सालाको छोराको न्वारनबाट साँझ ८.०० बजेको समयमासँगै घर फर्कँदै गरेकोमा श्रीमतीले रक्सी खान नछोडेको भन्ने विषयमा दुवै जनाबिच झगडा परेको देखिन्छ। न्वारनबाट सँगै फर्कनु अघिसम्म निजहरूबिच मर्ने मार्ने प्रकारको पूर्व रिसइवी रहेको भन्ने पनि देखिँदैन। आपसमा झगडा गरी मुक्का हानी धकेलिदिएकोमा रूखको ठुट्टामा ठोक्किन गई लाग्न गएको थप चोटको पिरले निर्मला दमाईँको मृत्यु भएको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध रहेको र यसै अनुरूप यी प्रतिवादीलाई सजाय गरिएको त्रुटिपूर्ण रहेको भन्ने प्रतिवादीको जिकिर स्थापित हुन नआउने।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा पुनरावेदक प्रतिवादी लट्टे भन्ने आइते दमाईँले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको देखिएबाट निज प्रतिवादीलाई सोही १४ नं. बमोजिम दश वर्ष कैद हुने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७३।१२।१० मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।०६।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम्।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७२-WO-०४३५, उत्प्रेषणयुक्त परमादेशसमेत, रूपक खड्का वि. अफसेट प्रिन्ट्रर्स एण्ड ट्रेडर्स प्रा.लि. काठमाडौंसमेत*

गलत वतनमा म्याद तामेल गरिएको भनी निवेदकले जिकिर लिएका मुद्दा यिनै निवेदकसमेत सेयर होल्डर रही सञ्चालित काठमाडौं अफसेट प्रिन्टर्स एन्ड ट्रेडर्स प्रा.लि.का नाममा तत्कालीन बैंक अफ एसिया नेपाल हालको एन.आई.सी. एसिया बैंकबाट ऋण लिँदा निवेदकका नाममा दर्ता स्रेस्ता कायम रहेका उपर्युक्त कि.नं. १००६ र ९४५ का जग्गाहरू र.नं.२१४३ मार्फत मिति २०६७।११।३ मा र कि.नं. १२४० को र.नं. ३७८१ख मार्फत मिति २०६७।११।६ मा दृष्टिबन्धक कागज र.पा. गरी बैंकबाट कर्जा लिएको र उक्त कर्जा नतिरे नबुझाएपछि यिनै निवेदक जमानी बसेको धितो सुरक्षणमा रहेका उपर्युक्त कित्ता जग्गाहरू बैंकका तर्फबाट लिलामी प्रक्रियामा लगी मिति २०६९।५।१ गतेको निर्णयानुसार बैंक अफ एसिया नेपालका नाममा दाखिल खारेज भएको देखिन

आयो भने उक्त जग्गा सुरूमा बैंक आफैँले सकार गरी धर्मभक्त श्रेष्ठ, रत्नकृष्ण कवे हुँदै कमला बस्नेतका नाममा हक हस्तान्तरण हुँदै गएको देखिने।

धितो सुरक्षण लिखत गर्दा हाम्रो मन्जुरी नलिई हाम्रो हक मेट्ने कार्य गरेको भनी निवेदक विरूद्ध विमला खड्कासमेतले सुरू भक्तपुर जिल्ला अदालतमा दायर गरेका ३ थान मुद्दाको म्याद तामेल गर्दा गलत वतनमा तामेल गरी आफूलाई सुनुवाइको मौका नदिएको भनी यस अदालतमा निवेदकले मिति २०७२।९।१३ मा प्रस्तुत रिट निवेदन दर्ता गराएकोमा रिट निवेदन दर्ता भइसकेपछि सुरू भक्तपुर जिल्ला अदालतमा निवेदककै तर्फबाट लिलाम बदर मुद्दा दायर भएको भनी बहसका क्रममा विद्वान् अधिवक्ताहरू मार्फत इजलासलाई जानकारी हुन आएको।

नेपालको संविधानको धारा १३३ (२) अनुसार संविधान प्रदत्त *मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा* यस्तो विषयको उपचारका निम्ति सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग हुने संवैधानिक व्यवस्था रहेको देखिन्छ। प्रस्तुत निवेदनमार्फत निवेदकले उठाएको विषय मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम तामेल हुनुपर्ने म्याद रीतपूर्वक तामेल नभएकोले प्रतिवाद गर्ने मौका नपाएको भन्ने देखिन्छ। म्याद रीतपूर्वक तामेल नभएको विषयमा पनि सोही ऐनअन्तर्गत नै उपचार खोज्न सकिने व्यवस्था पनि ऐनमा गरिएको छ। यस्तो अवस्थामा यी निवेदकले उठाएको विषय पनि अदालतको साधारण अधिकारक्षेत्रबाटै उपचार पाउने विषय भएको र हाल साधारण अधिकार क्षेत्रअन्तर्गत नै सुरू अदालतमा निवेदककै तर्फबाट लिलाम बदर मुद्दा दायर भइसकेको अवस्थामा यी निवेदक विरूद्ध जारी भएका इतलायनामा म्याद तामेल गर्दा मुलुकी ऐन, अ.बं. ११० नं. को प्रक्रिया पुगे नपुगेको भन्ने सम्बन्धमा पनि सोही मुद्दाबाटै प्रमाणको मूल्याङ्कन गरी निर्णय हुने नै हुँदा प्रस्तुत रिट निवेदनमार्फत केही बोलिरहन पर्ने नदेखिने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा निवेदकले जिकिर लिएको विषय अदालतको साधारण अधिकार क्षेत्र अन्तर्गतको विषय भएको र यसैअन्तर्गत सुरू अदालतमा निवेदककै तर्फबाट लिलाम बदर मुद्दासमेत परिसकेको भन्ने देखिँदा निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७५ साल फागुन २७ गते रोज २ शुभम्।**

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-RC-०१६९, कर्तव्य ज्यान, नेपाल सरकार वि. सरस्वती तामाङ*

प्रतिवादीउपर परेको किटानी जाहेरी र जाहेरवालाको बकपत्र, प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयान, घटनास्थल लासजाँच मुचुल्का र मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीका साक्षी एवं मौकामा बुझिएका मानिसहरूको कथनलगायतका मिसिल संलग्न आधार प्रमाणबाट वारदात घटेको समयमा प्रतिवादी र निजका पति मृतक सुमन तामाङको बिच भनाभन र हातपातको स्थिति सिर्जना भई प्रतिवादीले तरकारी काटिरहेको चक्कुले मृतकलाई प्रहार गर्दा मृतकको दायाँ कानमुनि लाग्न गई सोही चोटपिरका कारणबाट मृतकको मृत्यु भएको देखिएको अवस्थामा यी प्रतिवादी सरस्वती तामाङलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिसिल प्रमाणको मूल्याङ्कनको रोहबाट मनासिब

नै देखिँदा सदर हुने देखिए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) मा «कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन» भनी उल्लेख भएको र उक्त संहिता मिति २०७५।५।१ गतेबाट लागु भइसकेको हुँदा निज प्रतिवादी सरस्वती तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) बमोजिम सर्वस्व नहुने भएकोले जन्मकैदको मात्र सजाय हुने गरी साधक सदर हुने।

प्रतिवादी सरस्वती तामाङलाई सुरू जिल्ला अदालतबाट साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ६ वर्ष कैद गर्ने गरी व्यक्त गरेको राय सदर हुने भन्ने उच्च अदालत पाटनको राय सम्बन्धमा विचार गर्दा, मृतक र प्रतिवादी पति पत्नी नाताका व्यक्ति भएको देखिन्छ। मृतक सुमन तामाङले विवाह भएको केही समयपछि देखि नै मादक पदार्थ सेवन गरी यी प्रतिवादीलाई कुटपिटसमेत गर्ने गरेको र केही समय निज मृतक सुमन तामाङलाई सुधार केन्द्रमा राखेको भन्ने पनि प्रतिवादीको भनाइबाट देखिन्छ। मृतकले मादक पदार्थ सेवन गरी प्रतिवादीसँग झैझगडा गर्ने गरेको भन्ने तथ्य मौकामा बुझिएका घरबेटी मुक्ति मानन्धर र जाहेरवालाको बकपत्रसमेतबाट पुष्टि भएको अवस्था छ। यसबाट यी प्रतिवादी सरस्वती तामाङ मृतकको मादक पदार्थ सेवन गरी झगडा र कुटपिट गर्ने बानी बेहोराको कारण प्रताडित हुँदै आएको भन्ने देखिन्छ। उक्त वारदातको दिन पनि प्रतिवादीले भान्छाको काम गरिरहेको अवस्थामा मृतकले सदाझैं मादक पदार्थ सेवन गरेर आई प्रतिवादीलाई हातपात गर्न लागेको अवस्थामा प्रतिवादीले पनि तरकारी काटिरहेको चक्कुले प्रहार गर्दा मृतकको मृत्यु भएको देखिन आयो। यी प्रतिवादीले मृतकलाई मार्नैपर्छ भनी पूर्व योजना बनाएको नदेखिएको, मृतक पतिले मादक पदार्थ सेवन गरी हातपात लछारपछार गरी थप्पडसमेत हानेको अवस्थामा तत्कालै प्रतिवादीले तरकारी काट्न हातमा समातेको चक्कुले प्रहार गर्दा मृतकलाई चोट लाग्न गई सोही चोटका कारणले मृत्यु भएको हो भनी बयान गरेको देखिने।

अपराध हुँदाको परिस्थिति, प्रतिवादीले पहिलेदेखि नै आफ्नो पतिलाई मार्नुपर्नेसम्मको रिसइवी राखी योजना बनाएको नदेखिएको, मृतकले नै मादक पदार्थ सेवन गरी घरमा आई पहिले प्रतिवादीलाई थप्पड हान्दा भान्छामा तरकारी काटिरहेकी यी प्रतिवादीले प्रहार गरेको चक्कुले मृतकलाई लाग्न गएको कारणबाट मृत्यु हुन गएको देखिएकोसमेतका आधारमा यी प्रतिवादीलाई ऐनबमोजिम जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिई निज प्रतिवादीलाई ६ (छ) वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने भनी साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निज प्रतिवादी सरस्वती तामाङलाई ६ (छ) वर्ष कैद सजाय गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट व्यक्त गरेको राय सदर हुने भन्ने उच्च अदालत पाटनको फैसलामा व्यक्त राय मनासिब नै देखिएकोले उक्त रायसमेत सदर हुने।

अतः प्रतिवादी सरस्वती तामाङलाई ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७४।५।३ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने देखिए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) बमोजिम सर्वस्व नहुने भएकोले निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने गरी साधक सदर हुने ठहर्छ। साथै साबिक मुलुकी ऐन, अ. ब. १८८ नं. बमोजिम प्रतिवादी सरस्वती तामाङलाई ६ (छ) वर्ष कैद सजाय गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट व्यक्त गरेको राय

सदर हुने भन्ने उच्च अदालत पाटनको फैसलामा व्यक्त राय मनासिब नै देखिएकोले उक्त रायसमेत सदर हुने ।

इजलास अधिकृत (उपसचिव):- तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल श्रावण १९ गते रोज २ शुभम् ।**

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७४-CR-१०६०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. त्रिवेन्द्रकुमार ठाकुर

जाहेरवालाले यी प्रतिवादी त्रिवेन्द्रकुमार ठाकुरले हामी जाहेरवालालाई रेस्टुरेन्टमा काम लगाउने गरी वैदेशिक रोजगारमा जापानमा पठाइदिन्छु भनी रू.७,९०,०००।- रकम बुझेपछि निज प्रतिवादी सम्पर्कविहीन भई फरार भएकोले निजलाई पक्राउ गरी आवश्यक कारबाही गरिपाउँ भनी जाहेरी दिएको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा जाहेरी बेहोरा स्वीकार गरी बयान गरे तापनि न्यायाधिकरणसमक्ष गरेको बयानमा निज जाहेरवालाहरूले आफ्नो खातामा रकम जम्मा गराएको कुरा स्वीकार गरे पनि निजहरूलाई वैदेशिक रोजगरीमा जापान पठाइदिन्छु भनी रकम नलीई निजहरूसँग मसमेत सँगै बस्ने र निजहरूको बैंक खाता नभएको कारणबाट मेरो बैंक खातामा पैसा मगाएका हुन् । सो पैसा मैले निजहरूलाई दिइसकेको छु । मसँग अनुज श्रेष्ठको झगडा भएकोले निजहरूले अनुजको पक्ष लिई मसँग रिसइवी राखी जाहेरी दिएको भनी आफ्नो बयानमा लेखाएको देखिन्छ । प्रतिवादीले जाहेरवालामध्ये श्याम कुमार क्षेत्रीबाट रू.२,०५,०००।- रूपैयाँ घर खर्चबापत लिएको भनी बयान गरेको र आफूले वैदेशिक रोजगारीमा मानिस पठाउनको लागि संस्था समेत दर्ता नगरेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवालाहरूले किटानी जाहेरी दिए तापनि निजहरूले अदालतमा आई बकपत्र गरेको पाइँदैन । यसरी पीडित जाहेरवालाहरूले अदालतमा आई आफ्नो भनाइसमेत राखेको नपाइएबाट निजहरूको जाहेरी बेहोरा विश्वासयोग्य नदेखिने ।

प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा बयानको क्रममा आफू र जाहेरवालाहरू सँगै बस्ने गरेको निजहरूको बैँक खाता नभएको कारणले मेरो बैँक खातामा पैसा जम्मा गरेका हुन् । सो पैसा निजहरूलाई दिइसकेको भनी बयान गरेको र पीडित भनिएका जाहेरवालाहरूले जाहेरी साथ पेस गरेको बैँक भौचरबाहेक अन्य लिखत पेस गर्न नसकेको र अदालतमा आई बकपत्रसमेत नगरिदिएबाट यी प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानलाई अन्यथा मान्नुपर्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा माथि उल्लिखित तथ्यका आधारमा वादीले आफ्नो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न नसकेको हुँदा यी प्रतिवादी त्रिवेन्द्र कुमार ठाकुरलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । यस अवस्थामा वैदेशिक रोजगारी ठगी जस्तो गम्भीर फौजदारी अपराधमा शङ्का र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी त्रिवेन्द्र कुमार ठाकुरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालालाई हर्जानासहितको बिगो रकम दिलाइपाउँ भन्ने आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।३।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी

**इति संवत् २०७७ साल जेष्ठ २३ गते रोज ६ शुभम् ।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-१५३८, जबरजस्ती करणी, देवबहादुर सुनार वि. नेपाल सरकार*

वारदात स्थलमा तत्काल पुगी पीडितको उद्धार गर्ने पीडितको हजुरआमा सङ्केत ६६ संगमबस्ती-३ ले गरेको घटना विवरण कागज हेर्दा पीडितलाई खोज्दै जाँदा पीडित संगमबस्ती-२ रोए कराएको सुनी आवाज आएतर्फ जाँदा प्रतिवादीले हामीलाई देखी पीडितलाई बोकी बाटोतर्फ ल्याई छोडी भाग्न खोजेको हुँदा मैले हारगुहार गर्दा छिमेकीले समाती प्रहरी बोलाई बुझाएको हो । पीडित नातिनीलाई हेर्दा गुप्ताङ्गमा रगत बगेको कपडामा हिलो लागेको सोध्दा प्रतिवादीले जबरजस्ती करणी गरेको बताएकी हुन् भनी घटना विवरण खुलाइदिएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडित बालिकाको योनि रातो भएको र कन्या जाली च्यातिएको, निजले लगाएको लुगा कपडामा माटो लागेको र च्यातिएको पाइयो भन्ने देखिन्छ । जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको मिति २०७०।७।३ च.नं. ५४८ को पत्रबाट पीडित सङ्केत नं.६६ संगमबस्ती-२ को उमेर ४ वर्ष रहेको बेहोरा खुली आएको देखिन्छ । यस अवस्थामा पीडित नाबालिका केवल ४ वर्षको उमेरकी भएकी र निजको यौनाङ्ग करणीजन्य क्रियाका लागि विकसित भई नसकेको अवस्थामा प्रतिवादीबाट निजलाई करणी हुँदा निजलाई पीडा भएको तथ्य पीडितको भनाइबाट देखिएकै छ । प्रतिवादीको लिङ्गको केही भाग मात्र पीडितको योनिमा प्रवेश भएको कारण कन्याजाली च्यातिएको योनिको भित्री अंग विच्छेद भई पीडितको योनिबाट रगत बगेको भन्ने नै मान्नुपर्ने हुन आउने ।

पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने । यस्तो अवस्थाका अबोध बालिकाले अदालतमा समेत उपस्थित भई गरेको बकपत्रबाट पीडितउपर नै सो आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने ।" भन्नेसमेत सिद्धान्त प्रतिपादित भएको देखिन्छ । मावली हजुरबुबा र हजुरआमाको संरक्षणमा रहेकी ४ वर्षकी अबोध बालिकाले अदालतसमक्ष उपस्थित भई आफूउपर प्रतिवादीले गरेको अन्याय (यौन हिंसा) को विवरण खुलाइदिएको अवस्थालाई सर्वोत्तम प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । पीडित सङ्केत ६६ संगमबस्ती-२ को बेहोरा पुष्टि भई निजउपर मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को स्पष्टीकरण (ग) (घ) द्वारा परिभाषित गरिएबमोजिम मुख र योनिमा जबरजस्ती करणी भएको भन्ने अवस्था देखिने ।

करणीजन्य अवस्थाको विद्यमानता भई प्रतिवादीउपर आरोपित कसुरमा पीडितको संरक्षक हजुरबुबाले दिएको जाहेरीलाई प्रतिवादीले जिकिर लिएअनुसार सुनेको आधारमा दिएको जाहेरी विश्वसनीय नहुने भनी भन्न मिल्ने देखिँदैन । यसका अतिरिक्त कुनै पनि संरक्षकले आफ्नो संरक्षणमा रहेको छोरीको सामाजिक इज्जत, सम्मान र प्रतिष्ठामा आँच आउने गरी जबरजस्ती करणी जस्तो जघन्य अपराधमा झुट्टा जाहेरी दिएको भनी अनुमान लगाउनु सर्वथा न्यायोचित नहुने हुँदा जाहेरीका सम्बन्धमा प्रतिवादी / पुनरावेदकले व्यक्त गरेको कुरा न्यायोचित र औचित्यपूर्ण नभई अपराधपछि सजायबाट बच्न व्यक्त गरेको दूषित विचार मात्र मान्नुपर्ने देखियो । यसै सम्बन्धमा ने.का.प. २०६५, अङ्क १, नि.नं. ७९२३ मा प्रतिपादित सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षण हुने नै देखिन आयो । अतः प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत नेपालगन्ज इजलासबाट भएको फैसलालाई अन्यथा मान्न सकिएन । प्रतिवादीको पुनरावेदन जिकिरसँग

समेत सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ३ (१) नं बमोजिम कसुर गरेकोले सोही ३ (१) नं. बमोजिम प्रतिवादीलाई १५ (पन्ध्र) वर्ष कैद हुने र प्रतिवादीबाट पीडितलाई रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराइदिने भनी सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट मिति २०७५।२।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल असार २५ गते रोज ५ शुभम्।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-२५२२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. गोपाल श्रेष्ठ*

जाहेरवालाले प्रतिवादी गोपाल श्रेष्ठले जाहेरवालालाई ५ महिनाभित्र वैदेशिक रोजगारमा जापानमा पठाइदिन्छु भनी रू.७,००,०००।- रकम बुझेपछि निज प्रतिवादीले वैदेशिक रोजगारमा पनि नपठाएको र २० महिनासम्म पैसा पनि फिर्ता नगरेकोले निजलाई पक्राउ गरी आवश्यक कारबाही गरिपाउँ भनी जाहेरी दिएको देखिन्छ। प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा जाहेरी बेहोरामा उल्लेख भएको रकम लिएको कुरा स्वीकार गरेको तर उक्त रकम सो जाहेरीको बेहोरामा उल्लेख भएको बेहोराले नलिई सापटको रूपमा लिएको भनी स्वीकार गरेको देखिन्छ। यी प्रतिवादीले सो रकम प्रस्तुत मुद्दाको वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोजन गर्नुपूर्व मिति २०७४।५।२३ मा वैदेशिक रोजगार विभागमा रू.१०,५०,०००।- जाहेरवालालाई बुझाएको मिसिल संलग्न वैदेशिक रोजगार न्यायाधिकरणको सोही मितिको निर्णय पर्चाबाट समेत देखिन्छ। वैदेशिक रोजगार न्यायाधिकरणको बयानमा पनि यी प्रतिवादी आरोपित कसुरमा इन्कार रही सो पैसा जाहेरवालाको बहिनी भन्ने सुमित्रा वाग्लेसँग घरायासी कार्यको लागि लेनदेन कारोबार भइरहने र सोही सिलसिलामा म नवलपरासी हुँदा जग्गा खरिद गर्ने प्रयोजनको लागि सुमित्रा वाग्लेसँग पैसा माग गरेकोमा निजले यी जाहेरवालामार्फत पठाएको रकम मैले लिएको हो वैदेशिक रोजगारीको लागि भनेर रकम लिएको हैन भनी बयान गरेको देखिने।

प्रस्तुत प्रकृतिका फौजदारी अपराधमा कठोर फौजदारी दायित्व बहन गर्नु नपर्ने भएकाले मिलापत्रसमेत गर्न सकिने कोटीको फौजदारी कसुर कायम गरेको देखिन्छ। सो कुरा समेतलाई मनन गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवाला पीडितलाई वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोजन दर्ता हुनुपूर्व नै अर्थात् मिति २०७४।५।२३ मा पीडितले जाहेरीमा दाबी गरेजति रकम नै दिइसकेको अवस्था विद्यमान रहेबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दाको जाहेरी दरखास्तमा यी प्रतिवादीले वैदेशिक रोजगारीमा जापान पठाउन भनी के कस्तो झुटो आश्वासन दिई प्रलोभन देखाएका थिए भन्ने पनि खुलेको देखिँदैन। साथै रकम पठाएको आई.एम.ई. रसिदमा के प्रयोजनका लागी रकम पठाएको हो सो खुलेको देखिँदैन। यस्तो अवस्थामा यी प्रतिवादीले जाहेरवालाबाट निजलाई वैदेशिक रोजगारमा जापान पठाउन नै भनी विश्वास दिलाई रकम लिएका हुन् भन्ने तथ्य शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानलाई अन्यथा मान्नुपर्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५

मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा माथि उल्लिखित तथ्यका आधारमा वादीले आफ्नो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न नसकेको हुँदा यी प्रतिवादी गोपाल श्रेष्ठलाई अभियोग मागदाबीबाट सफाइ दिनेगरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । यस अवस्थामा वैदेशिक रोजगारी ठगी जस्तो गम्भीर फौजदारी अपराधमा शङ्का र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी गोपाल श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।७।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नवराज जोशी
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल जेष्ठ २३ गते रोज ६ शुभम् ।**

- यसै प्रकृतिको ०७५-CR-२५६९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. होमनाथ शर्मा भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CR-१२२५, बलात्कारपछि कर्तव्य ज्यान, नेपाल सरकार वि. हरि लम्साल*

प्रतिवादी हरि लम्सालले गायत्री लम्साललाई जबरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी दर्खास्त, सो बेहोरालाई पुष्टि गरी जाहेरवालाले गरेको बकपत्र, गायत्री लम्साललाई जबरजस्ती करणी गरेको देखिन्छ तर सोबाटै मृत्यु भएको भनी भन्न नसकिने भनी चिकित्सकको बोर्डको राय, पीडितले मलाई दादा हरि लम्सालले जबरजस्ती करणी गरी यो अवस्थामा पुऱ्याए भनी भनेको भनी माया गिरीले अदालतमा उपस्थित भई गरेको बकपत्र, पीडित मृतकलाई मृगीरोगले सताइरहेको थियो भन्ने जाहेरी दरखास्तमा उल्लेख भएको देखिएकोसमेत आधार प्रमाणबाट प्रतिवादी हरि लम्सालले गायत्री लम्साललाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएकोले निजलाई मुलुकी ऐन जबरजस्ती करणीको ३ (३) नं. बमोजिम ६ (छ) वर्ष कैद सजाय हुने र प्रतिवादीउपरको कर्तव्य ज्यानतर्फको कसुरबाट सफाइ पाउनेगरी भएको हदसम्म पुनरावेदन अदालत नेपालगन्जको फैसला अन्यथा देखिएन । जबरजस्ती करणीको कसुर कायम गरी सजाय गरेको तर क्षतिपूर्ति नभराएको हदसम्म उक्त फैसला मिलेको नदेखिने ।

तसर्थ, प्रतिवादी हरि लम्साललाई सफाइ दिई बाँके जिल्ला अदालतबाट मिति २०६९/२/४ मा भएको फैसला केही उल्टी भई कर्तव्य ज्यानतर्फ सफाइ पाउने र प्रतिवादी हरि लम्साललाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३ (३) नं. बमोजिम ६ (छ) वर्ष कैद हुनेगरी भएको पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।७।११ मा भएको फैसला सो हदसम्म सदर भई क्षतिपूर्ति नभराएको हकमा केही उल्टी भई कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको देखिँदा निजमा आश्रित भए निजहरूले प्रतिवादीबाट रू.२५०००।– (पच्चिस हजार रूपैयाँ) क्षतिपूर्ति पाउने ।

इजलास अधिकृत (उपसचिव) - राजकुमार दाहाल
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम् ।**

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-१३४७, जबरजस्ती करणी, साहिँला दाइ भन्ने दीपक गुरूङ वि.नेपाल सरकार*

जबरजस्ती करणीको कसुर स्थापित हुनका लागि प्रतिवादीमा जबरजस्ती करणी गर्ने मनसाय रहेको, जबरजस्ती करणी गर्ने कार्य भएको तर करणी गर्ने कार्यमा पीडितको मन्जुरी नभएको अवस्थालाई मुख्य तत्त्वका रूपमा लिने गरिन्छ । प्रस्तुत मुद्दामा उपर्युक्त सबै तत्त्वको विद्यमानता देखिन्छ भने जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हुने र अर्को कडी पीडितको शारीरिक परीक्षण हुनेमा उपर्युक्त दुवै कडीले पनि निर्विवाद रूपमा जबरजस्ती करणीको वारदात भएको कुरालाई पुष्टि गरिरहेको अवस्था छ । पीडित तथा जाहेरवालाले चिकित्सकसँग र अदालतमा फरक बेहोरा लेखाएको भनी पुनरावेदकले जिकिर लिए पनि दुवै भनाइमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकै कुरालाई व्यक्त गरेको अवस्थामा अन्यथा लिइरहन पर्ने देखिँदैन । यस्तो अवस्थामा पीडितले अनुसन्धानका क्रममा घाउचोट भएको नभनेको, पीडितको कन्याजाली नच्यातिएको भन्ने जस्ता सामान्य आधारले मात्र यी प्रतिवादीले प्रस्तुत मुद्दामा आरोपित कसुरबाट उन्मुक्ति नपाउने ।

प्रतिवादी साहिँला दाइ भनिने दीपक गुरूङले पीडित दमौली १७ उपर जबरजस्ती करणीको कसुर गरेको ठहर गरी प्रतिवादीलाई साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ (१) नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भरी पाउने ठहऱ्याई सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७४।५।२१ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७५।२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल आषाढ १४ गते रोज १ शुभम्।**

## इजलास नं.२

१२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CR-०३२३, जबरजस्ती करणी, विक्रम गिरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी विक्रम गिरीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मसमेतका ९ जना प्रतिवादीहरू देउसी भैलो हेरिरहेको समयमा वमविर गिरीले फोनमार्फत उसले चिनेका केटी बोलाई केही अगाडि गई २ जना केटीलाई लिई आएका थिए । त्यसपछि वमविर गिरी, मुकेस मरासिनी र २ जना केटीहरू भई घटनास्थलमा गएका हुन् । पछि अरू ६ जना प्रतिवादीहरू पनि घटनास्थलतर्फ लागे । म निजहरूलाई छाडी पिसाब फेर्न पछाडि बसेको र पछि निजहरूलाई नदेखी हाइवेतर्फ जान लागेको अवस्थामा छोड छोड भन्ने महिलाको आवाज आएको र घटनास्थलतर्फ मानिसहरू दौडेको देखी म घटनास्थलतर्फ आउन लाग्दा प्रहरीले पक्राउ गरेको हो, मैले जबरजस्ती करणी गरेको होइन भनी आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ भने अदालतसमक्ष समेत सोही बेहोरालाई समर्थन हुने गरी मिति २०६९।७।३० गतेका दिन साँझको समयमा भैलो हेर्न चन्द्रौटादेखि पश्चिमतिर जाँदै गर्दा फकुरी स्कुलनेर आइपुग्दा चिच्च्याएको आवाज आयो र हो-हल्ला एवं पुलिसको भिडभाड थियो, त्यहीँबाट प्रहरीले मलाई पक्राउ गरी लिएर आएको हो । म जाहेरवालीलाई चिन्दिनँ । मैले जबरजस्ती करणी गरेको पनि होइन, जाहेरी बेहोरा झुठ्ठा हो भनी बयान गरेको देखिने ।

अर्का प्रतिवादी सुशिल थापाले अधिकारप्राप्त अधिकारीसमक्ष वमविर गिरीले गंगालाई क्रमशः प्रदिप भुषाल, चन्द्र आचार्य र सन्तोष सापकोटाले करणी गरेका र मुकेस मरासिनीले करणी गरेकी जमुनालाई क्रमशः म, निरज कुँवर र तिलक कार्कीले करणी गरेको तर विक्रम गिरीले करणी गरे नगरेको यकिन भएन । त्यसपछि गंगाले हारगुहार गरेको हुँदा छिमेकीले बत्ती बाल्न थालेकोले हामीहरू भागी गएका हौं भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ । यी प्रतिवादी सुशिल थापाले पीडितहरूलाई करणी गर्ने कार्यमा पुनरावेदक प्रतिवादी विक्रम गिरीले पनि मद्दत पुऱ्याएको वा यो यस्तो कार्य गरेको भनी निजउपर कुनै पोल गरेको नदेखिने ।

पीडित परिवर्तित नाम जमुनाले सुरू अदालतमा तिहारको टिका साँझपख वमविर गिरीले मेरो मोबाइलमा फोन गरी भैलो खेल्न जाउँ भने पछि फकुरी बोर्डिङ स्कुलमा वमविर र साथमा मुकेस पनि पुगे, पछि वमविर र दिदीले साइडमा कुरा गरिरहेका थिए, म र मुकेस अर्को साइडमा कुरा गरिरहेका थियौं । एक छिनपछि मुकेसले मलाई समात्यो तर केही गरेन । एक्कासी सुशिल आई मलाई पल्टायो र जबरजस्ती करणी गरेको हो । त्यसका अरू साथीहरू वरपर रहेछन् । दिदी पुलिस बोलाउन गएकी र पुलिस आएपछि सुशिल भागेको हो । मलाई सुशिलले मात्र जबरजस्ती करणी गरेको हो, अरू कसैले होइन भनी बकपत्र गरेको देखिन्छ । पीडित जमुनाले अदालतमा बकपत्र गर्दासमेत करणीमा यी प्रतिवादी विक्रम गिरीको पनि यो यस्तो संलग्नता रहेको भनी भन्न सकेको नपाइने ।

मिति २०६९ साल कार्तिक ३० गते दिपावली भएको हुँदा यी प्रतिवादी विक्रम गिरी र मसमेतले बजारमा भैलो कार्यक्रम हेरी फर्कदा मेरो साथमा रहेका विक्रम गिरीलाई र अन्य ३/४ जना केटासमेतलाई शसस्त्र र जनपदका प्रहरीले पक्राउ गरेका हुन् । निज निर्दोष हुँदा सफाइ पाउनुपर्छ भनी प्रतिवादी विक्रम गिरीका साक्षी सुवास जयसवालले निज प्रतिवादीको जिकिर पुष्टि हुने गरी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ भने मौकामा कागज गर्ने चुमा विष्टले सुरू अदालतमा मिति २०६९।८।१५ कागजको बेहोरा र सहीछाप मेरै हो । साक्षी बस्नु पर्छ भनी सहीसम्म गराएका हुन् । केटीहरू कराउँदै सशस्त्र चेकपोस्टमा गई प्रहरी लिएर जाँदा केटाहरू भागी सकेका थिए । केटाहरूको नाम र कसले के गरे नगरेको मलाई थाहा भएन भनी सुरू अदालतमा बकपत्रसमेत गरेको देखिने ।

पुनरावेदक र मूल प्रतिवादी सुशिल थापाबिच पीडितलाई जबरजस्ती करणी गर्ने सम्बन्धमा कुनै कुरा वा सरसल्लाह भएको वा प्रतिवादी सुशिल थापाले पीडितलाई जबरजस्ती गर्न जान लागेको भन्ने कुराको पूर्व जानकारी निजलाई भएको र सुशिल थापाले पीडितलाई जबरजस्ती करणी गर्दा पीडितलाई समातेको वा अरू कुनै कार्य गरी जबरजस्ती करणी गर्नको लागि मद्दत गरेको भन्ने तथ्य पुष्टि हुन आएको देखिएन । पुनरावेदन अदालत बुटवलको फैसलामा समेत पुनरावेदकले सुशिल थापालाई जबरजस्ती करणीको वारदात घटाउनमा के कस्तो मद्दत गरी सो कार्य गर्नमा सुगम पारी दिएको हो सो प्रमाणको विवेचना गरेकोसमेत नदेखिने ।

प्रतिवादीमध्येका सुशिल थापाले जमुनालाई जबरजस्ती करणी गर्दा पुनरावेदक प्रतिवादी विक्रम गिरी हुल गरी निजको संगसाथमा गई जबरजस्ती करणी गर्ने कार्यमा सहयोग गरेको तथ्य पुष्टि हुन आएको नदेखिँदा केवल वारदातस्थल नजिक पुनरावेदक प्रतिवादी पक्राउ परेको भनी शङ्काको आधारमा मात्र निज प्रतिवादी विक्रम गिरीलाई जबरजस्ती करणीको महलको ४ नं. बमोजिम ५ (पाँच) महिना कैद हुने गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७०।११।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई

पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।११।०४ मा भएको फैसला मिलेको देखिन नआउने।

अत: प्रतिवादी विक्रम गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिम ५ (पाँच) महिना कैद सजाय ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७०।११।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।११।०४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक / प्रतिवादी विक्रम गिरीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: ध्रुवबहादुर कुँवर

**इति संवत् २०७६ साल पौष ११ गते रोज ६ शुभम्।**

**१३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-WH-०२७०, बन्दीप्रत्यक्षीकरण, अम्बिका थापा वि. महानगरीय प्रहरी वृत्त, कालिमाटीसमेत*

निवेदक ताराबहादुर कटुवाललाई मिति २०७६।१०।२१ गतेका दिन काठमाडौं कलंकीबाट पक्राउ गरी महानगरीय प्रहरी वृत्त, कालिमाटीको हिरासतमा राखिएको भन्ने मिसिल संलग्न निवेदन तथा लिखित जवाफबाट देखिन आएको छ। निवेदकले सर्वसाधारण र प्रहरी कर्मचारीमाथि के कस्तो कार्य गरेर शान्ति भंग गरी अभद्र व्यवहार गरेका हुन् तथा निजलाई थुनामा नै राखेर अनुसन्धान गर्नुपर्ने मनासिब कारण के हो भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएन। निवेदकको निवेदन बेहोराबाट निज हेभी इक्विपमेन्ट व्यवसायी महासंघका सचिव पदमा रही स्वरोजगार व्यवसाय सञ्चालन गर्दै आएको व्यावसायिक व्यक्ति देखिन्छन्। कुनै पनि व्यक्तिलाई फरक विचार र आस्था राख्न पाउने अधिकार संविधानले नै प्रदान गरेको पाइन्छ। थुनामा राखेरै अनुसन्धान गर्नुपर्ने मनासिब आधार विना निवेदकलाई पक्राउ गरी थुनामा राखेको देखिँदा सो कार्य फरक राजनीतिक दृष्टिकोण र पूर्वाग्रहका कारण प्रवृत्त भावनाबाट भए गरेको शङ्का उत्पन्न हुनु स्वाभाविक देखिने।

कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। अपराध नियन्त्रण गरी समाजमा शान्ति, व्यवस्था र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो। यसका लागि न्यायिक प्रक्रिया अप्नाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ। तर थुनामा राख्नुपर्ने औचित्य के हो सोसमेत पुष्टि हुन सक्नु पर्दछ। बिना औचित्य कसैको पनि मौलिक हकउपर बन्देज लगाइन्छ भने त्यो सरासर प्रवृत्त भावना राखेर गरेको कार्य हुने।

बन्दीप्रत्यक्षीकरणको रिट व्यक्तिको अत्यन्त संवेदनशील एवं महत्त्व राख्ने वैयक्तिक स्वतन्त्रताको हकसँग सम्बन्धित छ र त्यस्तो स्वतन्त्रताको संरक्षण गर्ने यो एक शक्तिशाली उपाय हो। व्यक्तिको वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारको संरक्षणको लागि गैरकानूनी रूपमा बन्दी बनाइएका व्यक्तिलाई थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिन्छ। कुनै व्यक्तिलाई गैरकानूनी रुपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य हुने।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) मा ***बदनियत, प्रवृत्त भावना लिई, कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखिएको देखिएमा र (ख) मा प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण***

***मनासिब नदेखिएमा*** अदालतले बन्दीलाई छोड्न आदेश दिन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत सन्दर्भमा निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको उचित एवं प्रर्याप्त आधार र कारण विपक्षीहरूले पेस गरेको लिखित जवाफ तथा मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । तसर्थ यी निवेदकलाई पक्राउ तथा म्याद थपसम्बन्धी कार्यहरू पूर्वाग्रह तथा प्रवृत्त भावना राखी भएको होइन भनी विश्वास गर्नुपर्ने अवस्था देखिएन । राज्यका हरेक निकायका काम कारबाही संविधान, कानून एवम् न्यायिक मूल्य मान्यताअनुकूल हुनुपर्दछ । राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्नु हुँदैन । कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत हुनुपर्दछ । थुनामा राख्नै नपर्ने अवस्थामा थुनामा राखी अनुसन्धान प्रारम्भ गर्ने जस्तो कार्य नेपालको संविधान तथा प्रचलित फौजदारी कार्यविधि संहिता,२०७४ मा व्यवस्थित प्रावधानको भावना र मर्म प्रतिकूल देखिने ।

अतः निवेदक ताराबहादुर कटुवाललाई प्रवृत्त भावना राखी पक्राउ गरी गैरकानूनीरूपमा थुनामा राखिएको देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) का आधारमा निजलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: उषा श्रेष्ठ

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७६ साल फागुन ११ गते रोज १ शुभम् ।**

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१३०१, बन्दीप्रत्यक्षीकरण, वर्षा बस्नेत वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत*

मैले हालसम्म लागु औषध (गाँजा) सेवन, बिक्री विवतरण तथा कारोबारसमेतका कुनैपनि कसुरजन्य कार्य गरेको छैन । मेरो नाम दिनेशकुमार बस्नेत हो । मेरो बोलाउने नामसमेत कुमार बस्नेत होइन । अर्कै कुमार बस्नेत नाउँको व्यक्तिउपर चलेको लागु औषध (गाँजा) मुद्दामा मकवानपुर जिल्ला अदालतबाट भएको फैसलाबमोजिम लागेको कैद र जरिवाना असुल गर्ने क्रममा उक्त मुद्दासँग असम्बन्धित नाम नमिल्ने म दिनेशकुमार बस्नेतलाई बिना आधार, कारण पक्राउ गरी गैरकानूनी रूपमा थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन दाबी र नेपाल सरकार विरूद्ध कुमार बस्नेतसमेत भएको लागु औषध (गाँजा) मुद्दामा प्रतिवादी कुमार बस्नेतलाई २ वर्ष कैद र रू.११,१००।- जरिवाना हुने ठहर गरी मिति २०६४।३।२६ गते मकवानपुर जिल्ला अदालतबाट फैसला भई फैसला कार्यान्वयन गर्ने सिलसिलामा यी निवेदक दिनेशकुमार बस्नेत र कुमार बस्नेत भन्ने एउटै व्यक्ति भएकोले यी निवेदक कुमार बस्नेत भन्ने दिनेशकुमार बस्नेतलाई अदालतको फैसलाबमोजिम पक्राउ गरी कानूनबमोजिम थुनामा राखेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ भएको प्रस्तुत मुद्दामा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट रिट निवेदन खारेज हुने ठहर गरी मिति २०७३।१०।१८ मा आदेश भएको देखिन्छ । उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको उक्त आदेशमा चित्त नबुझाई निवेदकको तर्फबाट निवेदन खारेज हुने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला त्रुटिपूर्ण हुँदा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला बदर गरी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिपाउँ भनी यस अदालतमा प्रस्तुत निवेदन परेको देखिने ।

विपक्षीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले यी

निवेदकलाई अदालतको फैसलाबमोजिम लागेको जरिवाना निजले दाखिल गरिसकेको र निजलाई लागेको कैद निज थुनामा बसी चुक्ता भइसकेकोले यी निवेदक थुनामुक्त भइसकेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान छैन भनी इजलाससमक्ष बहस प्रस्तुत गर्नुभएको र मिसिल संलग्न कागजात हेर्दा मकवानपुर जिल्ला अदालतबाट लागु औषध (गाँजा) मुद्दामा यी निवेदक कुमार बस्नेत भन्ने दिनेशकुमार बस्नेतलाई २ (दुई) वर्ष कैद र रू.११,१००।- (एघार हजार एक सय रूपैयाँ) जरिवाना हुने ठहर गरी मिति २०६४।३।२६ मा फैसला भएकोमा यी निवेदकलाई लागेको जरिवानाबापतको रकम मकवानपुर जिल्ला अदालतको र.नं.५७६४ मिति २०७५।९।२३ मा दाखिल भइसकेको र मकवानपुर जिल्ला अदालतको च.नं.०५-४६३७ ल.नं.६९४ मिति २०७३।९।२८ को कैदीपुर्जीअनुसार निज निवेदक मिति २०७३।९।२८ गते पक्राउ परी मिति २०७५।९।२७ गतेसम्म थुनामा बसी मिति २०७५।९।२८ मा छुटी जाने भएकोले निजलाई मिति २०७५।९।२८ गतेका दिन थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय, भीमफेदी, मकवानपुरले कारागार सुरक्षा गार्ड, भीमफेदी, मकवानपुरलाई पठाएको च.नं.२०९० मिति २०७५।९।२८ को पत्रको प्रतिलिपि मिसिल संलग्न देखिई यी निवेदक सोही मितिमा थुनामुक्त भइसकेको देखिन्छ । यी निवेदक थुनामुक्त भइसकेको देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी यी निवेदकलाई थुनामुक्त गर्नुपर्ने अवस्था विद्यमान नदेखिई प्रस्तुत निवेदनको औचित्यता समाप्त भइसकेको देखिँदा रिट निवेदन खारेज हुने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको मिति २०७३।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७७ साल असार ९ गते रोज ३ शुभम् ।**

## १५

**मा.न्या.श्री मीरा खडका मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०८०५, कर्तव्य ज्यान, नेपाल सरकार वि. पऱ्या पार्की*

मिति २०७३।२।८ गतेको दिन साँझ ७ बजेको समयमा मेरा काका नाताका परमले लुहार घरबाट २०० मिटरको दुरीमा पर्ने पसलमा सामान किन्न भनी गएकोमा सो रात घर नफर्किएपछि भोलिपल्ट खोजखबर गर्दा पसलबाट ५०० मिटर टाढा पर्ने मटखन्न भन्ने ठाउँमा पुराना जीर्ण घर छेउमा निजको मृत लास भेटिएको र घटना बैतडी जिल्ला शिखरपुर- ७ बस्ने पऱ्या पार्कीले गराएको भन्ने बुझिन आएको हुँदा कानूनबमोजिम गरिपाउँ भन्ने राजेन्द्र लुहारको जाहेरी दरखास्त परेबाट प्रस्तुत मुद्दाको अनुसन्धान कार्य सुरू भएको देखिन्छ । तत्काल पक्राउ परेकी प्रतिवादी पऱ्या पार्कीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा हामीबिच १०/१२ वर्षदेखिको प्रेमसम्बन्ध थियो (अदालतको बयानको स.ज. ८ मा २०/२१ वर्ष लेखाएको छ) । वारदातको दुई दिन अगाडिको सल्लाहअनुसार सो दिन हामी सो मटखन्न भन्ने स्थानमा भेट भएका थियौं । मैंले दुई वटा अण्डा र परमलेले रक्सी लगेको थियो । परमलेले उक्त रक्सी खायो । दुवैजनाले १/१ वटा अण्डा खायौं । गफगाफ गर्ने क्रममा मलाई पेटको बिराम छ, उपचार गर्न पैसा दिनुपऱ्यो भन्दा परमलेले कहाँबाट दिउँ पैसा भनी आलटाल गरी सुतिरह्यो । उसको व्यवहार देखेर मलाई बिरामी परेको बेला पनि हेरदेख नगर्ने भनेर रिस उठ्यो । तत्काल मैंले रिस थाम्न नसकी छेउमा रहेको पर्खालको ढुङ्गा टिपी शरीरको जताततै हानी छोडी घर गएर सुतें भनी बताएको पाइन्छ । मौकाको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का, लास प्रकृति मुचुल्काको बेहोरा र मृतककी श्रीमतीसमेत मौकामा विवरण लेखाइदिने व्यक्तिहरूको अदालतमा भएको बकपत्र बेहोरासमेतका प्रमाणहरू प्रतिवादीको

उक्त बयान बेहोरासँग मिल्दोजुल्दो रहेको पाइन्छ । उल्लिखित अवस्थामा मृतक परमले लुहारको मृत्यु यी प्रतिवादी पऱ्या पार्कीको प्रहारबाटै भएको तथ्यमा विवाद नदेखिने।

घटना विवरण र वस्तुस्थिति मुचुल्काका मानिसहरूलगायत मृतककी श्रीमतीले अदालतमा बयान गर्दासमेत मार्नुको कारण थाहा छैन, निजहरूबिच रिसइवी केही थिएन, दुई जनाबिच लामो समयदेखिको उठबस र सम्बन्ध थियो भनी लेखाइदिएको पाइन्छ । कुनै जोखिमी हतियार र लाठोको प्रयोग भएको अवस्था देखिँदैन । घोची रोपी वा अन्य उपाय गरी निर्मम तरिकाले मार्ने नै मनसाय राखी कार्य गरेको भन्ने मिसिलबाट देखिँदैन । यस अवस्थामा अभियोग दाबीबमोजिम १३ (३) नं. बमोजिम सजाय गर्दा न्याय र कानूनको रोहमा उचित हुने नदेखिने।

ज्यानसम्बन्धीको १४ नं आकर्षित हुनको लागि लुकेर, झुक्याएर हानेको हुन नहुने, कुनै पूर्व इविलाग रहेको हुन नहुने अवस्थाको परिकल्पना गरिएको पाइन्छ। प्रस्तुत वारदातमा मृत लासको प्रकृति र अवस्थासमेतबाट वारदातमा कुनै हतियारको प्रयोग भएको भन्ने देखिँदैन । प्रतीवादीले आफूसँग लामो समयदेखिको प्रेमसम्बन्धसमेत रहेको, मृतकले आफ्नो बिरामी अवस्थाको बेवास्ता गरेको कारण तत्काल रिस उठी छेउमा रहेको गाह्रोको ढुङ्गा उक्काई हानेको भन्ने खुल्न आएको छ। मृतककी श्रीमतीले अदालतमा बकपत्र गर्दा मार्नुपर्ने कारण के हो थाहा छैन भनी लेखाइदिएबाट निजहरूबिच पारिवारिक रिसइवीसमेत केही नरहेको देखिन्छ। प्रतिवादीले पूर्व योजना बनाई वारदात मिति र समयमा मृतकउपर प्रहार गरी मार्ने उद्देश्यले कुनै साधनको जोहो गरी गएको भन्ने पनि देखिँदैन । प्रतिवादी र मृतकबिच लामो समयदेखिको प्रेमसम्बन्ध रहेको कारण निजहरू बेलाबेला भेटी करणी लिनुदिनुसमेत गर्ने गरेको भन्ने प्रतिवादीको अनुसन्धान र अदालतको बयानबाट खुल्दछ। मृतकको लास भेटिई को कसले घटना गरायो भनी गाउँमा हल्ला भई निजैउपर शङ्का हुँदासमेत यी प्रतिवादी पऱ्या पार्कीले अपराध लुकाउने उद्देश्यले भागेको नभई वारदातस्थलको परबाट हेरेकी हुँ भनी अनुन्धानको बयानमा बताएको (स.ज.१२) पाइन्छ । उल्लिखित परिस्थितमा प्रस्तुत वारदातमा ज्यानसम्बन्धी १४ नं.को व्यवस्थाको तादात्म्यता रहने देखिने।

अतः सुरू बैतडी जिल्ला अदालतको फैसला सदर गरी प्रतिवादी पऱ्या पार्कीलाई ज्यानसम्बन्धीको १४ नं बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७४।१।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। सुरू अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी १३ (३) नं. बमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: हर्कमाया राई

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।**

## इजलास नं.४

### १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-CR-०५५५, ज्यान मार्ने उद्योग, मोटरसाइकल चोरी र सरकारी छाप किर्ते, नेपाल सरकार वि. प्रभु मण्डलसमेत*

जाहेरवाला विरेन्द्रप्रसाद चौधरीको घरको कम्पाउन्डको गेटमा गोली प्रहार भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ। पर्खाल कम्पाउन्ड गेटको बाहिरी भागमा गोली प्रहार भएको चिह्न गोली रहेको हुँदा जाहेरवालालाई मार्ने नियतबाट सो गोली प्रहार गरेको भन्ने तथ्य मिसिलबाट पुष्टि नहुने।

बरामद भएको ना. १२ प ९६५१ नं. को मोटरसाइकल प्रतिवादी प्रभु मण्डलले चढी

आएको र निजको साथबाट बरामद भएको तथ्य खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ । उक्त मोटरसाइकलको धनीले मोटरसाइकल चोरी भएको भनी कहीँकतै जाहेरी दिएको मिसिलबाट खुल्न आएको छैन । तसर्थः प्रतिवादी प्रभु मण्डलले प्रयोग गरी आएको उक्त मोटरसाइकल चोरीको भएको भन्ने वादी नेपाल सरकारको दाबीबमोजिमको कसुर नै पुष्टि हुन नआउने ।

यातायात व्यवस्था कार्यालय, नारायणी अञ्चल वीरगन्जको च.नं. ४००४ मिति २०६८।११।०५ को पत्रबाट ना.१२ प ९६५१ नं.को मोटरसाइकल हंशराज हुलास चन्द्र एण्ड प्रा.लि. को नाममा दर्ता रही यातायात व्यवस्था कार्यालय भेरीमा सरूवा सहमति भई गएको, प्राप्त सवारी दर्ता प्रमाण पत्रमा भएको सहीछाप यस कार्यालयको नभएको, नक्कली भएको भन्ने उल्लेख भई आएको देखिँदा निज प्रतिवादी प्रभु मण्डलबाट बरामद भएको सो मोटरसाइकलको ब्लु बुक (सवारी धनी प्रमाण पुर्जा) लगायतका कागजातहरू आधिकारिक सरकारी निकायबाट जारी भएको देखिएन । सो सवारीधनी प्रमाण पुर्जाको लिखतमा किर्ते दस्तखत भएको र किर्ते सरकारी छाप लगाइएको भन्ने विशेषज्ञबाट समेत जाँच भई राय प्रतिवेदन प्राप्त भएबाट सवारीसाधनको अभिलेखसम्बन्धी आधिकारिक निकाय यातायात व्यवस्था कार्यालयबाट सो ब्लु बुक जारी नभएको र सो नम्बरको मोटरसाइकल अरू नै व्यक्तिको नाउँमा पञ्जीकरण भएको पुष्टि हुन आउने ।

प्रतिवादी प्रभु मण्डलको साथबाट निजले प्रयोग गरिरहेको अवस्थामा मोटरसाइकल बरामद भएको र उक्त मोटरसाइकलको किर्ते ब्लु बुक पनि निजको साथबाट बरामद भएको देखिँदा किर्ते बनाउन लगाउँदा र बनाउँदा मोटरसाइकल प्रयोगकर्ता निज प्रतिवादी प्रभु मण्डललाई नै फाइदा पुग्न जाने हुँदा किर्ते ब्लु बुक बोकी हिँड्ने यी प्रतिवादी प्रभु मण्डल स्वयंकै उक्त कार्यमा सहभागिता रहेको पुष्टि हुन्छ । उक्त किर्ते कागजको १ नं. को अन्तिममा किर्ते काम गर्ने र गर्न लगाउनेलाई पनि कसुरदार कायम हुने व्यवस्था रहेको पाइन्छ । आफूसँग बरामद भएको ब्लु बुक किर्ते गरी तयार भएको होइन सद्दे नै हो भनी प्रतिवादीले पुष्टि हुने प्रमाण पेस गर्न सकेको पाइँदैन । सहप्रतिवादी शत्रुघन साह तेलीबाट बरामद भएको मोटरसाइकल खरिद गरेको भनी निज प्रतिवादीले बयान गरेका छन् । तर सो खरिद गरेको पुष्टि हुने कागजातहरू पेस गर्न सकेको छैन । अन्यथा प्रमाणित नभएसम्म बरामद भएको ब्लु बुक अरू कसैले निजलाई किर्ते गरी बनाई दिएको भनी अनुमान गर्न नमिल्ने ।

प्रतिवादी प्रभु मण्डलको साथबाट बरामद भएको मोटरसाइकल अर्का प्रतिवादी शत्रुघन साहले आफूलाई बिक्री गरेको भनी निज प्रतिवादी प्रभु मण्डलले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गरेकोमा उक्त मोटरसाइकल प्रतिवादी शत्रुघन साह तेलीले बिक्री गरेको भन्ने कुनै प्रमाणबाट पुष्टि भएको छैन । प्रतिवादी शत्रुघन साहतेलीले अदालतमा बयान गर्दा मैले प्रभु मण्डललाई कुनै मोटरसाइकल बिक्री गरेको छैन भनी कसुरमा पूर्ण रूपमा इन्कार रहेर बयान गरेको देखिन्छ । निजबाट मोटरसाइकल र ब्लु बुक बरामद भएको पनि देखिँदैन । अतः निज प्रतिवादी शत्रुघन साह तेलीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि नहुने ।

तसर्थः प्रतिवादीहरूउपर ज्यान मार्ने उद्योग र मोटरसाइकल चोरीतर्फको अभियोग दाबी नपुग्ने र प्रतिवादी शत्रुघन साह तेलीलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत हेटौडाबाट मिति २०७०।०९।०८ मा भएको फैसला सो हदसम्म मिलेकै देखियो । तर प्रतिवादी प्रभु मण्डलले सरकारी कागज किर्ते गरेको पुष्टि भएकोमा सो अभियोग दाबीतर्फसमेत प्रतिवादी प्रभु मण्डललाई सफाइ दिने गरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला

सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौडाबाट मिति २०७०।०९।०८ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी प्रभु मण्डललाई बिगो नखुलेको ब्लु बुक किर्ते गरेकोमा साबिक मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं.बमोजिम रू.५०/ (पचास रूपैयाँ) जरिवाना भई ऐ.महलको १२ नं.बमोजिम १ (एक) वर्ष थप कैदसमेत हुने।

इजलास अधिकृतः कृतिबहादुर बस्नेत

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७७ साल मङ्सिर २१ गते रोज १ शुभम्।**

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-२११३, मानव बेचबिखन तथा ओसारपसार, जेनी भन्ने कल्पना गुरूङ वि. नेपाल सरकार*

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई सर्थन र पुष्टि हुने गरी पीडित परिवर्तित नाम "त" ले मौकामा बयान गरेको र सो बयान अदालतबाट प्रमाणितसमेत भएको देखिन्छ । पीडितले बकपत्र गर्दासमेत आफू अपहरणमा परी विभिन्न व्यक्तिहरूको शारीरिक शोषणमा परी घरमा फर्कन नसकी अलपत्र परेको अवस्थामा प्रतिवादी कल्पना गुरूङसँग डान्सबारमा काम गर्दा चिनजान भई निजसँगै बस्न गएकोमा निज प्रतिवादीले नेवा गेस्ट हाउस र जर्मन गेस्टहाउसका साहुहरूसँग मिली जबरजस्ती यौन कार्यमा लगाएको भनी लेखाएकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई मालाकाररूपमा समर्थित र पुष्टि गरिरहेको देखिन आयो । पीडित कीर्तिपुर "त" ले निजलाई अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी गर्ने व्यक्तिहरू महेन्द्र धोनी भन्ने महेन्द्र रोकाय तथा महेश बुढासमेतका व्यक्तिहरूउपर अपहरण तथा शरीरबन्धक र जबरजस्ती करणीतर्फ छुट्टै जाहेरी दरखास्त दिई पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादी जेनी भन्ने कल्पना गुरूङले पीडित कीर्तिपुर "त" लाई निजको कमजोर स्थितिको फाइदा उठाई भक्तपुर स्थित विभिन्न गेस्टहाउसका सञ्चालकहरूसँग सरसल्लाह गरी यौन व्यवसायमा लगाएको भनी खुलाएको मिसिल संलग्न उक्त जाहेरी दरखास्त र पीडितको बयानसमेतका कागजातहरूको प्रतिलिपिबाट खुल्न आएको पाइयो । अन्य व्यक्तिहरूको शारीरिक शोषणमा परी अलपत्र अवस्थामा पुगेकी पीडितसँग प्रतिवादीको भेट भएपछि यी प्रतिवादीले वेश्यावृत्तिमा लगाउने मनसायले पीडित परिवर्तित नाम कीर्तिपुर "त" लाई फकाई आफूसँग लगी विभिन्न गेस्टहाउसका सञ्चालकसँग सरसल्लाह गरी पीडितलाई यौन व्यवसायमा लगाई देहव्यापारको काम गर्न बाध्य बनाएको भन्ने प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, पीडितको मौकाको प्रमाणित बयान, पीडितको बकपत्र, जाहेरी दरखास्त, जाहेरवालाको बकपत्रसमेतबाट पुष्टि भएको देखिँदा प्रतिवादीले कानूनमा व्यवस्था भएबमोजिम अन्य व्यक्तिको शोषणमा परी नाजुक अवस्थामा पुगेकी पीडित परिवर्तित नाम कीर्तिपुर "त" को नाजुक अवस्थाको फाइदा उठाई प्रतिवादी जेनी भन्ने कल्पना गुरूङले पीडत परिवर्तित नाम कीर्तिपुर "त" लाई नेवा गेस्टहाउस र जर्मन गेस्टहाउसमा लगी वेश्याबृत्तिमा लगाई सो कार्य गर्न बाध्य पारेको भन्ने नै देखिने।

अब यी प्रतिवादीले अलपत्र अवस्थामा पुगेकी पीडितलाई सहयोग गरी काममा लगाई दिँदा आफू अपराधमा फस्न गएको भन्ने पुनरावेदन जिकिर लिएकोतर्फ हेर्दा यी प्रतिवादी उक्त कसुरको मतियारमात्र हुन् कि भनी भन्नलाई यी प्रतिवादीले नै नाबालिकाको कमजोर र नाजुक अवस्थाको फाइदा लिने मनसायले निजलाई फकाई आफूसाथ राखेपछि देहव्यापार जस्तो कार्यमा लगाउने उद्देश्यले

विभिन्न गेस्टहाउसका सञ्चालकसँग सरसल्लाह गरी पीडितलाई देहव्यापारमा लगाएको भन्ने देखिँदा निजको सो कार्य मतियारसम्मको मात्र रहेछ भनी अनुमान गर्न र भन्न नसकिने।

अतः प्रतिवादी जेनी भन्ने कल्पना गुरूङलाई अभियोग दाबीको कसुरको मतियारसम्म कायम गरी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५ (१) (ज) बमोजिमको सजाय हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।०९।०२ मा भएको फैसलालाई सो हदसम्म केही उल्टी गरी निज प्रतिवादी जेनी भन्ने कल्पना गुरूङलाई सो ऐनको दफा १५ (१) (छ) अनुसार ७ (सात) वर्ष कैद सजाय हुने ठहर गरी निज प्रतिवादीबाट पीडितलाई रू. १०,०००।– (दस हजार) क्षतीपूर्ति भराइदिने ठहराएको हदसम्म सुरू फैसलालाई सदर ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७४।५।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): नारदप्रसाद भट्टराई

कम्प्युटर : राधिका घोरासाइनी

**इति संवत् २०७७ साल असोज ११ गते रोज १ शुभम्।**

१८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CR-१४०७, जबरजस्ती करणी, गौतम यादव वि. नेपाल सरकार*

प्रतिवादी गौतम यादवले नाबालिग छोरी 'क' कुमारीलाई २०७१ सालको वैशाख महिनादेखि करणी गर्दै आएकोमा २०७१।५।२८ मा पुनः विभिन्न लोभ प्रलोभनमा पारी जबरजस्ती करणी गरेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने पीडितकी आमा अर्घाखाँची 'ए' को किटानी जाहेरीका आधारमा प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सोही जाहेरीको बेहोरासँग मिल्ने गरी पीडितले अनुसन्धानको क्रममा कागज गरिदिएकी छिन् । मोबाइल दिन्छु भनी पीडितलाई ललाई फकाई गरी २०७१ वैशाखदेखि पटक पटक करणी गर्दै आएको र मिति २०७१।५।२८ मा पनि करणी गरेको हुँ भनी साबित भई यी प्रतिवादीले मौकामा अनुसन्धान अधिकृतसमक्ष बयान गरेका छन् । निज प्रतिवादीले अदालतमा बयान गर्दा पीडितसँग २०७१ वैशाखदेखि सहमतिमा पटकपटक करणी लिनुदिनु हुँदै आएको तर मिति २०७१।५।२८ मा भने करणी भएको छैन भनी मौकाको बयानभन्दा केही भिन्न रूपमा बयान गरेको पाइने।

यसरी प्रतिवादी गौतम यादवले पीडितलाई अन्तिम पटक मिति ०७१।५।२८ मा करणी गरेको भनी जाहेरी बेहोरामा र पीडितको अनुसन्धानमा कागज हुँदा खुलाइएको छ। प्रतिवादीले मौका र अदालतमा समेत पीडितलाई २०७१ वैशाखदेखि पटकपटक करणी गर्दै आएको भनी साबिती बयान गरेका छन्। पीडितको योनिबाट मिति २०७१।६।६ मा Swab निकाली जाँच गर्न पठाउदा पनि Weak Positive अर्थात् Vaginal Swab मा पुरूष वीर्यको कमजोर उपस्थिति रहेको भनी वैज्ञानिक जाँचबाट देखिन्छ। पीडितको गर्भसमेत रहेको भन्ने पनि पीडितको स्वास्थ्य जाँचबाट खुल्न आएको छ। यसबाट पटक पटक करणी गर्ने गरेका यी प्रतिवादी गौतम यादवले पीडित परिवर्तित नाम छोरी 'क' कुमारीलाई पछिल्लो पटक मिति २०७१।५।२८ मा समेत करणी गरेको तथ्य पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा पीडित 'क' कुमारी वर्ष १३ की बालिका रहेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेको पाइन्छ । पीडित परिवर्तित नाम 'क' कुमारीको बाबुले मिति २०५९।४।२३ मा गरिदिएको निज पीडितको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्ममिति २०५७।११।२१ भनी उल्लेख भएको छ। साथै निज पीडितको अध्ययन गर्ने समाज कल्याण लोअर सेकेन्डरी स्कुलमा पनि सोही मिति २०५७।११।२१ मा नै पीडितको जन्म भएको भनी उल्लेख छ । यसरी आधिकारिक कागजातहरूबाट

वारदात मिति २०७१।५।२८ मा निज पीडित १३ वर्ष ६ महिना ७ दिन उमेरकी नाबालिग रहेको देखियो। अतः प्रस्तुत मुद्दामा पीडितको सहमतिमा नै करणी गरेको भए तापनि माथि उल्लेखित कानूनी व्यवस्थाबमोजिम नाबालिगसँग मन्जुरी लिई करणी गरे पनि जबरजस्ती करणी हुने हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने प्रतिवादी गौतम यादवको पुनरावेदन जिकिर कानूनसंगत नदेखिने।

तसर्थ, पीडित परिवर्तित नाम 'क' कुमारीलाई जबरजस्ती करणी गरेको कसुरमा साबिक मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ (२) नं. बमोजिम प्रतिवादी गौतम यादवलाई १० (दश) वर्ष कैद सजाय हुने ठहराई भएको सुरू अर्घाखाँची जिल्ला अदालतको मिति २०७१।१०।२५ को फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०७२।०५।२१ को फैसला सो १० (दश) वर्ष कैद सजाय गर्ने गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी गौतम यादवलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ (२) नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय हुने ठहर्छ। अभियोग दाबीबाट सजाई दिलाइपाउँ भन्ने प्रतिवादी गौतम यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शा.अ. कल्याण खड्का

**इति संवत् २०७७ साल असार १६ गते रोज ३ शुभम्।**

१९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-RB-००२१, आयकर (२०६६/०६७), ढुण्डीराज पोखरेल वि. अनिता के.सी. शाही

Recharge pin को अधिकतम मूल्य तोकिएको हुने र Recharge Card बिक्री गर्दा तोकिएको मूल्यभन्दा बढी लिन मिल्दैन। अधिकतम मूल्य सीमा तोकिएपछि नेपाल टेलिकमले दिएको छुट रकम तहतह हुँदै जाँदा त्यस्तो Discount तहगत रूपमा नै बाँडिदै जानु स्वाभाविक हुन्छ। आफूले कुनै Discount प्राप्त नगर्ने गरी अन्य क्रेताले recharge pin खरिद गर्ने अवस्था हुँदैन। विपक्षी कम्पनीले आफूले खरिद गरेको recharge pin अन्य विभिन्न व्यापारिक संस्था तथा व्यक्तिलाई डिजिटल माध्यमबाट बिक्री गरेको र बिक्री गर्दा विजक जारी गरेको भन्ने देखिन्छ। यस्तो अवस्थामा नेपाल टेलिकमबाट खरिद गरेको Recharge pin बाट प्राप्त सम्पूर्ण Discount लाई कम्पनीको एकमुष्ट कुल आय कायम गर्न मिल्ने नदेखिने।

विपक्षी कम्पनीको खरिद विजक अनुसार Digitek company बाट VAT बाहेक रू.८,६६,६०९।४६ को Recharge card खरिद गरेको देखिएको छ। Degitek company ले उक्त खरिदकर्ता कम्पनीलाई रू.१३,९७,७८४।- बिक्री देखाएको Digitek को बिक्री खाताबाट देखिन्छ। Degitekसँगभएकोकारोबारमध्येरू.५,३१,१७४।८६ को खरिद बिक्रीको विवरण देखिँदैन। खरिद बिक्रीको विवरण नदेखाएको रू.५,३१,१७४।- मध्येको Recharge card विपक्षी कम्पनीले बिक्री गरेको मानी फरक रकम रू.२१,२४६।- आयमा समावेश गर्ने भनी सुरू कार्यालयले निर्णय गरेको देखिन्छ। विपक्षी कम्पनीले Digitek कम्पनीबाट रू.८,६६,६०९।४६ को Recharge card खरिद गरेकोसम्म देखिएको छ। कुनै आधार कारण विना Digitek company ले आफ्नो बिक्री खातामा देखाएको बिक्री विवरणका आधारमा मात्र कम्पनीले खरिद गरेको भनी कर निर्धारण गर्नु न्यायोचित नहुने।

पर्फेक्ट एक्टिभ सोलुशन प्रा.लि. ले Pin को माध्यमबाट Recharge गर्ने गरी नेपाल टेलिकमबाट Recharge Card खरिद गरेको देखिन्छ। विपक्षी कम्पनीले अन्य विभिन्न व्यापारिक संस्थालाई डिजिटल माध्यमबाट नै सो Recharge Card बिक्री गरेकोसमेत देखिएको छ। डिजिटल माध्यमबाट खरिद

बिक्री गरेको हुँदा त्यस्तो कारोबार पारदर्शी नै हुन्छ । कम्पनीले Recharge Pin खरिद गर्दा आफूले प्राप्त गर्ने Discount को रकम तहगत रूपमा अन्य Pin बिक्री गर्ने व्यापारिक संस्था तथा व्यक्तिलाई पनि दिनुपर्ने भन्ने तथ्य स्वाभाविक नै हो । Discount प्राप्त रकममध्ये के कति रकम आफूले प्राप्त गरेको र बाँकी अन्य बिक्रीकर्तालाई दिएको भन्ने कुरा निज विपक्षी कम्पनीको आफ्नो व्यापारिक कारोबारमा देखिनुपर्छ । साथै Discount नदिई अन्य व्यापारिक व्यक्ति वा कम्पनीले विना मुनाफा सो कारोबार गर्न आवश्यक नै हुँदैन । विपक्षीको भनाइ तथा मिसिल संलग्न निजले पेस गरेको विवरणबाट सो तथ्य समर्थित भएको छ । अर्कोतर्फ विपक्षी कम्पनीले Digitek Company बाट रू.८,६६,६०९।४६ को Recharge Card खरिद गरेको भन्ने देखिएकोमा Digitek Company ले रू.१३,९७,७८४।- बराबरको बिक्री गरेको भन्ने देखाइएको छ । कम्पनीले खरिद गरेको विवरणबाट बढी रकमको खरिद देखिँदैन । Digitek Company ले बिक्री गरेको भनेको बढी रकमको Card यी विपक्षी कम्पनीले खरिद गरेको भन्ने पुष्टि हुन नसकेको र स्वयं कम्पनीको हिसाब लेजरबाट समेत निजले रू.८,६६,६०९।४६ को Recharge Card खरिद गरेको भनी देखिएको हुँदा सोही रकमलाई नै आधार मान्नुपर्ने ।

अतः नेपाल टेलिकमबाट Recharge Pin खरिद गर्दा आफूले प्राप्त गरेको सबै Discount रकम उक्त कम्पनीकै आयमा गणना गर्ने गरी र Digetek कम्पनीबाट खरिद गरेको देखिएकोभन्दा बढी रकमको खरिद गरेको मानी कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं.१ को मिति २०६८।८।२९ को निर्णय र सो निर्णय सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६९।२।३१ को निर्णय उल्टी हुने ठहऱ्याई राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७०।६।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: देबीमाया खतिवडा (देबिना)

**इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ।**

- यसै लगाउको ०७१-RB-००२५, मुल्य अभिवृद्धि कर (२०६६/०६७), ढुण्डीराज पोखरेल वि. अनिता के.सी. शाही भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुस्मालता माथेमा,** *०७४-CR-०५९३, झुठा विवरण पेस गरी निवृत्तिभरण लिई भ्रष्टाचार गरेको, नेपाल सरकार वि. नारायणप्रसाद शर्मासमेत*

नारायणप्रसाद शर्मा २०४० सालमा बुढानीलकण्ठ स्कुलमा शिक्षक पदमा नियुक्त भएको हुँदा सरकारी सेवामा नरहेको भनी उसै बखत नै निज प्रतिवादीलाई सम्बन्धित निकाय, अधिकारीले निर्णय गरी जानकारी गराउनुपर्ने हुन्छ । स्थायी शिक्षक पदको लियन पद यथावत रही अन्य विद्यालयमा पनि शिक्षककै हैसियतले काम काज गरी रहेको अवधिमा शिक्षकले कानूनबमोजिम प्राप्त गर्ने निवृत्तभरणलगायतका सुविधाबाट बञ्चित गर्नु न्यायोचित हुँदैन । नारायणप्रसाद शर्माले शैक्षिक सेवामा अध्यापन गर्ने कार्य लामो अवधिसम्म गर्दै आउनुभएको रेकर्डहरूबाट देखिन्छ । निजउपर छानबिन गर्न गठित शिक्षा मन्त्रालयका सहसचीव डा.लवदेव अवस्थीको संयोजकत्वमा गठित समितिले मिति २०६६।९।१४ मा शिक्षा मन्त्रालयसमक्ष पेस गरेको प्रतिवेदनबाट पनि निज दोषी रहेको भन्ने देखिएको नपाइएको ।

प्रतिवादी नारायणप्रसाद शर्माको लियन पद ललितपुर जिल्लाको कुनै पनि विद्यालयमा कायम गरिदिनु भन्ने क्षेत्रीय शिक्षा निर्देशनालयको उक्त च.नं. ७५० मिति २०५८।८।१९ को पत्रको आधारमा जिल्ला शिक्षा कार्यालय, ललितपुरका तत्कालीन जिल्ला शिक्षा

अधिकारी बलिरामप्रसाद सिंहले महाकाली देवी मा.वि. भट्टेडाँडा ललितपुरमा निज प्रतिवादी नारायणप्रसाद शर्माको लियन पद कायम गरेको भन्ने देखिन्छ । यसरी माथिल्लो निकायको निर्देशनको पालना गरी आफ्नो पदीय जिम्मेवारी निर्वाह गरी प्रतिवादी बलिरामप्रसाद सिंहले प्रतिवादी नारायणप्रसाद शर्माको लियन पद महाकाली देवी मा.वि.भट्टेडाँडा ललितपुरमा कायम गर्ने निर्णय गरेको भन्ने देखिएको अवस्थामा निज प्रतिवादी बलिरामप्रसाद सिंहले प्रतिवादी नारायणप्रसाद शर्माको मिलोमतोमा बदनियत पूर्वक कुनै गैरकानूनी निर्णय गरेको भन्ने पुष्टि हुन सकेको देखिन नआउने ।

क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलको निर्देशनबमोजिम जिल्ला शिक्षा कार्यालय ललितपुरबाट महाकाली देवी मा.वि. भट्टेडाँडा ललितपुरको माध्यमिक शिक्षक, तृतीय श्रेणीको लियन पदमा कायम रहेका शिक्षक प्रतिवादी नारायणप्रसाद शर्माले आफू सेवाबाट निवृत्त हुनको लागि आवश्यक कागजातसहित राजीनामा दिएको अवस्थामा आफ्नो क्षेत्राधिकारभित्र पर्न आएको कामको सबै कागजात प्रक्रिया पूरा गरी निज प्रतिवादी नारायणप्रसाद शर्माको राजीनामा स्वीकृति गर्नुपर्ने प्रतिवादी हरिश्चन्द्र यादवको पदीय जिम्मेवारी नै रहेको देखिन्छ । यसरी जिल्ला शिक्षा कार्यालय, ललितपुरका तत्कालीन जिल्ला शिक्षा अधिकारी हरिश्चन्द्र यादवले समेत कानूनबमोजिम नै निज प्रतिवादी नारायणप्रसाद शर्माको राजीनामा स्वीकृत गरेको भन्ने देखिन आउँछ । यस्तो अवस्थामा निज प्रतिवादी हरिश्चन्द्र यादवले समेत प्रतिवादी नारायणप्रसाद शर्माको मिलोमतोमा बदनियतपूर्वक कुनै गैरकानूनी निर्णय गरेको भन्ने पुष्टि हुन सकेको देखिन नआउने ।

त्यसैगरी प्रतिवादी नारायणप्रसाद शर्माको महाकाली देवी मा.वि. भट्टेडाँडा ललितपुरको माध्यमिक शिक्षक, तृतीय श्रेणीको शिक्षक पदबाट राजीनामा स्वीकृत भएपश्चात् शिक्षक किताब खानाले सबै प्रमाणपत्र र कागजातको अध्ययन र विश्लेषण गरेर मात्र निज प्रतिवादी नारायणप्रसाद शर्माको पेन्सन पट्टा (निवृत्तिभरण पट्टा) बनाइदिएको र स्थायी नोकरी अवधिलाई आधार मानी सो पट्टा बनाइएको देखिन्छ । त्यसरी रीतपूर्वक पेन्सन पट्टा बनाएर निज प्रतिवादी नारायणप्रसाद शर्माले निवृत्तिभरणको रकम लिएको विषयलाई समेत भ्रष्टाचारको संज्ञा दिन मिल्ने देखिन नआउने ।

बुढानिलकण्ठ स्कुलले प्रतिवादी नारायणप्रसाद शर्मालाई अवकासपछि दिएको पत्रमा स्पष्ट रूपमा जम्मा सेवा अवधि (Total service period) ३० वर्ष १ महिना २५ दिन र उपदानको लागि गणना हुने सेवा अवधि अर्थात् (Countable service period) भनी छुट्याएर Countable service period जम्मा ९ वर्ष ९ महिना १७ दिन देखाएको हुँदा निजले एउटै सेवा अवधिलाई दोहोरो गणना गरी निवृत्तिभरण र उपदानको सुविधा लिएको भन्ने पनि देखिन आउँदैन । यसै सन्दर्भमा यिनै प्रतिवादी नारायणप्रसाद शर्माको विरूद्धमा परेको उजुरीमाथि छानबिन गरी मिति २०६६।९।१९ मा नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उजुरी तामेलीमा राख्ने निर्णय गरिसकेको भन्नेसमेत देखिएको र तत्पश्चात् दाबी पुष्टि गर्न अन्य थप प्रमाण रहेको भनी पेस गर्न सकेको पनि पाइएन । निज प्रतिवादी नारायणप्रसाद शर्माको लियन पद कायम गरिदिनु भनी निर्णय गरी पत्राचार गर्ने क्षेत्रीय शिक्षा निर्देशनालयका पदाधिकारीको कार्यलाई कानूनबमोजिम नभएको भनी सोतर्फ अभियोग पत्र मौन रहेकोसमेत पाइएको ।

उल्लिखित तथ्य र कानूनसमेतको आधारमा प्रतिवादी नारायणप्रसाद शर्माले झुठ्ठा विवरण पेस गरी निवृत्तिभरण लिई भ्रष्टाचार गरेको र सो प्राप्तिका लागि प्रतिवादीहरू बलिरामप्रसाद सिंह र हरिश्चन्द्र यादवले मिलोमतो गरी सहयोग गरी भ्रष्टाचार गरेको भन्ने आरोपपत्र मागदाबी पुष्टि हुन आएको देखिँदैन । सोसम्बन्धी भएका काम कारबाहीहरू कानूनबमोजिम

नै भई पाउनुपर्ने उपदान र निवृत्तिभरणसम्म बुझेको देखिन आयो । यस्तो अवस्थामा प्रतिवादीहरूउपरको आरोपपत्र मागदाबी पुग्न नसक्ने ठहऱ्याई यी प्रत्यर्थी प्रतिवादीहरू नारायणप्रसाद शर्मा, बलिरामप्रसाद सिंह र हरिश्चन्द्र यादवले आरोपपत्र मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू विशेष अदालतको फैसलालाई अन्यथा भएको हो भनी मान्न मिल्ने अवस्था देखिन नआएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थः प्रतिवादीहरू नारायणप्रसाद शर्मा, बलिरामप्रसाद सिंह र हरिश्चन्द्र यादवउपरको आरोपपत्र मागदाबी पुग्न नसक्ने ठहऱ्याई निज प्रतिवादीहरूले आरोपपत्र मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू विशेष अदालतको मिति २०७४।०५।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): नारदप्रसाद भट्टराई र मदनप्रसाद पराजुली

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७६ साल फागुन २२ गते रोज ५ शुभम् ।**

**इजलास नं.५**

**२१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०४१९, ०६५६, १५३७, १६४६, १६४८, १६९४, खुन डाँका, आशिष राई वि. नेपाल सरकार, हिराधन राईसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. आशिष राईसमेत, सन्देश राई वि. नेपाल सरकार, थाम सिंह राई वि. नेपाल सरकार, तिलकराम पुरी वि. नेपाल सरकार*

अदालतसमक्ष प्रतिवादीहरूले बयान गर्दा इन्कारी बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रही घटनाक्रमलाई मेल खाने गरी बयान गरेको र सो बयान बेहोरालाई जाहेरवालाको जाहेरी र बकपत्रबाट समेत समर्थित भएको साथै घटना वारदात भएको देख्ने चस्मदिद गवाह पीडित अम्बरबहादुर गिरी प्रतिवादीहरूको आक्रमणबाट भागी बाँच्न सफल भएको भन्ने बेहोरासमेत मिसिल संलग्न प्रममाणहरूबाट देखिएको, वारदात घटाउन प्रयोग गरिएको भनिएका खुकुरीलगायतका सामानहरू बरामद भएको, मोटरसाइकलको चेन आशिष राईको सुत्ने कोठाबाट बरामद भएको देखिन्छ । उक्त बरामद भई आएका सामानहरू आफ्नो भएको कुरालाई प्रतिवादीहरूले स्वीकार गरेका र मृतक चक्रबहादुर गिरी र लिलामाया गिरीको शरीरका विभिन्न भागहरूमा धारिलो हतियारले प्रहार गरेको कारणबाट गहिरो चोट भई अत्यधिक रक्तस्रावको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको, लासजाँच मुचुल्का तथा बरामदी मुचुल्काका मानिस रूपमान तामाङ र बरामदी मुचुल्काका मानिस कमला गिरी र शिवलाल गिरीले अनुसन्धानको क्रममा भएको कागज बेहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्र गरेको, अदालतमा बयान गर्दा घटना वारदात भएको समयमा आफू वारदातस्थलमा नभई अन्यत्रै भएको भनी जिकिर लिए तापनि उक्त कुरालाई प्रमाणित गर्ने कुनै तथ्यगत प्रमाणहरूबाट पुष्टि गराउन सकेको पाइँदैन । आफू अन्यत्र भएको कुरा विवादरहित प्रमाणबाट प्रमाणित नभएको अवस्थामा प्रतिवादीहरूको भनाइ विश्वास लाएक देखिन आएन। प्रतिवादीहरू अदालतमा आई बयान गर्दा इन्कार गरेको देखिन्छ तापनि अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेको र उक्त साबिती आफ्नो इच्छा विरूद्धको बयान हो । यो यस कारणबाट आफ्नो स्वइच्छापूर्वक गरेको बयान होइन भनी जिकिर लिन सकेकोसमेत पाइँदैन । मृतकको घरमा रहेको सुनसहितको वस्तु चोरी गर्ने उद्देश्यबाट आपसमा सरसल्लाह गरी योजना बनाई पूर्वतयारी गरी वारदातमा प्रयोग गर्ने हतियारसमेतका वस्तुहरू साथमा लिई गएको अवस्था

देखिन्छ । सोहीअनुसार मृतकको घरमा प्रवेस गरी चक्रबहादुर र लिलामायालाई हतियारसमेत प्रयोग गरी कसैले कोही आउँछ कि भनी गौंडामा बसेको र कसैले हतियार छोडेको अवस्था देखिन्छ । आफूमाथि प्रहार गरेको अवस्थामा लिलामायाले गुहार मागी कराएको सुनी अम्मरबहादुर आएको अवस्थामा निजलाई समेत हतियार प्रयोग गरी घाइते बनाएको अवस्था देखिन्छ । जाहेरी दरखास्त, घाइतेको बयान, घटनास्थल प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष रहेको साबिती, अनुसन्धानमा बुझिएका मानिसहरूको कथनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूकै कार्य कारणबाट चक्रबहादुर गिरी र लिलामाया गिरीको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुन आएको देखियो । प्रतिवादीहरूले उक्त वारदात आफूहरूले गरेको होइन। वारदातको दिन, समयमा आफूहरू घटना स्थल नभई अन्यत्र नै रहेको भन्ने जिकिर लिए तापनि उक्त जिकिरलाई विवादरहित तथ्यगत प्रमाणहरूबाट पुष्टि गराउन सकेको पाइँदैन । प्रतिवादीहरू अन्यत्रै रहेको भन्ने देखिन नआई वारदातस्थलमै रहेको पाइन्छ। यी प्रतिवादीहरू अदालतमा आई बयान गर्दा इन्कार रहेको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष घटना क्रमलाई क्रमवद्ध रूपले मेल खाने गरी साबित रहेका, जाहेरवालाले जाहेरी बेहोरालाई खम्बिर हुने गरी बकपत्र गरिदिएको र उक्त वारदातको सम्बन्धमा प्रत्यक्षदर्शीले घटनाप्रद कुरालाई चित्रण गरिदिएको समेत देखिन्छ । वारदातमा प्रयोग भएको खुकुरी, चक्कु, चेन तथा लाठी बरामद भएको साथै आषिश राईको मोबाइलसमेत घटनास्थलबाट बरामद भएको, बरामद भएको सामानहरू आफूहरूको भएको कुरालाई स्वीकार गरेको, मृतकको शरीरमा धारिलो हतियारको चोटसमेत परेको र अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको भन्ने देखिएकोसमेतका मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणहरूबाट प्रतिवादीहरूकै कर्तव्यबाट निज चक्र बहादुर गिरी र लिलामाया गिरीको मृत्यु भएको देखिन आउने।

प्रतिवादीहरूले उक्त वारदातको समयमा डाँकाको वारदात गरी धनमालसमेत डाँका गरेका हुन् होइनन् भन्नेतर्फ विचार गर्दा प्रतिवादीहरूले डाँका गरी धनमाल लिई गए भन्ने अभियोगतर्फ हेर्दा डाँका गरिएको भनेको धनमाल कहिँकतै बरामद हुन नसकेको र वादी पक्षबाट प्रतिवादीहरूले डाँका गरी लगेका हुन् भनी वस्तुनिष्ठ सबुद प्रमाणद्वारा सो कसुर पुष्टि गर्न सकेको अवस्थाको विद्यमानता पनि नदेखिने।

प्रतिवादीहरूमध्ये हिराधन राई, कुमार सिंह राई र आषिश राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीका महलको १३ (३) नं. बमोजिम कसुर अपराध गरेको देखिँदा सोही नं. अनुसार जन्मकैद हुने तथा प्रतिवादीहरू तिलकराम पुरी, थामसिंह राई र सन्देश राईलाई ज्यानसम्बन्धी महलको १७(१) बमोजिम जनही १० (दश) वर्ष कैद सजाय हुने ठहर गरेको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७४।२।७ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । मिसिल संलग्न निजहरूले पेस गरेको निजहरूको जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र तथा विद्यालयको सर्टिफिकेटबाट थामसिंह राईको जन्ममिति २०५५।३।११, आषिश राईको २०५२।१०।११ तिलकराम पुरीको २०५२।११।७ र सन्देश राईको २०५४।९।१३ भन्ने उल्लेख भएको देखिएबाट वारदातको अवस्था मिति २०७०।३।७ गतेमा प्रतिवादीहरूको उमेर १६ वर्ष पूरा भई १८ वर्ष पूरा नभएको अवस्था देखियो । तसर्थ, निजहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ (४) बमोजिम उमेर पुगेका व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाइ कैद सजाय हुने भएकाले प्रतिवादीमध्येका आषिश राईलाई जन्मकैद अर्थात् २० (बिस) वर्ष कैद सजायको दुई तिहाइको हुन आउने

१३ (तेह्र) वर्ष, ४ (चार) महिना कैद सजाय हुने र अन्य प्रतिवादीहरू थामसिंह राई, तिलकराम पुरी र सन्देश राईसमेत तीन जनाको हकमा निजहरूलाई भएको १० (दश) वर्ष कैदको दुई तिहाइले हुन आउने ६ (छ) वर्ष ८ (आठ) महिना जनही कैद हुने।

इजलास अधिकृत: वीरेन्द्र मल्ल

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल माघ ४ गते रोज १ शुभम्।**

**२२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६८-CI-१५७२, निर्णय दर्ता बदर, श्यामबहादुर ताम्राकार वि. पूर्णबहादुर ताम्राकारसमेत*

२०३४ सालका उक्त बन्डापत्रहरू अनुसार वादीको अंश भागमा परेको नगर १९ को जग्गा मालपोत कार्यालय, काठमाडौंको मिति २०३७।३।२१ को निर्णयले प्रतिवादी यी पुनरावेदक श्यामबहादुर ताम्राकारले आफ्ना नाममा दर्ता गराएको देखिन्छ। २०३७ सालको दर्ताउपर ५५ सालमा उजुरी परेको हुँदा हदम्याद गुजारी फिराद परेको भन्ने यी पुनरावेदक श्यामबहादुर ताम्राकारको जिकिर सम्बन्धमा विचार गर्दा यी पुनरावेदकले आफूसमेत संलग्न भई हस्ताक्षर गरी पारित गरेको बन्डापत्रमा निजले २०१८।८।२७ मा खरिद गरेको भनेको नगर १९ को जग्गा २०३४ सालमा भएको उपर्युक्त बन्डापत्रहरूबाट वादीहरूको अंशभागमा परेकोमा सो जग्गा यी पुनरावेदक प्रतिवादीले जानीजानी बदनियतसाथ आफ्ना नाममा दूषित तवरले दर्ता गराएको भन्ने देखिन्छ। त्यस्तो दूषित दर्ता बदर गराउन हदम्याद नलाग्ने भनी राम अधारप्रसाद यादव विरूद्ध राम अयोध्याप्रसाद अहिर भएको *नामसारी निर्णय बदर* (ने.का.प. २०६६ अङ्क ३ नि.नं. ८१०५), त्यसै गरी दुनाई यादव विरूद्ध जगदीश मण्डल धानुक भएको दर्ता बदर दर्ता कायम (ने.का.प. २०६६ अङ्क ८ नि.नं. ८२०१) मुद्दामा सिद्धान्त प्रतिपादन भइसकेको हुँदा प्रस्तुत फिराद हदम्याद नघाई दर्ता गराएको भन्न मिल्ने देखिन नआउने।

विवादको जग्गा आफूले तेस्रो व्यक्तिसँग खरिद गरी लिएको निजी आर्जनको जग्गा भएकोले आफना नाउँमा दर्ता गराएको हो अरू अंशियाराबिच बन्डा लाग्ने होइन भन्ने पुनरावेदक प्रतिवादीको अर्को जिकिर रहेकोमा यी पुनरावेदक प्रतिवादीले कान्छा रत्नबहादुर श्रेष्ठबाट मिति २०१८।८।२७ मा पारित गरी लिएको जग्गा संगोलमा रहेको अवस्थामा राजीनामाबाट पारित गरी लिएको देखिएको र तत्कालीन मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा २०३४।९।२७ मा संशोधन हुनुपूर्वको कानूनी व्यवस्था हेर्दा "मानो नछुट्टिई बसेका अंशियाहरूले कमाएको धन र लगाएको ऋण सबै अंशियरलाई भाग लाग्छ। ऐनबमोजिम अंश गरी लिनु-दिनुपर्दछ।..." भन्ने उल्लेख भएकोबाट कुनै अंशियाराका नाउँमा जुन सुकै बेहोराबाट प्राप्त गरेको जग्गा सगोलका अंशियाराबिच बन्डा लाग्ने व्यवस्था रहेको देखिन्छ। विवादको जग्गा यी पुनरावेदक प्रतिवादीले आफूसमेत समावेश भई खडा भएको बन्डापत्रबाट अर्को अंशियारको भागमा परेको र सो बन्डापत्रउपर यी पुनरावेदकले चुनौती नदिई सदर कायम रही निर्विवाद रहेको अवस्थामा त्यस्तो जग्गा आफ्नो निजी आर्जनको हो भन्ने निजको पुनरावेदन जिकिर कानून एवं तथ्यसङ्गत देखिन नआउने।

पुनरावदेक प्रतिवादी र प्रत्यर्थी वादीहरू सबै अंशियारको सहमतीले पारित मिति २०३४।९।१ र मिति २०३४।९।५ का बन्डापत्रहरूको सम्बन्धमा मुद्दा परी सो बन्डापत्र सर्वोच्च अदालतको मिति २०५०।७।१७ को फैसलासमेतबाट सदर कायम रहेको, बदर वातिल नभएको अवस्था हुँदा उक्त बन्डापत्रबाट वादीहरूको अंशभागमा परेको दाबीको जग्गा यी पुनरावेदकको नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय, काठमाडौंको मिति २०३७।३।२१ को

निर्णय बदर गरी दाबीको जग्गा प्रत्यर्थी वादीहरूको नाउँमा हककायम हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६१।११।२७ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६५।१०।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भोलाराज रेग्मी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल पौष २६ गते रोज १ शुभम्।**

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०६९-CI-०३२२, मापदण्डविपरीत अनियमित घर निर्माण, बसन्तकुमार राई वि. कौशिला टण्डन*

प्रत्यर्थी कौशिला टण्डनले निजको नाम दर्ताको कि.नं. ४४३ को जग्गामा घर निर्माण गर्न काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति भक्तपुरबाट स्वीकृति लिई घर निर्माण कार्य गरेको कुरामा विवाद देखिएन। घर निर्माण गर्दा छोड्नु पर्ने दुरी नछोडेको भनी उक्त समितिले प्रत्यर्थी कौशिला टण्डनलाई रू.२०,०००।- जरिवाना गरी घरको अनियमित भाग आफैँ भत्काउन पर्नेसमेतको आदेश दिएको देखिन्छ। नगर विकास ऐन, २०४५ जारी हुनुपूर्व काठमाडौं उपत्यका नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ लागु रहेको र सो ऐनलाई नगर विकास ऐन, २०४५ ले खारेज गरेको (प्रतिस्थापन गरेको) देखिन्छ। साबिकको नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०३३/५/१ को राजपत्रमा सूचना प्रकाशित गरी समिति गठन गरिएको र यसरी गठित समितिलाई नै नगर विकास ऐन, २०४५ को दफा २८.३ बमोजिम नगर विकास समिति गठन नभएसम्म कायमै राखेकोसमेत देखिन आयो। यस अवस्थाको समितिलाई केवल प्रशासकीय निर्णयको आधारमा हेरफेर गर्न मिल्ने देखिँदैन। समितिको मिति २०५५/४/१० को निर्णय उतारबाट काठमाडौं उपत्यका नगर विकास समितिका सदस्य सचिवलाई अध्यक्षको रूपमा, उपाध्यक्ष प्रमुख जिल्ला अधिकारीसहित अन्य सदस्यहरू तोकेको देखियो। पूर्व गठित समितिभन्दा उल्लिखित (विवादित) समितिको गठन फरक किसिमको देखिन्छ। यसरी प्रशासकीय निर्णयबाट गठित समिति र सो समितिले गरेको निर्णयलाई मान्यता दिन नमिल्ने भनी निवेदक जलनकुमार मानन्धरसमेत विपक्षी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिसमेत भएको संवत् २०६१ सालको रिट नं. ३३२६ को उत्प्रेषणसम्बन्धी निवेदनका सन्दर्भमा यस अदालतबाट मिति २०६४/६/२२ मा व्याख्या भई सिद्धान्त कायम भएकोसमेत देखिन्छ। यसरी भएको व्याख्याभन्दा अहिले फरक दृष्टिकोण राख्नुपर्ने कुनै उचित कारण देखिन नआउने।

कानून प्रतिकूल गठित समितिबाट भएको निर्णयले मान्यता पाउन नसक्ने भएबाट अधिकारक्षेत्रको अभावमा निर्णय गरिएको भनी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति भक्तपुरको मिति २०५५/४/१० को निर्णय उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/११/१७ को फैसला मनासिब देखिँदा सदर हुने। पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भोला राज रेग्मी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल पौष २६ गते रोज १ शुभम्।**

**२४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७४-CI-०६३७, जग्गा खिचोला घर उठाई चलन, गर्भी देवी खत्वेनीसमेत वि. मुकेसप्रसाद गुप्ता*

विवादित साबिक कि.नं. १२२ गाउँब्लक नं. ६३२ को ०-०-३१/२ जग्गा र सोमा भएको घर थान २

यी वादीका पिता गंगाप्रसाद गुप्ताले मिठु खंग खत्वेबाट मिति २०५७।७।२७ मा मालपोत कार्यालय सप्तरीको र.नं. २६३५ को हालैदेखिको बकसपत्र लिखतद्वारा प्राप्त गरेको देखिन्छ। सो लिखत कहीँकतैबाट बदर भएको अवस्था देखिएन। सुरू जिल्ला अदालतबाट विवादित जग्गाको चारकिल्ला जग्गाभित्र भएको घरको प्रकृति र रूख विरूवासमेत खुल्नेगरी नक्सा सर्जमिन मुचुल्का गर्ने आदेश भई मिति २०६८।५।२८ मा प्रतिवादीकै रोहवरमा नक्सा सर्जमिन मुचुल्का हुँदा सर्जमिनका अधिकांश व्यक्तिहरूले प्रतिवादीको घर वादीले उल्लेख गरेको मिति २०६६ जेष्ठ ५ गते निर्माण भएको भनी लेखाइदिएको देखिन्छ। घर निर्माण गरेको विवादित जग्गामा प्रतिवादीको हकभोग देखिने कुनै प्रमाण पेस हुन आएको पाइएन। तसर्थ, वादीका बाबुले पारित गरी लिएको लिखतबमोजिमको ०-०-३$^{१}/_{२}$ जग्गा बाबु आमाको शेषपछि वादीको कायम हुन आउने सो जग्गामा उनाउ व्यक्ति पुनरावदेक प्रतिवादीहरूले घरसमेत बनाई खिचोला गरेको देखिँदा सुरूको सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब देखिने।

लिखतबमोजिमको ०-०-३$^{१}/_{२}$ जग्गासम्म प्रतिवादीहरूले खिचोला गरेको ठहर्‍याई सो जग्गामा रहेको घर उठाई दिनुपर्ने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६८/९/११ को फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७०/५/१० को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रदिप उपाध्याय

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल पौष २८ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०७४-CI-०६३८, जग्गा खिचोला घर उठाई चलन, गर्भी देवी खत्वेनीसमेत वि. जसोवती देवी मण्डल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## २५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७६-WO-०३०७, उत्प्रेषणसमेत, परिवर्तित सङ्केत नाम ३२-H वि. उच्च अदालत, जनकपुर, अस्थायी इजलास, वीरगन्जसमेत

रिट निवेदनसहितका मिसिल कागजातबाट ०७४-PC-०२०२ को जालसाजी मुद्दामा फिराद गर्दा सुधाकुमारीको उमेर वर्ष १४ भनी उल्लेख गरेको देखियो। निज सुधा कुमारी (परिवर्तित नाम "३२ गौर H ") ले मिति २०७५/२/१३ मा जिल्ला अदालतमा बकपत्र गर्दासमेत उमेर वर्ष १४ भनी उल्लेख गरेको पाइयो। ईशनाथ न.पा.को मिति २०७५/४/११ को पत्रबाट निज सुधाकुमारीको जन्ममिति २०६०/१०/५ भनी उल्लेख भएको देखिन्छ। यसबाट मुलुकी देवानी संहिता, २०७४ को दफा ३४ बमोजिम निज सुधाकुमारी अठार वर्ष उमेर पूरा नगरेको कारणबाट अर्धसमक्ष व्यक्ति हुन भन्ने देखिन आएको छ। यस अवस्थाकी नाबालिकाको कुनै कागज गराउँदा संरक्षक वा माथवरको रोहवरमा गराउनुपर्नेमा विवादित मिति २०७६/५/२३ मा उच्च अदालत जनकपुर, वीरगन्ज इजलासमा दिएको मुद्दा फिर्ता पाउँ भन्ने निवेदन र सोबमोजिम भएका काम कारबाहीमा संरक्षक वा माथवर मानिसलाई रोहबरमा राखिएको पाइएन। यिनै प्रत्यर्थीउपर चलेको जबरजस्ती करणी, अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थासमेत देखिएको छ। यसबाट सो मुद्दालाई प्रभावित पार्न नाबालिकाको हितविपरीत हुने गरी काम कारबाही भएको रहेनछ भनी मान्न मिल्ने देखिँदैन। अन्य कुनै तथ्य वा प्रमाणबाट समर्थित हुन आएको नदेखिँदा सुधाकुमारीको उमेर २१ वर्ष भनी मुद्दा फिर्तासम्बन्धी कारबाहीका सन्दर्भमा खुलाइएको

बेहोरा सन्देहास्पद देखिएको छ । मुद्दा फिर्ता दिने गरी आदेश गर्दा सो मुद्दा नाबालिकाको संरक्षकले चलाएको सन्दर्भतर्फ पनि अदालतले दृष्टि दिनु आवश्यक थियो । तर अदालतबाट सो पक्षमा कुनै विवेक पुऱ्याएको पाइएन । यस प्रकारको काम कारबाहीलाई मान्यता प्रदान गर्नु मनासिब नदेखिने ।

उच्च अदालत जनकपुर, वीरगन्ज इजलासको मिति २०७६/५/२३ को आदेश कानूनी रूपमा त्रुटिपूर्ण र नाबालिकाको हकहित प्रतिकूलसमेत देखिँदा उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब कानूनबमोजिम मुद्दाका पक्षहरूलाई झिकाई ०७५-CP-०४०४ को मुद्दाको दायरी कायमै राखी पक्षहरूलाई मुद्दामा पूर्ववत् सामेल गराई कानूनबमोजिम जे जो कारबाही र किनारा गर्नुपर्ने हो गर्नु भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: मोहनप्रसाद बेल्वासे
कम्प्युटर: मन्दिरा रानाभाट
**इति संवत् २०७७ साल माघ ८ गते रोज ५ शुभम् ।**

**इजलास नं.६**

**२६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१५८७, कर्तव्य ज्यान, नेपाल सरकार वि. भुपालसिंह नगरकोटी*

तत्काल रिस वा आवेश के कारणले उठ्छ सँधै भन्न सकिदैन । कारणहरू अनन्त हुनसक्छन्, हरेक मानिसको सोच, आवेग संवेग फरक हुन्छ । कसैको सहनशीलता बढी हुन्छ, कसैको कम। कसैलाई अरूले ठुलै गल्ती गर्दा पनि रिस उठ्दैन तर कसैलाई सानै कुराले पनि रिस उठ्छ । यहाँ प्रतिवादीको बयान हेर्दा आफ्नो कुरा स्वीकार नगरिएको (अर्थात् REJECTION) कारण रिस उठेको भन्ने बुझिन्छ । यस्तो रिस वा आवेगको कारण हत्या हुँदा पनि आवेश प्रेरित हत्या भएको मानिने हुन्छ । अर्को दृष्टिबाट हेर्दा, कुनै हत्या मनसाय राखी गरेको देखिँदैन र मानसिक वा अरू कारण दोषरहित वा हेलचक्रयाइँ वा लापरवाहीपूर्वक भएको देखिँदैन भने त्यसलाई आवेश प्रेरित मानी सजाय गर्नु न्यायोचित देखिन्छ । यहाँ प्रतिवादीको कार्य मनसाय प्रेरित हत्याको वर्गमा नपर्ने, आफ्नो कार्यको प्रकृति र परिणाम थाहा नहुने अवस्थामा गरिएको हो भन्न पनि नमिल्ने र लापरवाही एवम् हेलचक्रयाइँको जिकिर रहे भएकोसमेत नपाइँदा आवेश प्रेरित नै रहेछ भन्नुपर्ने । तसर्थ, ज्यान मार्ने मनसाय रहेको वा सो गर्नुपर्ने इविलाग रहेको वा लुकी छिपी हानेको भन्नेसमेत नभई तत्काल आवेशमा आई विवादित वारदात घटाएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) नं. नभई प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुने देखिँदा सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी भुपाल सिंह नगरकोटीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुने ठहराएको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिने ।

प्रतिवादी भुपालसिंह नगरकोटीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (३) नं. को कसुरमा सर्वस्वसहित जन्मकैद हुने गरी भएको मिति २०७३।९।२५ को सुरू प्युठान जिल्ला अदालतको फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहराएको उच्च अदालत तुलसीपुरको मिति २०७४।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ
कम्प्युटर: रेखा भट्टराई
**इति संवत् २०७७ साल साउन १८ गते रोज १ शुभम् ।**

## २७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०६८-WO-०४७४, उत्प्रेषणसमेत, मिरावदनसमेत श्रेष्ठ वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौंसमेत*

तत्कालीन श्री ५ को सरकारले मिति २०२५/११/३० को राजपत्रमा सूचना प्रकाशित गरी सडकको केन्द्र रेखादेखि दायाँ बायाँ २५ गजलाई बिस्तार गर्दै पुनः मिति २०३४/३/२० मा राजपत्रमा सूचना प्रकाशित गरी केन्द्र रेखबाट दायाँ बायाँ २५/२५ मिटर सडकको सीमा क्षेत्र कायम गरेको र २५ गजदेखि २५ मिटरभित्र पर्ने जग्गाको मुआब्जा नै नदिई सो क्षेत्रभित्र बनेको घरलगायत स्थायी संरचना हटाउन दबाब दिएको भन्ने निवेदन जिकिर रहेकोमा नेपाल सरकारले राजपत्रमा सूचना जारी गरी अधिग्रहण गरेको सडकको सीमाभित्र अनधिकृत रूपमा बनेको संरचना हटाउन सार्वजनिक सूचनासमेत जारी गरेर त्यसरी बनाइएका घरलगायतका भौतिक संरचना हटाइसकिएको भन्ने काठमाडौं उपत्यका नगर विकास समितसमेतको लिखित जवाफ रहेको पाइयो। प्रस्तुत रिट निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बहसको क्रममा नेपाल सरकारले सडकको केन्द्र रेखादेखि दायाँ बायाँ २५ मिटरभित्रका घर टहरा भत्काउने सूचना जारी गरे पनि हाल २५/२५ गजसम्म मात्र सडक विस्तार गरेको छ। २५ गजभन्दा बढी २५ मिटरसम्म सडक विस्तार गर्ने हो भने निवेदकहरूलाई अनिवार्यरूपमा उचित क्षतिपूर्ति दिइनुपर्छ भनी व्यक्त गर्नुभएको छ। त्यसैगरी विपक्षी काठमाडौं उपत्यका नगर विकास समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता तथा सडक विभागसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले पनि निवेदनमा उल्लेखित सडक हाल केन्द्र रेखादेखि दायाँ बायाँ २५/२५ गज नै बनेको र सडक निर्माणको कार्य सम्पन्न भइसकेको भन्ने कुरा व्यक्त गर्नुभएको छ। यस अदालतको मिति २०५८।१०।०५ को निर्णयको रोहमा समेत हेर्दा सडकको केन्द्र रेखादेखि २५ गज अर्थात् ७५ फिटदेखि बढ्ता २५ मिटरसम्म सडक विस्तार गर्नुपर्ने भएमा ती जग्गाहरूको कानूनबमोजिम क्षतिपूर्ति दिएर मात्र सडक विस्तार गर्न सकिने हुन्छ। प्रस्तुत रिट निवेदनको सन्दर्भमा २५ गजभन्दा बढी सडक बिस्तार गरिएको छैन भन्ने निवेदक तथा विपक्षीका कानून व्यवसायीहरूबिच मुख मिलिरहेको अवस्था देखिँदा र २५ गजदेखि बढ्ता चाहिने भएमा २०५८/१०/५ को निर्णयबमोजिम हुने नै हुँदा हाल मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०६८-WO-०५००, उत्प्रेषणसमेत, सुशिला राजवंशीसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## २८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WO-०६१३, उत्प्रेषण, परमादेश, रोशन प्रधानसमेत वि. अर्थ मन्त्रालयसमेत*

निवेदकहरूले आफूहरू संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।११।१३ मा फाजिलमा रहने भनी निर्णय भएकोमा सोहीबमोजिम कार्य गर्दै आएकोमा मिति २०७६।८।२७ मा अर्थ मन्त्रालयले प्रदेश तहमा समायोजन गर्ने निर्णय गरी पत्राचार गरेको हुँदा संघअन्तर्गत फाजिलमा रहने भनी समायोजन भइसकेको कर्मचारीलाई पुनः प्रदेशमा समायोजन गरी एकजना कर्मचारीलाई दुईपटक समायोजन गर्न कानूनतः मिल्दैन भन्ने निवेदकहरूको निवेदन जिकिरका सन्दर्भमा कर्मचारी समायोजन

ऐन, २०७५ को दफा २६ मा भएको व्यवस्था हेर्दा "समायोजन गर्न बाधा नपर्ने" भन्ने शीर्षकमा "...कुनै पनि तहमा दरबन्दी कायम हुन नसकेका सरकारी सेवाका कर्मचारीले दफा ५ बमोजिम निवेदन नदिएको कारणले मात्र त्यस्तो कर्मचारीलाई मन्त्रालयले उपयुक्त ठहऱ्याएबमोजिम प्रदेश वा स्थानीय तहको सेवाको मिल्दो पदमा समायोजन गर्न बाधा पर्ने छैन" भन्ने उल्लेख गरेको पाइन्छ । उक्त व्यवस्थाअनुरूप सरकारलाई दरबन्दी कायम गर्ने र तीनवटै तहका रिक्त पदमा सरकारी सेवाका कर्मचारीलाई समायोजन गर्ने अधिकार दिएको छ । यसबाट मन्त्रालयले उपयुक्त ठहऱ्याएको प्रदेश वा स्थानीय तहमा कर्मचारीलाई समायोजन गर्न वा हुन सक्दैन भन्न मिल्ने देखिँदैन। यस अर्थमा कर्मचारी समायोजनको अवधिमा सरकारी सेवाका कर्मचारी फाजिल वा पुल दरबन्दीमा रहेको भन्नु समायोजन भएको नभई समायोजन हुन नसकेको अवस्था भएको र समायोजन पूर्वको अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९ बमोजिम कर्मचारीहरूलाई कामकाज गर्न खटाउन सकिने व्यवस्था देखिँदा फाजिल रहेको अवस्थालाई समायोजन मान्न नमिल्ने।

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५ (५) बमोजिम निवेदन फाराम भर्ने कर्मचारीलाई मागेकै तहमा समायोजन तथा पदस्थापन गर्नुपर्छ वा पर्दैन ? निवेदन मागको प्राथमिकता क्रमभन्दा बाहिर समायोजन गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नतर्फ विचार गर्दा आफूले माग गरेको स्थानमा समायोजन तथा पदस्थापन गरिँदा सम्बन्धित कर्मचारीलाई आफ्नो व्यक्तिगत, पारिवारिक तथा राष्ट्रसेवाबिच उचित समन्वय स्थापना गर्न सहज हुने देखिन्छ। तर सबै पदमा समायोजनको कुरा निज कर्मचारीसँग सम्बन्धित सेवा वा समूह तीनैवटा तहमा रहेको पद वा दरबन्दीमा भर पर्ने हुन्छ। पद वा दरबन्दी नै नभएको खण्डमा भने निवेदकले माग गरेकै स्थानमा समायोजन गरिनुपर्छ भन्न नमिल्ने।

मिसिल सामेल रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "कर्मचारी समायोजन सम्बन्धमा गुनासो सुनुवाइ टोलीसमक्ष अध्ययन गरी सुझाव दिन गठित कार्यदलको प्रतिवेदन" को प्रतिलिपि हेर्दा, निवेदकहरूलाई नेपाल प्रशासन सेवा, राजस्व समूहको सहायकस्तर पाँचौंको दरबन्दी प्रदेश तहमा रिक्त हुँदाहुँदै फाजिल हुन नपर्ने देखिएकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ (२) (ग) तथा (घ) बमोजिम विभिन्न प्रदेशको सहायकस्तर पाँचौं तहको दरबन्दीमा समायोजन गरेको देखिन आयो । त्यसैगरी संघअन्तर्गत निज निवेदकहरूको सेवा समूहसम्बन्धी पद रिक्त हुँदाहुँदै प्रदेश तहमा गरेको समायोजन गैरकानूनी रहेको भन्ने निवेदन जिकिरतर्फ विचार गर्दा निवेदकहरू कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम विभिन्न प्रदेशमा समायोजन भइसकेपश्चात् रिक्त हुन आएका अर्थ मन्त्रालयअन्तर्गतका रा.प. अनं. द्वितीय श्रेणीका सबै सेवा समूह र पदहरूको माग आकृति फाराम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कानूनबमोजिम लेखी पठाइएको भन्ने अर्थ मन्त्रालयको लिखित जवाफ रहेको देखिँदा विपक्षी अर्थ मन्त्रालय (सचिवस्तर) को मिति २०७६।८।२७ को निर्णय र सोबमोजिमको पत्र कानूनसम्मत नै भएको देखिन्छ। यसबाट निवेदकहरूलाई सारभूत रूपमा मर्का परेको र विपक्षी मन्त्रालयको निर्णय र सोबमोजिमको कार्यमा कानूनी त्रुटिसमेत नदेखिने।

तसर्थ, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५ (१) र (५); १४ (२), (३) र (४); १५ (२) र २६ बमोजिम अर्थ मन्त्रालय (सचिवस्तर) को मिति २०७६।८।२७ को निर्णय र सोबमोजिमको पत्र कानूनसम्मत नै भएको देखिएकोले नेपाल प्रशासन सेवाको राजस्व समूहमा कार्यरत कर्मचारी भई संघबाहेक प्रदेश र स्थानीय तहमा समायोजन गर्न नहुने, भविष्यमा वृत्ति विकासमा बाधा पुग्ने र सेवाका सर्त सुविधामा समेत असर पर्ने गरी समायोजन गरिएकोले

विपक्षी अर्थ मन्त्रालयको मिति २०७६।८।२७ को समायोजनको निर्णय र पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी संघअन्तर्गत राजस्व समूहका पदमा मिलान गर्नु, गराउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदक रोशन प्रधानसमेतको निवेदन मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम्।**

**२९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७५-CR-१५६५, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुनिल कुमालसमेत

जाहेरीमा यी प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी दिने मृतककी श्रीमतीले नै अदालतमा सो कुराको समर्थन गर्न नसकी केवल रिसको झोकमा मात्र यी प्रतिवादीहरूको नाम लेखाइदिएको भनी बकपत्र गेरको पाइन्छ । अन्य मौकामा कागज गर्ने व्यक्तिहरूमध्ये अदालतमा उपस्थित भई बकपत्र गर्ने चक्रबहादुर बोगटी र गणेश श्रेष्ठ पनि उक्त वारदातका प्रत्यक्षदर्शी नभएको भन्ने देखिन्छ, साथै निजहरूले सो वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको भनी खुलाउन सकेको पनि छैन। कसुरदार ठहर भई सजाय पाएका सहप्रतिवादी सवारीलाल चौधरीले पनि अदालतमा आफू एक्लैले मात्र कसुर गरेको स्वीकारी यी प्रतिवादीहरूको भने वारदातमा कुनै किसिमको संलग्नता नरहेको भनी बयान गरिदिएको।

प्रतिवादीहरूले मृतक अंकालु चौधरीलाई मार्नुपर्नेसम्मको कारणसमेत नदेखिएको, उक्त वारदात कसुरमा संलग्नता रहेको भन्ने कुरा मिसिलसंलग्न कागजातबाट स्पष्ट रूपमा खुल्न नसकेको, अन्य परिस्थितिजन्य प्रमाणबाट पनि सो कुराको पुष्टि हुन नसकेको अवस्थामा उपर्युक्त प्रतिपादित सिद्धान्तसमेतको आधारमा मृतक अङ्कलु चौधरीलाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता नदेखिएको स्थितिमा निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत दिपायलले गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, सुरू कैलाली जिल्ला अदालतले प्रतिवादीहरू रुपलाल चौधरी, गणेश चौधरी, सियाराम चौधरी, सुखलाल चौधरी, दशीराम चौधरी, गण्डा चौधरी, सुनिल कुमाल, तारा चौधरी, सिरू चौधरी, प्रेम चौधरी, पुरभाग चौधरी, भगीराम चौधरी र जितमान चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी कैलाली जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहराएको उच्च अदालत दिपायलको मिति २०७५।०३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल जेठ २० गते रोज ३ शुभम्।**

**इजलास नं.७**

३०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७६-CR-०३०३, जबरजस्ती करणी, नेपाल सरकार वि. नबाब हुसेन

प्रतिवादीमा पीडितालाई जबरजस्ती करणी गर्ने मनसाय भएको, जबरजस्ती करणी गर्ने कार्य भएको र पीडिताको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था हुँदा तथा पीडिताले अदालतसमक्ष उपस्थित भई पटकपटक डर, धाकधम्की दिई तीन पटक जबरजस्ती करणी गरेको भनी आफ्नो पीडा व्यक्त गरेको, पीडिताको कन्याजाली absent रहेको भन्ने स्वास्थ्य परीक्षणबाट देखिएको र घटना भएको दिन गाउँ घर छिमेकका व्यक्तिले तत्कालै पक्राउ

गरेको अवस्था हुँदा यी प्रतिवादीले निज पीडितालाई जबरजस्ती करणी गरेको होइन भनी गरेको इन्कारी बयान विश्वसनीय नदेखिने।

प्रतिवादीको डर, धाक, धम्कीका कारण आफ्नो इच्छा विपरीत पीडिताले आफूलाई पटकपटक समर्पित गरेको र अन्तिम वारदातका दिन फेरि जबरजस्ती करणी गर्न प्रबन्ध गर्दागर्दै स्थानीय व्यक्तिहरूले कब्जामा लिएको देखिएको हुनाले निजहरूबिच सहमतिमा शारीरिक सम्पर्क भएको मान्न मिल्ने नदेखिने।

प्रतिवादी तथा पीडिताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा एक आपसमा मिलेको देखिन्छ । पीडिताले अदालतसमक्ष बकपत्र गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेपछि सो कुरा निजले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम वस्तुनिष्ठ आधारमा पुष्टि गर्नुपर्नेमा गरेको नदेखिँदा निजको सो इन्कारी बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन। पीडिताको कन्याजाली Absent छ भन्नेसमेत बेहोराको परीक्षण प्रतिवेदन देखिन्छ । पीडिताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा तथा अदालतमा गरेको बकपत्र बेहोरा र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरालाई उक्त परीक्षण प्रतिवेदनले समर्थित गरेको अवस्था छ । यसर्थ प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान, वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले प्रतिवादीलाई सफाइ हुन मद्दत पुग्ने बेहोराबाट गरेको बकपत्र र प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्र बेहोरासँग सहमत हुन सकिएन । उल्लिखित विवेचित आधार कारणहरूबाट यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आउने।

पीडिताको उमेर सम्बन्धमा विचार गर्दा, जाहेरी बेहोरामा पीडिताको उमेर १६ वर्ष भनी र पीडिताले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दासमेत आफ्नो उमेर १६ वर्ष नै लेखाएको देखिन्छ। अभियोग मागदाबीमा निजको उमेर १५ वर्ष भनी उल्लेख गरेको देखिन्छ। अदालतमा निज पीडिताले बकपत्र गर्दा आफ्नो उमेर १५ वर्ष भनी लेखाएको छ। अदालतको आदेशानुसार निज पीडिताको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि पठाइदिनु हुन भनी निज अध्ययनरत श्री भोज भगत उच्च माध्यमिक विद्यालय र गाउँ विकास समितिको कार्यालय, लिपनीमाल, बारामा पत्राचार गरिएकोमा उक्त विद्यालयबाट निज २०६७ सालमा विद्यालयमा भर्ना हुँदा निजले पेस गरेको TC/CC को आधारमा भर्ना भएको हुँदा निजको जन्मदर्ता प्रमाण-पत्र विद्यालयमा नभएको भनी जवाफ प्राप्त भएको देखिन्छ। उक्त गा.वि.स. को कार्यालयबाट प्राप्त जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि हेर्दा आमाको सूचनाका आधारमा निज पीडिताको जन्मदर्ता मिति २०६८।२।२९ मा गरिएको र जन्ममिति २०५५।१।५ उल्लेख भएको देखिन्छ। साबिक लिपनीमाल गा.वि.स. हाल परवानीपुर गाउँपालिकाबाट मिति २०६७।४।१ देखि मिति २०६८।४।३२ र मिति २०७२।४।१ देखि मिति २०७३।४।१ सम्म जन्मदर्ता भएको रजिस्टर झिकाइएकोमा निजका बाबुले मिति २०७२।१०।१८ मा दर्ता गराएको जन्मदर्तामा निजको जन्ममिति २०५८।१।१५ उल्लेख भएको र निजकी आमाले मिति २०६८।२।२५ मा दर्ता गराएको जन्मदर्तामा निजको जन्ममिति २०५५।१।५ उल्लेख भएको पाइयो। आमाले छोरीको अघि जन्मदर्ता गराई प्रमाणपत्र लिइसकेको अवस्थामा चार वर्ष उप्रान्त पिताले जन्ममिति संशोधन नगराई छुट्टै नयाँ जन्मदर्ता गराएको तथ्यको औचित्य पुष्टि भएको अवस्था नदेखिने।

पीडिताको उमेरसम्बन्धी उल्लिखित जन्मदर्ता रजिस्ट्रअनुसार वारदात भएको भनिएको दिन सम्ममा २०५५।१।५ लाई जन्ममिति मान्दा

पीडिताको उमेर १८ वर्ष ४ महिना २४ दिन र २०५८।१।१५ लाई जन्ममिति मान्दा निजको उमेर १५ वर्ष ४ महिना १४ दिन हुन आउँछ । निजका उक्त उमेरहरू जाहेरी दरखास्त, अभियोग पत्र तथा निजले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयान बेहोरामा भएको उमेरसँग मेल खाएको देखिँदैन । निज पीडिताको उमेर खुल्ने उल्लिखित जन्मदर्ताको अभिलेखबाहेक अन्य कागजात मिसिल संलग्न भएको नदेखिएकोले प्रतिवादीलाई सजाय गर्ने प्रयोजनको लागि मिसिल संलग्न उल्लिखित अभिलेखबाटै निजको जन्ममिति यकिन गर्नुपर्ने अवस्था देखियो । जन्मदर्ता एक पटक गरिने हो । यहाँ अघि आमाले दर्ता गराएको जन्मदर्ताबारे बाबुलाई थाहा नभएको अवस्था पनि हुन सक्छ । एकपटक दर्ता भइसकेको आफ्नो अभिलेख नहेरी पटकपटक स्थानीय पञ्जिकाधिकारीले जन्मदर्ता गर्नु गराउनु हुँदैन । यदाकदा स्थानीय पञ्जिकाधिकारी वा विद्यालयका अधिकारीबाट कुनै स्वार्थ गाँसिएका व्यक्तिको भनसुन, दबाब, प्रभाव वा लोभलालचमा माग वा सुविधाबमोजिमको अभिलेख वा प्रमाणपत्र बनाइने गरेको पनि देखिएका छन् । त्यस्तो गलत अभिलेख वा प्रमाण कागज बनाई अदालतको न्याय सम्पादनमा प्रतिकूल प्रभाव पार्नेहरूलाई अन्य प्रचलित कानूनको अलावा अदालतकै अवहेलनामा कारबाही गर्नुपर्ने अवस्था पनि सिर्जना हुनेतर्फ सम्बन्धित सबै सचेत हुनु आवश्यक हुन्छ । पटकपटक जन्मदर्ता गर्नाले सम्बन्धित व्यक्तिलाई अन्यौलता एवम् असर पर्नुका साथै जनगणनालगायत सरकारी नीति निर्माण तथा कार्यान्वयनमा समेत प्रभाव पर्दछ । पहिले गरेको जन्मदर्तामा जन्ममिति फरक परेको भए सो त्रुटि सच्याउन कानूनी प्रक्रिया अवलम्बन गर्न सकिन्छ तर पहिले गरेको जन्मदर्तालाई यथास्थितिमा राखी पुनः जन्मदर्ता गर्न कानूनतः मिल्दैन । कानूनतः दर्ता गर्नै नमिल्ने जन्मदर्ताले कानूनी मान्यता पाउन सक्दैन । यसर्थ अघिल्लो मिति २०६८।२।२५ मा आमाले गराएको जन्मदर्तामा उल्लिखित जन्ममिति २०५५।१।५ लाई कानूनीरूपमा अमान्य गर्ने वस्तुनिष्ठ आधार यस मिसिलमा उपलब्ध देखिँदैन । यसबाट निज पीडिताको उमेर वारदात भएका दिनमा १८ वर्ष ४ महिना २४ दिन हुने देखिएको हुँदा तत्काल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २ (क) अनुसार निज पीडिता १६ वर्ष पूरा भएकोले नाबालक नमानिने र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) अनुसार निज पीडिता १८ वर्ष पूरा भएकोले हाल प्रचलित उक्त ऐन अनुसार पनि निज पीडितालाई बालबालिका भनी मान्न मिल्ने नदेखिने ।

प्रतिवादी नबाब हुसेनलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ (४) नं. अनुसार पाँच वर्ष कैदको सजाय हुने र पीडितालाई निज प्रतिवादीबाट रू.१०,०००।- क्षतिपूर्ति भराइदिने ठहर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल असोज ५ गते रोज २ शुभम् ।

३१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१४०८, जबरजस्ती करणी, नेपाल सरकार वि. सुदिप तामाङसमेत

प्रतिवादी भुवनसिंह राईको समेत वारदातमा संलग्नता रहेको भनी दिएको किटानी जाहेरी दरखास्तलाई पुष्टि गर्दै जाहेरवाली डेनी मगरले अदालतमा आई बकपत्र गरेको देखिन्छ । पीडिता जेनीको बकपत्रमा प्रतिवादी भुवनसिंह राईले मेरो योनिमा हातको औँला छिराएको भनी जाहेरीलाई पुष्टि गर्दै बकपत्र गरेको देखिन्छ । प्रतिवादी अदालतमा

आई बयान गर्दा कसुरमा इन्कार रहेको भए पनि अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितासँग करणी गर्न माग्दा पीडिताले इन्कार गरी रून थालेको हुँदा मेरो औँला निजको योनिमा छिराई जबरजस्ती करणी गर्न खोज्दा निजको दिदी खोज्दै आएपछि भागेको हुँ भनी उल्लेख गरेको देखिन आएको छ । वारदात मितिमा कायम रहेको मुलुकी ऐन, जबरजस्ती करणीको महलले महिलाको योनिमा पुरूषको लिंगको प्रवेशलाई करणी मानी आएकोमा लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ बाट उक्त महलको १ नं.को स्पष्टीकरण (घ) थप गरी जुनसुकै वस्तु योनिमा प्रवेश गराएमा करणी भएको मानिने व्यवस्था भएको देखिएको छ । यसरी वारदात हुँदाको मितिमा यी प्रतिवादी भुवन सिंह राई जबरजस्ती करणी गर्ने मनसायले तयार भई पीडितको योनिमा औँला प्रवेश गराएको तर करणीको कार्य सम्पन्न गर्न नपाउँदै पीडित कराएको र निजको दिदी निज पीडितलाई खोज्दै आएकोले करणीको कार्य सम्पन्न गर्न नभ्याएको अवस्थामा प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले सोही महलको ५ नं. अनुसार प्रतिवादी भुवनसिंह राईलाई ३ (तीन) वर्ष कैद हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२/३/२ मा भएको फैसलालाई तत्काल प्रचलित कानूनको परिप्रेक्ष्यमा र ऐ. को ३क को प्रयोजनार्थ सामूहिक करणी भएको भन्ने प्रमाणित नभएको अवस्थामा अन्यथा भन्न नमिल्ने ।

अतः पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।३।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७७ साल जेष्ठ ८ गते रोज ५ शुभम् ।

३२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-११०२, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. उदयबहादुर हमाल

प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयानमा मैले लागु औषध सेवन गरेर गोठमा बसेको थिए, किन्नको लागि कोही आएमा बिक्री गर्ने उद्देश्य पनि थियो भनी उल्लेख गरेको भए तापनि अदालतको बयानमा मैले लागु औषध सेवनको लागि मात्र राखेको हुँ, ओसारपसार र खरिद बिक्री गर्ने उद्देश्यले सञ्चय गरेको होइन । अब उप्रान्त सेवन पनि गर्ने छैन भनी प्रतिवादी उदयबहादुर हमालले बयान गरेको पाइयो । बरामदी लागु औषध ब्राउन सुगरको मात्रा दुई ग्राम सात सय साठी मिलीग्राम भए पनि १ (एक) पुरियालाई अदालतकै बयानमा निजले आफूबाट बरामद भएको होइन भनी इन्कार गरेकोमा सो कुरालाई अभियोजन पक्षले उक्त एक पुरिया लागु औषध पनि निजै प्रतिवादीबाट बरामद गरिएको हो भनी प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादी उदयबहादुर हमालको अदालतसमक्ष भएको बयानलाई अन्यथा मान्न मिलेन । उक्त बरामदी लागु औषध तौल गर्दा सेतो कागज र प्लास्टिकसहित तौल गरेको हुँदा ब्राउन सुगर मात्रैको यकिन तौल खुल्न आएको पनि देखिँदैन । त्यसै गरी बरामदी ८ (आठ) पुरियामध्ये १ (एक) पुरिया प्रतिवादीको कसुरको दायित्वभित्र नपर्ने र ब्राउन सुगरको समग्र तौलमा सेतो कागज र प्लास्टिकसहितको तौल भएको हुँदा प्रतिवादीबाट बरामदी लागु औषध ब्राउन सुगरको तौल अभियोगदाबीमा उल्लेख भएझैँ दुई ग्राम सात सय साठी मिलिग्राम हुने अवस्था नदेखिई बरामदी लागु औषध ब्राउन सुगरको ७ (सात) पुरियामा करिब करिब दुई ग्रामको हाराहारीमा देखिन आयो । अर्कोतर्फ प्रतिवादीले लागु औषध सेवन गर्ने गरेको तथ्यगत बेहोरा मौकाको अनुसन्धान अधिकारीसमक्षको बयानमा स्पष्ट रूपमा उल्लेख गर्दै सो कुरालाई अदालतको बयानमा

समेत बरामदी लागु औषध आफूले सेवन गर्ने गरेकोले आफूसँग राखेको भनी भनेका छन् । यी प्रतिवादी लागु औषधको कसुरमा यसभन्दा पहिले पक्राउ परेको पनि नदेखिनु, निजबाट कसैले लागु औषध खरिद गर्ने गरेको कुरा स्थापित नहुनु तथा निजले उक्त लागु औषध बिक्री गर्ने प्रकृतिबाट कुनै कार्य गरेको पनि नदेखिनु र बरामदी लागु औषधको पुरियाको परिमाण पनि कारोबार गर्ने प्रकृतिको नहुनुले निज प्रतिवादी उदयबहादुर हमालले उक्त लागु औषध ब्राउन सुगर बेचबिखनको लागि ओसारपसार गरेको नभई सेवन गर्नकै लागि लिई राखेको अवस्थामा बरामद भएको हुँदा निजलाई उक्त लागु औषध ब्राउन सुगर ओसारपसार र बेचबिखनको कसुरमा सजाय गर्ने गरेको सुरूको फैसला मिलेको देखिँदैन । प्रतिवादी उदयबहादुर हमाललाई ऐ. ऐनको दफा ४ (च) विपरीतको सेवनको कसुरमा ऐ. ऐनको दफा १४ (१) (ङ) बमोजिम थुनामा बसे जती ८ महिना १५ दिन कैद हुने ठहर्छ भनी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।५।१३ मा भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७७ साल जेठ ८ गते रोज २ शुभम् ।

३३

**मा.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१२६०, कुटपिट, विरजा राउत कुर्मीसमेत वि. सत्यनारायण राउत कुर्मीसमेत

वादी केशव राउत कुर्मीको टाउको फुटेको तथा शरीरका विभिन्न भागमा चोटपटक लाग्न गएको भन्ने फिरादमा दाबी लिएको देखिए तापनि निजका नामको घा जाँच भई प्रतिवेदन प्राप्त भएको र निजलाई कुटपिट गरेको भनी देखिने वस्तुनिष्ठ सबुद प्रमाण मिसिल संलग्न देखिँदैन । मिसिल संलग्न कागजातहरू हेर्दा केश्वर राउत कुर्मीको घा जाँच केस फाराम प्राप्त मिसिल संलग्न रहेको देखिन्छ । केश्वर राउत कुर्मी र केशव राउत कुर्मी एकै व्यक्ति हुन् भनी सम्बन्धित निकायबाट प्रमाणित भएको देखिँदैन । निज केशव राउत कुर्मीले सो घा जाँच केस फारममा भुलवश केश्वर राउत कुर्मी लेखिन गएकोले भुल सुधार गरिपाउँ भनी निवेदन दिई सच्याउने प्रक्रियातिर लागेको वा आफ्नो नामबाट घा जाँच गरिपाउँ भनी पुनः निवेदन दिएको अवस्थासमेत देखिँदैन । निज केशवको वारिस सत्यनारायण मुद्दा फैसला हुँदाका मितिसम्म नियमित रूपमा तारेखमा रहेको देखिएकोले घा जाँच केस फारममा केश्वर लेखिन गएको भन्ने कुरा थाहा थिएन भन्न मिल्ने अवस्था पनि देखिँदैन । वादीहरूका साक्षीले यी केशवलाई प्रतिवादीहरूले कुटपिट गरेका हुन् भने तापनि फिराद दाबीबमोजिम निजको टाउको फुटेको र शरीरका विभिन्न भागमा चोटपटक लागेको देखिने निजहरूको भनाइबाहेक सो बेहोरालाई समर्थित गर्ने अन्य सबुद प्रमाणको अभाव रहेको देखिँदा निजहरूको भनाइका आधारमा मात्र प्रतिवादीहरूले यी वादी केशव राउत कुर्मीलाई कुटपिट गरेको हो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

वादी सत्यनारायण राउत कुर्मीको टाउको फुटेको र दाहिने हात फ्र्याक्चर भएको, दाहिनेतर्फको करङ भाँचेको, देब्रे खुट्टाको औंलासँग जोडिएको औंला भाँचिएको तथा शरीरको अन्य भागमा समेत चोटपटक लागेको भन्नेसमेत बेहोरा फिरादपत्रमा उल्लेख गरेको देखिन्छ । वादीहरूका साक्षीहरूले यी वादी सत्यनारायणलाई प्रतिवादीहरूले कुटपिट गरेका हुन् भनी बकपत्र गरेको देखिन्छ । प्रतिवादीले कुटपिटको घटना नै घटेको छैन भनी प्रतिवाद गरे पनि वादीको भनाइ, साक्षीका बकपत्र, घा जाँचसम्बन्धी आधिकारिक कागजातहरूसमेतबाट प्रतिवादीको प्रतिवाद विश्वसनीय देखिँदैन । मिसिल संलग्न निजका

नामको घा जाँच केस फारम हेर्दा, सत्यनारायण राउत कुर्मीको दायाँ कुहिना र देब्रे खुट्टाको भाँचिएको भागको X-Ray गरी हेर्दा देब्रे खुट्टाको Second Metacarpal Bone को भाँचिएको भाग पूर्णतयाः जोडिसकेकोले पूर्ण काम लाग्ने अवस्थामा भएको र दायाँ कुहिनाको हाडमा कुनै किसिमको Fracture नभएको भन्नेसमेत बेहोरा उल्लेख भएको अवस्था छ। फिरादमा दाबी लिइएको अङ्गमा कुटपिट एवम् प्रहार गरिएको कुरा उक्त घा जाँच केस फारमको बेहोराले समर्थित गरेको देखिएको हुँदा यी वादीलाई कुटपिट गरेको कुरा निर्विवाद रूपमा स्थापित हुन आउने।

वादी सत्यनारायणलाई कुटपिट गर्ने कार्यमा को-कसको, के-कस्तो संलग्नता रहेको छ ? भन्ने सम्बन्धमा विचार गर्दा, मिति २०६५।६।२६ गतेका दिन बिहान अन्दाजी ९:०० बजेको समयमा सत्यनारायण आफ्नो घरअगाडि द्वारमा बसिरहेको अवस्थामा हरिप्रसादसमेतका व्यक्तिहरू आ-आफ्नो हातमा लाठी एवम् धारिलो हतियारको साथमा आई ती व्यक्तिहरूमध्ये हरिप्रसादले सत्यनारायणको कठालो समाती तान्दै नानाथरीको गाली गर्दै यसको ज्यान मारिदेउ भनी वचन दिई आफ्नो हातमा भएको फर्सा तथा अन्य व्यक्तिहरूले हात-हातमा लिएको लाठीसमेतले सत्यनारायणको टाउको तथा जिउको विभिन्न भागमा प्रहार गरेको भन्ने फिराद बेहोरा रहेको देखिन्छ। फिरादपत्रमा ६ जना व्यक्तिहरूलाई प्रतिवादी बनाएको देखिन्छ। फिरादपत्रको पेटबोलीमा हरिप्रसाद कुर्मीले वादी सत्यनारायणको कठालो समाती तानेको, नानाथरीको गाली गरेको, सँगै आएका अन्य व्यक्तिहरूलाई ज्यान मारिदेउ भनी वचन दिएको र आफ्नो हातमा भएको फर्साले प्रहार गरेको भन्ने देखिन्छ। तर अन्य प्रतिवादी बनाइएका व्यक्तिहरूमध्ये को-कसले, के-कसरी यी वादी सत्यनारायणलाई कुटपिट गर्न सहयोग गरे वा कुटपिट गरे वा के-कस्तो परिबन्दमा पारिदिए भनी फिरादपत्रको पेटबोलीमा उल्लेख गरेको देखिँदैन। हरिप्रसादबाहेक अन्य प्रतिवादीहरूको उक्त कुटपिट वारदातमा को-कसको, कस्तो भूमिका रहेको थियो फिरादपत्रमा खुलाएको देखिँदैन। प्रतिवादीहरूले प्रतिउत्तर जिकिरमा वादीहरूलाई कुटपिट गरेको होइन भनेका छन्। वादीका साक्षीहरूले सत्यनारायण र हरिप्रसादबिच झगडा भएको, प्रतिवादीहरूले वादीहरूलाई कुटपिट गरेको हो भनी फिराद दाबीलाई समर्थन गरी र प्रतिवादीका साक्षीले प्रतिवादीहरू सो दिन घटनास्थलमा थिएनन् भनी प्रतिवादीहरूलाई बचाउ गरी बकपत्र गरेको अवस्था छ । वादीका साक्षीले सत्यनारायण र हरिप्रसादबिच झगडा भएको देखेको भनी उल्लेख गरेको तर अन्य प्रतिवादीहरू को-कसको उपस्थिति थियो र के-कसरी कुटपिट गरे भन्ने कुरा खुलाएको देखिँदैन। केवल प्रतिवादीहरूले वादीहरूलाई कुटपिट गरेको देखेको हो भन्ने गोलमटोल भनाइका आधारमा मात्र अन्य प्रतिवादीहरूको समेत संलग्नता भएको वस्तुनिष्ठ रूपमा पुष्टि हुन सक्दैन। वादीहरूले फिरादपत्रमा प्रतिवादीमध्येका हरिप्रसाद कुर्मीको संलग्नता र भूमिकाका बारेमा उल्लेख गरेको र निजहरूका साक्षीहरूले समेत सत्यनारायण र हरिप्रसादका बिच झगडा भएको देखेको भनी बकपत्र बेहोरामा लेखाएको तर अन्य प्रतिवादीहरूको संलग्नता र भूमिकाका बारेमा केही उल्लेख गरेको नदेखिएबाट उक्त कुटपिटको वारदातमा अन्य प्रतिवादीहरूको संलग्नता थियो भनी शङ्कारहित तवरबाट निष्कर्षमा पुग्न सकिने अवस्था देखिएन। प्रतिवादी हरि राउत कुर्मी भन्ने हरिप्रसाद कुर्मीको नाम वादीले किटानीसाथ खुलाई निजले नै कठालो समाई फर्साले हिर्काएको भन्ने तथ्यगत विवाद नदेखिएको र अरू व्यक्तिहरूको परिचय र भूमिकाबारे स्पष्ट खुल्न नसकेकोबाट निज हरिप्रसाद कुर्मी मात्र उक्त कुटपिट वारदातमा संलग्नता र भूमिका रहेको देखिएकोले निजले मात्र वादी सत्यनारायण राउत कुर्मीलाई कुटपिट गरेको पुष्टि हुन आउने।

अतः प्रतिवादी हरि राउत कुर्मी भन्ने हरिप्रसाद कुर्मीले वादी सत्यनारायण राउत कुर्मीलाई कुटपिट गरेको पुष्टि भएकोले पुनरावेदन अदालत हेटौंडाबाट प्रतिवादीहरू विरजा राउत कुर्मी, वीरेन्द्र राउत कुर्मी, जितेन्द्र राउत कुर्मी, मुनेश्वर राउत कुर्मी र लालबाबु राउत कुर्मीसमेतले हुल गरी कुटपिट गरेको ठहऱ्याई प्रतिवादी हरि राउत कुर्मी भन्ने हरिप्रसाद कुर्मीलाई सुरू पर्सा जिल्ला अदालतबाट भएको रू.२०००।- जरिवाना र ६ महिना कैद सबै प्रतिवादीहरूलाई दामासाहीले लाग्ने तथा कुटपिटको १८ नं.ले हुलतर्फसमेत थप सजाय हुने ठहऱ्याई भएको मिति २०६८।८।५ को फैसला उल्टी भई निज प्रतिवादी हरि राउत कुर्मी भन्ने हरिप्रसाद कुर्मीलाई मुलुकी ऐन, कुटपिट महलको ७ नं. बमोजिम ६ (छ) महिना कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना तथा सोही ऐनको दफा २५ नं. बमोजिम वादी सत्यनारायण राउत कुर्मीलाई घाखर्च भराइदिने तथा अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६।११।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कैदबापत रकम तिर्न सकिने व्यवस्था रहेको पाइन्छ। ऐ. दफाको उपदफा (१) मा कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैदबापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने छ भन्ने व्यवस्था रहेको र ऐ. ऐनको उपदफा (२) मा उपदफा (१) बमोजिमको आदेश दिनुअघि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको कसुर नगरी राम्रो आचरण पालन गर्ने छु भन्ने बेहोराको कागज गराउनुपर्ने छ। साथै उपदफा (३) मा उपदफा (१) बमोजिम रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश भएको कसुरदारले कैदबापत रकम बुझाउँदा एक दिन कैदको रू.३००।– (तीन सय) रूपैयाँका दरले रकम बुझाउनुपर्ने छ। उपदफा (४) मा उपदफा (१) बमोजिम कैद बस्न छुट भएको व्यक्तिले त्यसरी छुटेको मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई पहिले भएको फैसलाबमोजिमको कैदसमेत थपी सजाय कार्यान्वयन गर्नुपर्ने छ। उपदफा (८) मा उपदफा (३) बमोजिम रकम तिरेमा कसुरदारले कैद भुक्तान गरेको मानिने छ भनी उल्लेख भएको देखिन्छ। यी वादी सत्यनारायणको शरीरमा गम्भीररूपमा असर पर्ने चोटहरू नभएको, यी प्रतिवादी हरिप्रसादले सत्यनारायणमाथि प्रहार गरेको भनिएको अङ्ग काम नलाग्ने अवस्थामा नभई काम लाग्ने अवस्थामा रहेको भन्ने देखिएको, हरिप्रसादले सत्यनारायणमाथि धारिलो हतियार प्रहार गरेको नदेखिएको, निज प्रतिवादीको आचरण नराम्रो रहेको भन्ने नदेखिएको, निजको उमेर करिब ७४ वर्ष भन्ने देखिएको, निजहरूबिच पूर्व रिसइवीसमेत रहेको नदेखिएबाट निज प्रतिवादीलाई कारागारमा राख्नु उपयुक्त नदेखिएको र निजलाई कैदबाट मुक्त गर्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएको हुँदा उल्लिखित कानूनी व्यवस्था अनुसार अब उप्रान्त कुनै प्रकारको कसुर नगरी राम्रो आचरण पालन गर्ने छु भन्ने बेहोराको कागज गर्न र एक दिन कैदको रू.३००।– (तीन सय) रूपैयाँका दरले रकम बुझाउन मन्जुर गरी कागज गरेमा रकम लिई उक्त कैदबाट छाडिदिन उपयुक्त हुने।

इजलास: सीता अधिकारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल माघ २९ गते रोज ४ शुभम्।**

## इजलास नं.८

३४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, ०७४-CI-०२७२, दोहोरो लगत कट्टा गरिपाऊँ, सानुकान्छी कार्की खत्री वि. शकुन्तला लिम्बू

बाग्मती अञ्चल अदालतबाट सानो कान्छो कार्कीका नाममा २०२२ सालमा कि.नं.७३ र ८१ का जग्गा नापी दर्ता भएको दर्ता बदर नभई लिखत बदर नहुने गरी बिक्री दर्ता बदर र जग्गा खिचोला मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहरी २०३९ सालमा भएको फैसला अन्तिम भई बसेको देखिँदा सोही फैसलाबमोजिम हाल कायम भएका सैवु गा.वि.स. वडा नं. ४ (ख) कि.नं. ७३ शकुन्तला लिम्बू, कि.नं. ८१ कित्ताकाट भई कि.नं. ४३७ र ४३८ कायम भई कि.नं. ४३८ सुस्मिता रिजाल, कि.नं. ४३७ कित्ताकाट भई कि.नं.१२५२, १२५४ सुरेन्द्र भण्डारी र कि.नं. १२५३ नेपाल सरकार बाटोका नाममा मोठ स्रेस्ता कायम गरिदिएको मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।२ मा भएको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था नदेखिने

तसर्थ, सुरू मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल माघ १२ गते रोज १ शुभम् ।**

३५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुष्मालता माथेमा,** ०६९-WO-१२९३, उत्प्रेषणसमेत, उदितनारायण झा वि. नेपाल खाद्य संस्थान बोर्ड, केन्द्रीय कार्यालय सिंहदरबारसमेत

निवेदकले छिजजर्ती कारबाही उपसमितिको निर्णयउपर गरेको पुनरावेदनमा नेपाल खाद्य संस्थानको सञ्चालन समितिले सोउपर कारबाही गरी खाद्यान्न मिनाहा हुने वा नहुने भन्ने सम्बन्धमा निर्णय गरेको देखिँदैन । यसरी छिजजर्ती कारबाही उपसमितिको निर्णयउपर निवेदकले गरेको पुनरावेदनमा सञ्चालक समितिले कारबाही नगरी निज अनिवार्य अवकास हुँदा छिजजर्ती कारबाही उपसमितिको निर्णयबमोजिम नै निवेदकले पाउने बिमाको रकमबाट कट्टा गरी घटौती खाद्यान्न असुल गरेको पाइन्छ । नेपाल खाद्य संस्थान एउटा कानूनी व्यक्ति भएको हुँदा यसका सबै कामकारबाही कानूनबमोजिम नै हुनुपर्ने देखिन्छ । तर नेपाल खाद्य संस्थानले निवेदकको हकमा निजले दिएको पुनरावेदनमा निर्णय नै नगरी निज अवकास हुँदा बिमाबापत निजले पाउने रकम कट्टा गरी घटौती खाद्यान्नको रकम असुल गरेको पाइन्छ । यसरी निवेदकले छिजजर्ती कारबाही उपसमितिले गरेको निर्णयमा चित्त नबुझाई गरेको पुनरावेदनको अन्तिम टुङ्गो नलगाई नेपाल खाद्य संस्थानले निवेदकको बिमा रकम कट्टा गरी असुलउपर गर्ने भनी गरेको निर्णयमा कानूनी त्रुटि रहेको देखिने ।

सर्वसाधारण नागरिकको हित सुरक्षाको लागि सङ्ग्रह तथा वितरण गरिने खाद्यान्न पोषणयुक्त हुन पनि त्यत्तिकै आवश्यक हुन्छ । नागरिकको स्वास्थ्यमा असर नपर्ने गरी पोषणयुक्त खाद्यान्नको सङ्ग्रह गर्न के कस्तो भौतिक संरचना आवश्यक पर्दछ ? खाद्यान्नको गुणस्तर कायम राखिरहन गोदाममा कस्तो वातावरण आवश्यक पर्दछ ? आदि विविध कुरामा विचार गरी सोहीअनुसारको संरचनायुक्त गोदामको व्यवस्था गर्ने कर्तव्य खाद्य संस्थानको व्यवस्थापकको हुने देखिन्छ । तर उक्त गोदाममा वर्षातको पानीसमेत पस्ने गरेको भन्ने पत्रको प्रतिलिपिबाट देखिएकोले निवेदक

जिम्माको गोदाम खाद्य सुरक्षाको हिसाबले उचित रहेको थियो भन्न सक्ने अवस्था देखिएन । यसरी गोदामको अवस्था ठिक रहेको भन्ने पनि नदेखिएको र निवेदकले कानूनबमोजिम दिएको छिजजर्ती कारबाही उपसमितिको निर्णयउपरको पुनरावेदनमा कारबाही गरी अन्तिम टुङ्गो लगाएको पनि नदेखिएको अवस्थामा अवकाश हुँदा निवेदकले पाउने बिमा रकमबाट घटौती रकम असुलउपर गर्नेलगायतको नेपाल खाद्य संस्थानको निर्णय तथा कामकारबाही न्यायको रोहमा नमिली कानूनी त्रुटि रहेको देखिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट छिजजर्तीबापतको रू.१,६०,५५३।- निवेदकबाट असुल गर्ने त्रुटिपूर्ण निर्णयसमेतका काम कारबाहीले निवेदकको हकमा असर पर्न गएको देखिएकोले निजको हकमा नेपाल खाद्य संस्थान छिजजर्ती कारबाही उपसमितिको मिति २०६५।३।१७ को निर्णय तथा सो निर्णय कार्यान्वयनसम्बन्धीका सम्पूर्ण कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै छिजजर्तीबापत कट्टा भएको निवेदकको बिमाबापतको रू.१,६०,५५३।- निजलाई फिर्ता दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः मेघनाथ चापागाँई

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।**

३६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७१-WO-०५८०, उत्प्रेषणयुक्त परमादेश, कोपिला अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरसमेत

पीडिता सीता चौधरीलाई तत्कालीन अवस्थामा मिति २०५९|५|४ गते सुरक्षाकर्मीहरूले बलात्कार गरेको घटनाउपर तत्कालै उजुरी गर्न जाँदा सुनुवाइ नभएको निवेदन दाबी रहे तापनि सो दाबीलाई पुष्टि गर्ने कुनै लिखत कागजात पेस गरेको देखिएन । सो घटनाका सम्बन्धमा तत्कालीन मानव अधिकारसम्बन्धी प्रतिवेदनहरू, तत्कालीन पत्रपत्रिकाका समाचार प्रकाशनहरू, तत्काल औषधी उपचार गरेका बिल वा प्रेस्क्रिप्सन, हुलाकबाट जाहेरी दरखास्त रजिस्ट्री गरेको भरपाईलगायतका कुनै पनि आधिकारिक र वस्तुगत प्रमाण निवेदकले गुजार्न सकेको देखिँदैन भने निवेदनमा आरोपित व्यक्तिहरूसमेत खुलेको देखिँदैन । उक्त समयमा कुनै कारबाही नभएको भन्दै सोही घटनाका सम्बन्धमा पुनः लगभग १२ वर्षपछि मिति २०७१।९।४ गते जाहेरी लिएर गएकोमा दर्तालगायतका कारबाही नभएकोले सो जाहेरी दर्ता गरी कारबाही गर्नु भन्ने परमादेशसमेत माग भएको।

यसरी आफ्नो हक अधिकारको खोजीमा अनुचित विलम्ब गर्ने तथा गलत निर्णय वा काम कारबाहीबाट असर पर्ने व्यक्तिले समयमा नै न्यायिक उपचारको माग नगरी आफ्नो अधिकारको बेवास्ता गर्नेलाई सम्बन्धित निकायले मद्दत गर्दैन भन्ने विलम्बको सिद्धान्तसमेत रहेकोमा निवेदकले आफूमाथि मिति २०५९।५।४ गते भएको जबरजस्ती करणीको कसुर अपराधउपर मिति २०७१।९।४ गतेका दिन अर्थात् १२ वर्ष ४ महिना विलम्ब गरी जाहेरी दरखास्त लिई आएको देखिँदा निजले आफ्नो हक अधिकारको खोजीमा अनुचित विलम्ब गरेको प्रस्टै देखिने।

तसर्थ, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर र जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरसमेतले निवेदकबाट मिति २०७१।९।४ गते प्रस्तुत गरिएको जाहेरी दरखास्त दर्ता नगरी दरपिठ गरिदिएको आदेश कानूनसम्मत नै देखिन आएको हुँदा निवेदकको मागबमोजिम परमादेशलगायतका आज्ञा आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज

हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम्।**

३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, ०७३-WO-०९९६, उत्प्रेषण, डोरमणि पौडेल वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन,२०७५ को दफा १९ ले नगर विकास कोष ऐन, २०५३ को दफा १४ (२) (क) को "आवास तथा भौतिक योजना मन्त्रालय (हाल सहरी विकास मन्त्रालय) को सचिव वा नगर विकासको क्षेत्रमा विशेष ज्ञान भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति नगर विकास कोषको सञ्चालक समितिको अध्यक्ष रहने छ" भन्ने प्रावधानलाई संशोधन गरी "सहरी विकास मन्त्रालयको सचिव नगर विकास कोषको सञ्चालक समितिको अध्यक्ष रहने छ" भन्ने प्रावधान कायम गरेको देखिन्छ। उक्त संशोधनपश्चात् निज ध्रुवप्रसाद रिजाललाई निजको अध्यक्ष पदको पदाधिकार स्वतः नरहेको बेहोरा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७५।११।१९ को निर्णयानुसार जानकारी गराएको सहरी विकास मन्त्रालयको मिति २०७५।१२।१ को पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको देखिन्छ। उक्त पत्रका सम्बन्धमा निजले अन्यथा जिकिर लिई लिखित जवाफ फिराएकोसमेत नदेखिएबाट निज हाल सो पदमा बहाल नै रहेको नदेखिने।

तसर्थ विपक्षी ध्रुवप्रसाद रिजाललाई नगर विकास कोषको अध्यक्ष तोकिएको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३।११।१७ को निर्णय गैरकानूनी भएकोले सोसम्बन्धी सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी नगर विकास कोष ऐन, २०५३ को दफा १४ (२) खण्ड (क) बमोजिम सहरी विकास मन्त्रालयको सचिवलाई नै पदेन अध्यक्षको रूपमा कार्य सम्पादन गर्न दिनू भनी निवेदकले उठाएको प्रश्नलाई नगर विकास कोष ऐन, २०५३ को दफा १४ (२) (क) मा भएको संशोधनले सम्बोधन गरी निज ध्रुवप्रसाद रिजालको पदाधिकारसमेत समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भई मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल जेठ१ गते रोज ४ शुभम्।**

३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७५-WH-०१८२, बन्दीप्रत्यक्षीकरण, लक्ष्मणबहादुर शाह वि. गृह मन्त्रालय, काठमाडौंसमेत

रिट निवेदकलाई मिति २०७६।०१।१३ मा पक्राउ गरी कैलाली जिल्ला अदालतबाट मिति २०७६।०१।१३ मा पहिलो पटक ७ दिनको म्याद थप गरी तत्पश्चात् मिति २०७६।०१।२० मा दोस्रो पटक ८ दिन र मिति २०७६।०१।२८ मा तेस्रो पटक ६ दिनको लागि म्याद थप गरी हिरासतमा राखेको देखिन्छ। त्यसरी पटकपटक म्याद थप गर्दा अनुसन्धान सन्तोषजनकरूपमा भए नभएको सम्बन्धमा दृष्टि पुऱ्याएको अवस्था छैन। अनुसन्धान कुन चरणमा पुगेको, कुन विषयमा अनुसन्धान हुन बाँकी रहेकोसमेत स्पष्ट उल्लेख नगरी कपोलकल्पित रूपमा राजद्रोह जस्तो गम्भीर कसुर अपराध गरेको भनी राजनीतिक आस्थाकै आधारमा मात्र आरोप लगाई पटकपटक बिना कुनै आधार हिरासतमा राखी म्याद थपको माग गरेको र सोहीबमोजिम म्याद थप भएको देखियो। तर त्यसरी म्याद थप गर्दाको औचित्य पुष्टि गर्ने कुनै आधार र कारण उल्लेख गरेको नदेखिने।

यसरी रिट निवेदकउपर कपोलकल्पित रूपमा प्रवृत्त भावना राखी राजद्रोह जस्तो गम्भीर कसुर अपराध गरेको भनी आरोप लगाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (३) तथा दफा १४ (६) ले गरेको प्रावधानसमेतले निर्दिष्ट गरेको बाध्यात्मक कार्यविधिको पालना नगरी अनुसन्धानको नाममा कानूनबमोजिमको आधार र कारण बिना निवेदकको वैयक्तिक स्वतन्त्रतासमेतका संविधान प्रदत्त मौलिक हक कुण्ठित हुने गरी थुनामा राखेको सम्पूर्ण कामकारबाहीहरू कानूनसङ्गत नदेखिँदा निवेदकको थुना गैरकानूनी देखिने।

तसर्थ, निवेदन मागबमोजिम नेपालको संविधानको धारा१३३ (२) (३) एवं सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) समेतका आधारमा निवेदक डबलबहादुर शाहलाई गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम्।**

३९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-RC-००४२, कर्तव्य ज्यान, नेपाल सरकार वि. भरतबहादुर थापामगर

प्रतिवादी भरतबहादुर थापामगरसहित ३ जना मोटरसाइकलमा चढी ट्रकको पिछा गरी ट्रकमा रहेका मृतक अनिल साहलाई आक्रोशमा आई कुटपिट गरी घाइते बनाएको कुरा थाहा पाएको हुँ। निज भरत थापामगर स्थानीय मिलन चोकका बासिन्दा भएको हुँदा बढी आक्रोशमा आई कुटपिट गरेको हुनुपर्छ भनी जाहेरीमा नाम उल्लेख भएका तर अभियोजन नगरिएका पञ्चबहादुर भन्ने जसवीर वम्जन र दिपक रानाभाटको मौकाको बयानबाट देखिँदा उक्त घटनामा यी प्रतिवादीको संलग्नता भई मृतकलाई कुटपिट गरेको भन्ने देखिन आउँछ। यसैगरी ट्राफिक प्रहरी तेजबहादुर खड्का, प्रहरी जवान राजेशकुमार झाले मौकाको कागज गर्दा उक्त घटनास्थलमा पुग्दा ट्रकमा रहेका व्यक्तिलाई तल झारी हेल्मेट, लात तथा मुक्काले हान्दै घाइते बनाएका हुन्। घाइतेलाई कुटपिट गर्दागर्दै छुट्टयाई ल्याएको हो यी प्रतिवादी भरत थापासमेतले मृतकलाई कुटेको देखेको हो भनी लेखाएको देखिँदा घटनाका प्रत्यक्षदर्शीको भनाइबाट पनि प्रतिवादीले मृतकलाई कुटपिट गरेको स्पष्ट हुने।

अनुसन्धानका क्रममा फरार रहेका प्रतिवादी भरतबहादुर थापामगरको नाउँमा म्याद जारी भएकोमा उक्त म्यादभित्र अदालतमा उपस्थित हुन आएको देखिँदैन। निजले म्यादभित्र अदालतमा हाजिर भई निर्दोषिताको प्रमाण प्रस्तुत गर्नुपर्नेमा उपस्थित नभई अभियोग दाबीलाई स्वीकार गरेर बसेको देखियो। यसरी निज प्रतिवादी फरार रही आफ्नो सफाइको जिकिर लिन उपस्थित हुन नआएको, किटानी जाहेरी बेहोरा, प्रत्यक्षदर्शीको कागज तथा बकपत्र, शव परीक्षण प्रतिवेदन, प्रतिवादी दिपक रानाभाटसमेतको मौकाको बयानबाट प्रतिवादी भरत थापामगरले अभियोग दाबीको कसुर गरेको प्रमाणित भएको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने उच्च अदालत जनकपुरको फैसला साधकको रोहबाट हेर्दा मनासिब नै देखिने।

अतः साधकको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी भरतबहादुर थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसलालाई साधकको रोहबाट सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७५।९।२५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रस्तुत मुद्दामा प्रतिवादी भरतबहादुर

थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको फैसलालाई साधकको रोहबाट सदर गरेको उच्च अदालत जनकपुरको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।०५।०१ देखि लागु भएको "मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा यी प्रतिवादी भरतबहादुर थापामगरलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: नवराज कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ माघ २३ गते रोज ५ शुभम् ।**

४०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-०८४५, लागु औषध खैरो हेरोइन, विक्रम तामाङ (लामा) वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी विक्रम तामाङले आफू कसुर गरेकोमा इन्कार रही बयान गरे तापनि बरामदी मुचुल्का, प्रतिवेदकहरूले अदालतसमक्ष गरेको बकपत्र, केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतका सबुत प्रमाणले लागु औषध हेरोइन सञ्चय, ओसारपसारसमेतको कसुरमा प्रतिवादी विक्रम तामाङको संलग्नता रहेको पुष्टि हुन आउँछ । प्रतिवादी विक्रम तामाङले आफू अभियोग दाबीबमोजिमको कसुर नगरेको भनी वस्तुगत र भरपर्दो प्रमाण गुजार्न सकेको नदेखिने ।

तसर्थः माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी विक्रम तामाङलाई अभियोग मागदाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (च) समेतको कसुर अपराधमा ऐ. दफा १४ (१)(छ)(२) अनुसार १० (दश) वर्ष कैद र रू. ७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।८।८ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम् ।**

**इजलास नं.९**

४१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७७-WH-०४०४, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम ०७७/०७८ चौतारा J वि. सिन्धुपाल्चोक जिल्ला अदालतसमेत

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (१) मा "कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन" भन्ने कानूनी व्यवस्था रहेको भए तापनि ऐ. ऐन को दफा २४ (२) (ख) मा "उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य

कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्ने छ" भनी कानूनी व्यवस्था गरिएको देखिन्छ । यी कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा यी निवेदक परिवर्तित नाम ०७७/०७८ चौतारा J लाई १६ देखि १८ वर्ष उमेर समूहका विदेशी नागरिक भएको र निजउपरको अभियोग ३ वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसुरअन्तर्गतको देखिँदा यिनलाई बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गरिनुपर्ने देखिन्छ । तसर्थ, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (५) बमोजिम अभिभावकको जिम्मा लगाइपाउने निवेदनको सम्बन्धमा "यी निवेदकलाई १६ देखि १८ वर्ष उमेर समूहका विदेशी नागरिक भएको र निजउपरको अभियोग ३ वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसुरअन्तर्गतको देखिँदा अन्य कानूनी व्यवस्थालाई नजर अन्दाज गरी वर्तमान असहज स्वास्थ्य अवस्थाको आधारमा मात्र यी परिवर्तित नाम ०७७/०७८ चौतारा J लाई अभिभावकको जिम्मा लगाउने नमिल्ने" भनी भएको मिति २०७८।२।३ को सिन्धुपाल्चोक जिल्ला अदालतको आधार र कारणसहितको आदेश मिलेकै देखियो। यसरी निवेदक परिवर्तित नाम ०७७/०७८ चौतारा J कानूनले तोकेको विधि र प्रक्रिया पूरा गरी प्रमाणको आधार र कारणबाट कानूनबमोजिम मुद्दा पुर्पक्षको लागि बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा रहेको हुँदा निजको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ मा बाल अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया एक सय बिस दिनभित्र मुद्दाको किनारा गर्नुपर्ने हुन्छ भनी व्यवस्था भएबमोजिम यी नाबालक रिट निवेदकको हकमा पनि यो कानूनी व्यवस्था लागु हुने नै देखिन्छ । प्रस्तुत मुद्दामा निवेदक परिवर्तित नाम ०७७/०७८ चौतारा J विरूद्ध सिन्धुपाल्चोक जिल्ला अदालतमा मिति २०७७।८।२६ मा अभियोग पत्र दायर भएको र उक्त जिल्ला अदालतबाट मिति २०७७।८।२८ मा थुनछेकको आदेश भएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्था अनुरूप उक्त मुद्दाको किनारा मिति २०७७।१२।२६ मा नै भइसक्नुपर्ने तर निवेदक हालसम्म पनि मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृहमा रहेको हुँदा उक्त कानूनी व्यवस्थाले अपेक्षा गरेबमोजिम मुद्दाको किनारा भइसकेको अवस्था देखिएन । अहिले देश सामान्य परिस्थितिमा नभई कोभिड महामारीको विषम परिस्थितिबाट गुज्रिरहेको हुँदा यसको प्रभाव अदालती कामकारबाहीमा समेत परेको देखिन्छ। मिति २०७८।१।१६ मा देशभर दोस्रो निषेधाज्ञा जारी भएकोबाट समेत यी रिट निवेदकको मुद्दाको कामकारबाही र किनाराको प्रक्रिया ढिला हुन गएको देखिन्छ । हाल कोभिड महामारीबाट सृजित असहज परिस्थिति केही मात्रामा कम भई देशभर निषेधाज्ञा (Lockdown) समेत खुकुलो भइसकेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ मा व्यवस्थित कानूनको मर्म बुझी यी रिट निवेदकउपर दायर ०७७-CI-००६४ नं को डाँका मुद्दामा बुझ्नुपर्ने प्रमाण तत्काल बुझी यथासक्य चाँडो किनारा गर्नु भनी विपक्षी सिन्धुपाल्चोक जिल्ला अदालतको नाममा परमादेश जारी हुने।

रिट निवेदक परिवर्तित नाम ०७७/०७८ चौतारा J गैरकानूनी रूपमा थुनामा रहेको नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मतिना शाक्य

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७८ साल श्रावण १३ गते रोज ४ शुभम्।**

४२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-CR-०७१३, मानव बेचबिखन तथा ओसारपसार, विष्णु थापा वि. नेपाल सरकार

प्रतिवादी विष्णु थापाले अदालतमा आई अभियोगमा इन्कार रही बयान गरेको भए तापनि मौकाको बयानमा जबरजस्ती गराइएको भनी भन्न नसकेको, अदालतको इन्कारी बयानलाई पुष्टि गर्ने कुनै पनि वस्तुनिष्ठ प्रमाण इजलाससमक्ष पेस गर्न सकेको देखिएन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनुपर्ने व्यवस्था रहेको छ । साथै पीडिताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र अदालतमा आई गरेको एकै मिलानको बकपत्र, प्रतिवादीले मौकामा गरेको कागज, पीडिताको यौनाङ्ग परीक्षण प्रतिवेदन, वीरबहादुर लामा, कान्छी तामाङ र धनमाया तामाङले प्रतिवादी विष्णु थापाले अन्य महिलासमेत बोलाई वेश्यावृत्ति गराउने उद्देश्यले आफ्नो कोठामा राख्ने गरेको कुरामा विश्वास लाग्छ भनी गरिदिएको एकै मिलानको सर्जमिन मुचुल्का समेतबाट निज प्रतिवादीले पीडितालाई वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाउने फकाउने प्रपञ्च गर्ने कार्य गरेको भन्ने तथ्यमा कुनै विवाद नरहने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन र ओसारपसारलाई छुट्याई हेरेको छ साथै वेश्यागमन गर्ने र वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखनको कसुर मानेको र वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाई फकाई गर्ने, प्रपञ्च मिलाउने, आफूसँग राख्ने कार्यलाई मानव ओसारपसारको कसुर मानेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले वेश्यागमन गर्ने, वेश्यागमनको उद्देश्यले ललाई फकाई गर्ने र वेश्यागमन गर्न लगाउनेलाई फरक फरक अवधारणाबाट हेरी फरक कसुर मानी सजायको व्यवस्था गरेको देखिन्छ। ऐनले नै दफा १५ (१) (ख) मा वेश्यावृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१)ङ (छ) अनुसार ७ वर्षदेखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५ (१) (घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । विश्वमा भएको कानूनलाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (Decriminalization) को अभ्यास गरेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाई फकाई प्रपञ्च गर्ने आफूसँग राख्नेलाई अपराधीकरण गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) मा कसैले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीले पीडितालाई निजको फुपूको घरबाट ललाई फकाई, प्रलोभनमा पारी आफ्नो डेराकोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको

भनी मिसिलबाट देखिँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ४ (२) (ख) बमोजिमको कसुर गरेको भन्ने देखिन आयो । यसर्थ, प्रतिवादीले पुनरावेदिकालाई वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने कार्य गरेको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) (ख) को कसुरमा ऐ. ऐनको दफा १५ (१) (ख) अनुसार सजाय गर्नुपर्ने देखिने।

सजाय निर्धारण गर्दा, कसुरको आधारमा सजायको समानुपातिकता (proportionality) हेर्न आवश्यक हुँदा प्रतिवादी विष्णु थापालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र ४ (१) (ख) को कसुरमा दफा १५ (१) (ख) बमोजिम १० (दश) वर्ष कैद तथा रू.५०,०००।– (पचास हजार) जरिवाना र ऐनको दफा १७ बमोजिम रू. २५,०००।– (पच्चिस हजार) क्षतिपूर्ति हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला कसुरको प्रकृति र संलग्नताको आधारमा सजायको हदमा अत्यन्त चर्को भएको र कानून र न्यायको रोहमा समेत मिलेको नदेखिई केही उल्टी हुने ठहर्छ । सजायको हदमा केही उल्टी भई निज प्रतिवादीलाई ऐ. ऐनको दफा १५ (१) (छ) बमोजिम ७ (सात) वर्ष कैद हुने।

इजलास अधिकृत: हिरा डंगोल, मतिना शाक्य

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल असोज १६ गते रोज ६ शुभम्।**

४३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७७-RB-०१०५, बैंकिङ कसुर, नेपाल सरकार वि. रीता श्रेष्ठ

फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३ (ख) मा सजाय निर्धारण गर्ने क्रममा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुनेभन्दा चर्को सजाय हुन नहुने कुरालाई विचार गर्नुपर्ने भनी उल्लेख गरेको छ । फौजदारी कानूनको मुख्य उद्देश्य कसुरभन्दा बढी सजाय गरी अभियुक्तलाई पीडा निम्याउने नभई अभियुक्तलाई कसुरको अनुपातमा सजाय गर्नु हो । प्रस्तुत मुद्दामा जाहेरवालाहरूले आफ्नो कानूनबमोजिमको उपचार स्वरूप आफूले सापटी दिएको रकम प्रतिवादीबाट फिर्ता पाइसकेको तथा प्रतिवादीलाई सजाय स्वरूप १० दिन कैद सजायसमेत गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा बुझाइसकेको रकमसमेतलाई बुझाउन बाँकी रकमसँग जोडी बिगो कायम गरी प्रतिवादीलाई जरिवाना गर्नु न्यायको दृष्टिकोणबाट उचित देखिँदैन । यसरी जाहेरवालाले दाबी बिगो पाइसकेको भनी बकपत्र तथा सनाखतसमेत गरेको र प्रतिवादीले रू.२२,००,०००।- रकम बुझाई रू.१४,००,०००।- मात्र बुझाउन बाँकी रहेको भनी बयान गरेको स्थितिमा पुनः रू.३६,००,०००।- बिगो कायम गरी प्रतिवादीलाई रू. ३६,००,०००।- जरिवाना गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रिता श्रेष्ठलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (१) बमोजिम रू.१४,००,०००।– (चौध लाख रूपैयाँ) जरिवाना र दिन १० (दश) कैद सजाय हुने, अपराध पीडित संरक्षण ऐन, २०६५ को दफा ४१ बमोजिमको जरिवाना रकमको ४% हुन आउने रकम रू.५६,०००।– (छपन्न हजार) यी प्रतिवादीले क्षतिपूर्ति शुल्क रकम बुझाउने तथा जाहेरवालाहरूले रकम प्राप्त गरिसकेकाले जाहेरवालाहरूलाई रकम भराइदिनु नपर्ने ठहऱ्याएको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७६।९।१६ को फैसला मनसिब देखिँदा सदर हुने।

इजलास अधिकृत : मतिना शाक्य

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७८ साल असार २२ गते रोज ३ शुभम्।**

४४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७७-WH-०२७०, बन्दीप्रत्यक्षीकरण, कृष्णा किसान वि. बागलुङ जिल्ला अदालतसमेत

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) को कानूनी व्यवस्था हेर्दा, "कुनै कसुरमा अभियुक्तले पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा सोबापत रकम लिई कैदबाट छाड्न आदेश दिन सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ (४) ले सजाय, माफी, मुल्तबी राख्ने, परिवर्तन गर्न वा कम गर्न कारबाही गर्न नसकिने भन्ने नकारात्मक सूचीमा तीन वर्षभन्दा बढी कैद सजाय हुने लागु औषधको ओसारपसार वा कारोबार मात्र परेको देखिन्छ । यी निवेदकलाई लागु औषध मुद्दामा एकवर्ष कैद र रू. ५,०००।- जरिवाना हुने गरी बागलुङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट फैसला भएकोमा बागलुङ जिल्ला अदालतबाट निज प्रतिवादीलाई पुर्पक्षको निमित्त माग भएको धरौटी रकम निजले सो अदालतमा रसिद नं. ८३ मिति २०७३।०१।१६ मा बुझाएको देखिँदा सोही धरौटी रकमबाट उक्त जरिवाना रकम कट्टा हुने देखियो । कैदको हकमा बाँकी रहेको ११ महिनामध्ये निज निवेदनसाथ हाजिर भएको मिति २०७७।८।२२ देखि आजका मितिसम्म ४ महिना ५ दिन थुनामा रहेकोमा निजको बाँकी हुन आउने कैद ६ महिना २५ दिन रहेको देखिन्छ । निवेदक लागु औषधसम्बन्धी फौजदारी मुद्दामा फैसला कार्यान्वयनको सिलसिलामा थुनामा रहेकोले निजको थुनालाई गैरकानूनी भन्न नसकिने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने नदेखिने।

निवेदक स्वयं अदालतमा उपस्थित भई कैदबापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा माग गरी निवेदन पेस गरी अदालतलाई फैसला कार्यान्वयनमा सहयोग पुर्‍याउने निजको असल मनसायसहित अदालतमा उपस्थित भएको देखिन्छ । सजाय हुने अवस्थाको कसुरलाई कानूनले छुट नै दिएको अवस्था रहेको छ। निवेदकको मागबमोजिम सुविधा दिँदा उल्लिखित कानूनको मर्म विपरीत नहुने तथा महामारीमा कैदीबन्दीलाई जोखिमताबाट संरक्षण गर्ने मान्यताअनुरूप नै हुँदा सुरू बागलुङ जिल्ला अदालतबाट मिति २०७७।०८।२५ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७७।१०।२९ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको।

अब, उपर्युक्त कानूनी व्यवस्थाबमोजिमको प्रस्तुत निवेदनको सन्दर्भमा कसुरमा संलग्नता, प्रतिवादीको आचरण, उमेर, पहिलो पटकको कसुरसमेतलाई विचार गर्दा प्रस्तुत मुद्दामा निवेदकलाई लागेको कैदमध्ये बाँकी कैदबापत ऐ. संहिताको दफा १५५ (३) बमोजिम अवस्था हेरी एक दिनको रू.३००।- रूपैयाँका दरले हुन आउने रकम दाखिला गरे लिई ऐ. को उपदफा (२) बमोजिम कागज गराई उपयुक्त निर्णय गर्नु भनी बागलुङ जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको छ । आदेशको संक्षिप्त जानकारी मिति २०७७।१२।२७ मा पठाइएकोले हाल केही गरिरहनु नपर्ने।

इजलास अधिकृत: नारायण सापकोटा

**इति संवत् २०७७ चैत्र २७ गते रोज ६ शुभम्।**

४५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७६-CR-०२७०, ०७५-CR-२६५९, लागु औषध, मो. मोजहर मंसुर वि. नेपाल सरकार, नेपाल सरकार वि. अजयकुमार राम

प्रमाण ऐन, २०३१ को दफा २७ (१) मा "प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुने छ" र लागुऔषध (नियन्त्रण) ऐन २०३३ को दफा १२ मा "कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेका वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने छ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने छ" भन्ने व्यवस्था भएबमोजिम पनि निज पुनरावेदक प्रतिवादीले आरोपित कसुरमा आफ्नो संलग्नता छैन वा थिएन भनी प्रमाणित हुने कुनै पनि प्रकारको सबुद प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन। मौखिक कथनको भरमा मात्र अदालतले निजलाई ५-६ बोरा लागुऔषध तरकारी होला भनी मानी आफ्नो ट्रकमा बोकेर हिँडेको भनी अनुमान गर्नु न्यायका मान्य सिद्धान्तविपरीत हुने देखिन्छ। आफू बेकसुर छु भन्ने व्यक्तिले सो कथनलाई शङ्का रहित तवरले पुष्टि पनि गर्नुपर्ने हुन्छ। २०७५ सालको नि.नं.१००६७, अङ्क ८, भाग ६० मा "अदालतको इन्कारी बयानलाई मात्र आधार मानी अभियोग दाबीको कसुर निजले गरेको रहेनछ भनी मान्न नमिल्ने" भनी प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी मो. मोजहर मन्सुरले अदालतसमक्ष गरेको इन्कारी बयानकै भरमा मात्र निजलाई बेकसुर मान्न मिल्ने अवस्था नरहदा निजको हकमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (घ) (५) बमोजिम ६ (छ) वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने गरी र लागुऔषध ओसारपसारमा प्रयोग भएका ट्रकसमेत जफत गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी मो.मोजहरले प्रतिवादी अजयकुमार रामलाई सह चालकमा काममा लगाएको र निजले नै दिएको आदेश पालना गर्ने क्रममा निजसमेत प्रस्तुत मुद्दामा सामेल हुन पुगेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । अपराधसँग सम्बन्धित कुनै तथ्य स्वीकार गर्दैमा सो व्यक्तिले आरोपित कसुर नै गरेका हुन् भनी अनुमान गर्नु कानूनी मान्य सिद्धान्तविपरीत हुने देखिन्छ। यी प्रतिवादी सहचालक भएको ट्रकबाट चरेश बरामद भएको भन्ने देखिएको र सो चरेश यिनै प्रतिवादीले ट्रकमा राखेको देखिए पनि अन्य प्रतिवादीहरूसँग चरेश ओसारपसार खरिद बिक्री वितरण निकासी पैठारीसमेतको काममा यी प्रतिवादीको सक्रिय सहभागिता रहेको नभई ट्रकमा चरेश राख्नेसम्मको काम गरेकोले निजले अन्य प्रतिवादीहरूको मतियारसम्म भई काम गरेको भन्ने देखिन आएको छ । यसरी आफ्ना मालिक अर्थात् ट्रक चालक प्रतिवादी मो. मोजहर अन्सुरीले अह्र्याएबमोजिम ट्रकमा सामान लोडमात्र गर्ने कार्य गरेका प्रतिवादी अजयकुमार रामको हकमा लागुऔषध (नियन्त्रण) ऐनको दफा १७ अनुसार मतियार भई काम गरेबापत ३ (तीन) वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहर्‍याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट

भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७७ फाल्गुन २५ गते रोज ३ शुभम् ।**

४६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७७-WH-०३०६, बन्दीप्रत्यक्षीकरण, रमेश बडु वि. उच्च अदालत पाटनसमेत

निवेदक रमेश बडु उपरसमेत ठगी मुद्दामा जाहेरी परी सो जाहेरीका आधारमा वादी नेपाल सरकारका तर्फबाट अनुसन्धान प्रक्रिया अगाडि बढेको देखिन्छ । तत्काल प्रचलित मुलुकी ऐन, ठगीको महलअन्तर्गतको कसुर र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ बमोजिमको कसुरसमेतलाई सरकारवादी भई अनुसन्धान र अभियोजन हुनसक्ने अपराधको रूपमा लिएको देखिएको अवस्थामा कानूनबमोजिमको क्षेत्राधिकार ग्रहण गरी अनुसन्धान एवं अभियोजन भएको तथ्यलाई अन्यथा भन्न मिल्ने देखिँदैन । यस स्थितिमा ठगीसम्बन्धी किटानी जाहेरीको आधारमा अनुसन्धान तहकिकातको प्रक्रिया अघि बढी सक्षम अदालतबाट न्यायिक हिरासतमा रहेको र अदालतमा विचाराधीन मुद्दामा पुर्पक्षको लागि निवेदकलाई थुनामा राखेको अवस्थालाई गैरकानूनी थुनामा राखेको भन्न मिल्ने नदेखिने ।

यसै अदालतको पूर्ण इजलासबाट निवेदक विजयराज तुलाधर विपक्षी काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत भएको नं. ०७४-WF-००२५ बन्दीप्रत्यक्षीकरण मुद्दामा "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने" (ने.का.प. २०७५ अङ्क १० नि.नं. १०१०८) भनी नजिरसमेत प्रतिपादन भएकोसमेत देखिएबाट निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने अवस्था विद्यमान देखिन नआउने ।

तसर्थ, काठमाडौं जिल्ला अदालतमा कारबाहीयुक्त रहेको श्रीराम डोटेलसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक रमेश बडुसमेत भएको मुद्दा नं.०७७-C१-०९७६ को ठगी मुद्दामा निवेदक रमेश बडुलाई मुद्दा पुर्पक्षका निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (ख) बमोजिम थुनामा राख्ने गरी सो अदालतबाट मिति २०७७।११।०४ मा भएको आदेश परिवर्तन गरिरहन परेन भनी उच्च अदालत पाटनबाट मिति २०७७।१२।१९ मा भएको आदेशबमोजिम यी निवेदक रमेश बडु मुद्दा पुर्पक्षका निमित्त न्यायिक थुनामा रहेको अवस्था हुँदा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण को आदेश जारी गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७८ साल वैशाख २८ गते रोज ३ शुभम् ।**

४७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७५-CR-०६३४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. कृष्णबहादुर मगर

प्रतिवादी कृष्णबहादुर मगरलाई मतियारको रूपमा अभियोग मागदाबी गरेको देखिन्छ । प्रतिवादी मीनबहादुर गुरूङले न्यायाधिकरणमा बयान गर्दा मैले प्रतिवादी कृष्णबहादुर मगरलाई चिनेको छैन । मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको इन्कारी बयान उल्लेख गरेकोबाट समेत प्रतिवादी कृष्णबहादुर मगरलाई समर्थित भइरहेको देखिएकोले वैदेशिक रोजगारमा पठाइदिने भनी यी प्रतिवादी कृष्णबहादुर मगरले जाहेरवालाबाट रकम लिएको भन्ने अभियोग वस्तुनिष्ठ प्रमाणबाट

पुष्टि हुन सकेको देखिएन । फौजदारी अभियोगमा प्रतिवादीउपरको कसुर शङ्कारहित तवरबाट पुष्टि हुनुपर्ने छ । प्रतिवादीउपरको अभियोग प्रमाणित गर्ने प्रमाणको भार वादीमाथि रहने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्थाको रोहबाट हेर्दासमेत प्रमाणको अभावमा प्रतिवादी कृष्णबहादुर मगरउपरको अभियोग दाबी पुष्टि हुने अन्य कुनै प्रमाण पेस हुन सकेको नदेखिएकोले प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने देखिएन । यसरी वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन नसकेको देखिँदा प्रतिवादी कृष्णबहादुर मगरलाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब नै देखिँएको हुँदा सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वस्तुनिष्ठ प्रमाणद्वारा प्रतिवादीउपरको वैदेशिक रोजगार कसुरको अभियोग दाबी पुष्टि हुन नसकेको हुँदा प्रतिवादी कृष्णबहादुर मगरलाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधीकरणको मिति २०७४।११।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः नारायणप्रसाद चापागाई
कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७८ असार ९ गते रोज ४ शुभम्।**

## इजलास नं.१०

४८

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०६९-CI-०१३७, अंश नामसारी, ओमकारनाथ चौवे वि. वारमती चौवाईन

मूल पुरूष रामेश्वर दत्तका ४ छोराहरू जैनन्दन, महातम, उतमराम र हरद्वार भएकोमा महातमका ३ छोराहरू चन्द्रनारायण, रामाशंकर र प्रेम भन्ने प्रेमशंकर मूल अंशियार भएको तथ्यमा विवाद देखिएन। चन्द्रनारायणका २ छोरा वादीका पति नर्वदेश्वर र गुञ्जेश्वर हुन् । गुञ्जेश्वरकी श्रीमती अग्रमती हुन् । रामाशंकरकी श्रीमती सोनमती हुन्। नर्वदेश्वरकी कान्छी श्रीमती वारमती वादी हुन्। प्रेमशंकरको छोरा प्रतिवादी ओमकारनाथ हुन् । महातमको मृत्युपश्चात् माझखण्ड मालपोत कार्यालयमा निवेदन गरी मिति २०२१।२।५ मा फैसला भई वादीका ससुरा चन्द्रनारायणले प्रतिवादीका बुबा प्रेमशंकरको समेत अंश भागको जम्मा ज.वि.६-५-१६ जग्गा आफ्नो नाममा नामसारी गरी लिएको देखिन्छ । चन्द्रनारायणको मृत्युपछि निजको नाममा बाँकी रहेको विभिन्न कित्ताहरू ज.वि.१-१६-२ जग्गा मालपोत कार्यालयको निर्णयअनुसार मिति २०३६।३।४ मा प्रतिवादी ओमकारनाथ चौवेले दा.खा. नामसारी गरी लिएको देखिन्छ । सो नामसारी गराउने क्रममा नर्वदेश्वर र गुञ्जेश्वरले दिएको मन्जुरीनामाको कागज हेर्दा, चन्द्रनारायण चौवेको मिति २०३४।६।२ का दिन आफ्नो कालगतिले परलोक भएको हुँदा निज बाबु चन्द्रनारायणका नाउँको जग्गा नामसारी गराउनका लागि भाइ ओमकारनाथ चौवेलाई नर्वदेश्वर चौवे र गुञ्जेश्वर चौवेले आफ्नो खुसीराजीले मन्जुरीनामाको कागज लेखी निज भाइ ओमकारनाथ चौवेलाई लेखिदिएको उल्लेख भएको पाइन्छ । उक्त नामसारीउपर वादीले कही कतै उजुर बाजुर गरेको नदेखिएबाट प्रतिवादीको नाममा नामसारी भएको कार्यलाई स्वीकारी बसेको देखिने।

२०२१ सालमा चन्द्रनारायणको नाममा जग्गा नामसारी हुँदाका बखत जम्मा ज.वि.६-५-१६ जग्गा रहेकोमा मिति २०३६।३।४ मा ज.वि.१-१६-२ जग्गा मात्र प्रतिवादी ओमकारनाथ चौवेको नाममा दाखिल खारेज नामसारी भएको र त्यसबाहेकको जग्गा चन्द्रनारायणकै नाउँमा रहेको र निजकै समयकालमा बिक्री भएको भन्ने देखिँदा प्रतिवादीको नाउँमा नामसारी भएको सम्पत्तिमा वादीको पनि हक

बाँकी छ भन्न मिलेन । मुलुकी ऐन, अ.बं.१३९ नं. बमोजिम बुझिएका रामाशंकरको श्रीमती सोनमती चौवे र गुञ्जेश्वर चौवेको श्रीमती अग्रमती चौवेले २०२१ सालदेखि नै महातमका छोराहरू अलग भिन्न भएका हुन् । चन्द्रनारायणले आफ्नो अंश हकको जग्गा आफ्नो परलोकपछि नर्वदेश्वर चौवे र गुञ्जेश्वर चौवेले बेचबिखन गरी भारततर्फ जानुभएको, रामाशंकरको अंशहक पनि रामाशंकरले नै बेचबिखन गरी भारततर्फ गई बसेका हुन्, चन्द्रनारायणको नाउँमा रहेको जग्गा प्रेमशंकरको भएको हुँदा गुञ्जेश्वर चौवे र वादीका पति नर्वदेश्वर चौवेले २०३५ साल कार्तिक महिनामा ओमकारनाथ चौवेका नाममा दाखेल खारेज नामसारी गर्नको लागि मन्जुरीनामा दिई प्रेमशंकरको अंश हक मालपोत कार्यालय रूपन्देहीबाट मिति २०३६।३।४ मा नामसारी गरी ओमकारनाथ चौवेका नाममा गएको उक्त जग्गा आफ्नो र वारमती चौवेको अंशहक नभई प्रतिवादी ओमकारनाथ चौवेकै हुँदा वादीले अंश पाउनुपर्ने छैन भनी सुरु जिल्ला अदालतमा गरेको एकै मिलानको बयानबाट समेत पुष्टि भएको देखिने ।

वादी दाबी नपुग्ने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।३।२ को फैसला उल्टी गरी वादी दाबीबमोजिम प्रतिवादीबाट २ भागको १ भाग अंश पाउने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०६८।९।२५ मा भएको फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीबाट अंश दिलाइपाउँ भन्ने वादीको फिराद दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल भाद्र २८ गते रोज २ शुभम् ।**

४९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७५-CR-०५३४, गौवध, सबिन गोतामे वि. नेपाल सरकार

मिति २०७३/०१/०९ गते बिहान ७ बजे म आफ्नो गाई गोठमा जाँदा मेरो रू.२५,०००/- (पच्चिस हजार) पर्ने ठुलो जर्सी जातको गाईको बाच्छीलाई सविन गोतामे, हिराबहादुर भन्ने हिराकाजी तामाङ र अम्मरबहादुर तामाङले धारिलो हतियार बन्चरोले प्रहार गरी मारेको अवस्थामा भेटिएकोले निजहरूलाई कारबाही गरिपाउँ भन्ने दिननाथ हुमागाईको किटानी जाहेरी परी प्रस्तुत मुद्दाको उठान भएको देखियो । घटनास्थलमा मृत अवस्थामा भेटिएको गाईको बाच्छीको मृत्युको कारण cause of death due to sharp weapon cutting of thai (back) muscle & vertibal region that results to excessive haemorrhage to shock भन्ने जिल्ला पशु सेवा कार्यालय, धुलिखेल काभ्रेको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ भने मृत बाच्छीको लाससँगै काठको बिँड फलामको धार भएको बन्चरो रगत जस्तो पदार्थ लागेको अवस्थामा भेटिएको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । मिति २०७३/०१/०८ गते रक्सी सेवन गरी मातेर घर फर्कने क्रममा जाहेरवालाको गाईगोठ नजिक पुग्दा भित्रबाट गाईहरू कराएको आवाज सुनी नसाको सुरमा गोठको ढोकामा लात्तीले हानी ढोका खोली गोठमा बन्चरोसमेत देखेपछि सोही बन्चरोले एउटा बाच्छीको खुट्टा र शरीरमा ६/७ पटक हानी प्रहार गरी रगताम्मे भएपछि बन्चरो सोही गोठमै छाडी भागी आएको हुँ भनी प्रतिवादी सविन गोतामेले आरोपित कसुरमा साबित रही अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादीहरू अमर बहादुर तामाङ र हिराकाजी तामाङले मौकामा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको मिसिलबाट देखिन्छ । बुझिएका घटना विवरणका मानिसहरू बद्रीप्रसाद ढुंगाना, कृष्णप्रसाद ढुंगाना र हरिकृष्ण सापकोटासमेतले यी प्रतिवादी सविन गोतामेसमेतले गाईको बाच्छीलाई बन्चरो प्रहार गरी मारेका हुन् भनी लेखाएको देखिन्छ । प्रतिवादी सविन गोतामेले सुरू अदालतमा बयान गर्दा उक्त बारदात मितिमा रक्सी र गाँजासमेत खाई जाहेरवालाको गोठमा

गई लात्तिले ढोका खोली त्यहाँ भएको बन्चरोले गाईको बाच्छीलाई हिर्काई गोठ नजिकको खेतमा गई सुतेको हुँ, नसाको सुरमा राति के के गरेँ थाहा पाइन भनी बन्चरोले गाईको बाच्छीलाई हिर्काएको तथ्य स्वीकार गरी आरोपित कसुरमा साबित रही बयान गरेको देखिन्छ । प्रतिवादी विरूद्धको किटानी जाहेरीलाई प्रतिवादीले अदालतसमक्षको साबिती बयानले नै सम्पुष्टि गर्दछ । प्रतिवादी आफू स्वयंले अदालतमा राति नसाको सुरमा गाईको बाच्छीलाई बन्चरोले हानी मारेको हुँ भनी साबित भइसकेपछि उक्त वारदात निजले गरेको होइन, निजबाहेक अरू कसैले गरेको होला भनी सम्झिरहन आवश्यक नै देखिँदैन । अभियुक्त अदालतमा स्वेच्छाले कसुरप्रति साबित हुन्छ र सोलाई वारदातको तथ्यगत अवस्थाले पुष्टि गर्दछ भने त्यस बखत प्रतिवादीको विरूद्धमा अन्य प्रमाणहरू खोजिरहन अवश्यक पर्दैन । यसरी प्रतिवादी सविन गोतामेउपरको किटानी जाहेरी सो जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र बेहोरा, प्रतिवादी सविन गोतामेको मौकाको र अदालतसमक्षको आरोपित कसुरमा साबित रही गरेको बयान, गाईको शव परीक्षण प्रतिवेदन, बुझिएका बद्रीप्रसाद ढुंगानासमेतका मानिसहरूको अनुसन्धानको क्रमको कागज र अदालतको बकपत्र बेहोरासमेतबाट प्रतिवादी सविन गोतामेले दिनानाथ हुमागाईँको जर्सी गाईको बाच्छीलाई बन्चरोले प्रहार गरी मारेको तथ्य पुष्टि भएको देखिएको हुँदा निजलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुर गरेकोले उक्त कसुरमा चौपायको महलको ११ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने ठहर्याइ सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७३।०३।१२ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०८।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी सविन गोतामेको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक / प्रतिवादीलाई उच्च अदालत पाटनबाट भएको उक्त फैसला मिलेकै देखिए पनि प्रस्तुत कसुरका सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थालाई उल्लेख गर्न सान्दर्भिक हुन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ को उपदफा १ मा कसैले गाई वा गोरू मार्ने वा कुनै चोट पुर्‍याउने नियतले कुनै काम गर्नु वा गराउनु हुँदैन भन्ने र सोही दफाको उपदफा २ मा उपदफा १ बमोजिमको कामबाट कुनै गाई वा गोरू मर्न गएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद हुने छ भन्ने प्रस्ट कानूनी व्यवस्था गरेको देखिन्छ । यसैगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यस्तै केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरको मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उल्लिखित मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ को उपदफा १, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) का आधारमा पुनरावेदक प्रतिवादी सविन गोतामे विरूद्ध ठहरेको सजाय घटी हुन जाने देखिँदा सोहीबमोजिम घटी सजाय गर्नुपर्ने ।

पुनरावेदक / प्रतिवादी सविन गोतामेउपर तत्कालीन मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुर गरेकोले उक्त कसुरमा सोही

महलको ११ नं. बमोजिम सजायको मागदाबी रहेको र सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालत तथा उच्च अदालत पाटनबाट समेत निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम नै सजाय भएको देखियो । मुलुकी ऐन चौपायाको महलको ११ नं. मा रहेको कानूनी प्रावधानको सन्दर्भमा हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादी सविन गोतामेलाई सोबमोजिम १२ वर्षको सजाय भएको मिलेको देखिए पनि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५, केही नेपाल कानूनलाई संसोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) मा उपर्युक्त कानूनी व्यवस्था रहेको सन्दर्भमा निज प्रतिवादीलाई मुलुकी अपराध (संहिता), २०७४ को दफा २८९ को उपदफा २ बमोजिम ३ वर्ष कैद सजाय हुने । निज प्रतिवादी मिति २०७३/१/१२ देखि अनुसन्धानको क्रममा प्रहरी हिरासत हुँदै कारागार कार्यालय धुलिखेलमा थुनामा रही मिति २०७६/१/११ मा लागेको ३ वर्ष कैद भुक्तान हुने भई मिति २०७६/१/१२ मा कैदबाट मुक्त गरिदिनु भन्नेसमेत बेहोराको काभ्रेपलाञ्चोक जिल्ला अदालतको च.नं. १६२ मिति २०७५/६/१२ को संशोधित कैदिपुर्जीबमोजिम निजलाई लागेको कैद भुक्तान भई हाल थुनामुक्त भइसकेको देखिँदा सो सम्बन्धमा केही गरिरहन नपर्ने ।

इजलास अधिकृत (उपसचिव) : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल फागुन ९ गते रोज २ शुभम् ।**

५०

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CR-०४९०, जबरजस्ती करणी, नेपाल सरकार वि. गीता सुनारसमेत

जाहेरीमा यी प्रतिवादी हरिबहादुर सुनारको नाम उल्लेख भए तापनि करणी गर्नेमध्येका ३ जना व्यक्तिहरू रमेश, टोपबहादुर र फरार हुने राई थरका हुन हरिबहादुर सुनारले करणी गर्नबाट वचाएका हुन् भनी छोरीले भनेकी थिइन भनी यी प्रतिवादीको वारदातमा संलग्नता नभएको भनी जाहेरवालीले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । प्रतिवादी हरिबहादुर सुनारको समेत करणीको वारदातमा संलग्नता थियो भनी पीडितले मौकाको कागजमा उल्लेख गरेको देखिँदैन भने प्रतिवादी हरिबहादुर सुनारले मलाई करणी तथा हातपात गरेको होइन भनी पीडितले अदालतको बकपत्रमा उल्लेख गरेको देखिन्छ । यी प्रतिवादी हरिबहादुरले कसुर गरेकोमा इन्कार रही मौका तथा अदालतमा बयान गरेका छन् भने निजको उक्त इन्कारी बयानलाई निजका साक्षीहरू धर्मराज सुनार र अमृता सुनारले पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । साथै सहअभियुक्तहरू रमेश गुरूङ, टोपबहादुर शाही र गीता सुनारले मौकाको बयानमा समेत निजलाई पोल गरेको देखिएन । यसरी जाहेरवाला, पीडितको बकपत्र, प्रतिवादीको बयान तथा निजका साक्षीहरूको बकपत्रसमेतबाट यी प्रतिवादी हरिबहादुर सुनारको उक्त कसुरमा संलग्नता रहे भएको देखिन आएन । घटना र वारदातबाट प्रत्यक्ष रूपमा प्रभावित व्यक्ति एवं पीडित स्वयम् तथा निजका परिवारले नै कसुरदारलाई उन्मुक्ति दिएर अदालतमा आफ्नो कथन अभिव्यक्त गरिदिएको र अन्य भौतिक एवं स्वतन्त्र प्रमाण र परीक्षण प्रतिवेदनहरूले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा अदालतले पनि जाहेरीमा नाम उल्लेख भएकोले लगाइएको अभियोगकै आधारमा शङ्का र अनुमान गरी कसैलाई पनि कसुरदार कायम गरी सजाय गर्नु न्याय र कानूनसम्मत् हुँदैन । अभियुक्तउपर लगाइएको अभियोग अन्य भौतिक एवं स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पनि पुष्टि भएको हुनुपर्दछ । प्रस्तुत मुद्दामा यी प्रतिवादी हरिबहादुर सुनारको कसुरमा संलग्नता थियो भनी अभियोजन पक्षले अन्य विश्वासिलो प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा केवल जाहेरीका आधारमा यी प्रतिवादी हरिबहादुर सुनारलाई अभियोग दाबी नपुग्ने भनी सुरू अदालतले गरेको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मनासिब नै

देखिन आउने ।

पीडित बालिका सङ्केत नं. ६६ परिवर्तित नाम जमुनी "च" ले मौकामा गरेको कागज वारदातको दिन निजलाई गीता सुनारले वारदात स्थलमा लगी रमेश गुरूङ र टोपबहादुर शाही आइपुगेपछि कुरा गरी बसेको र कुराकानी गर्दागर्दै गीता सुनारले सुरूवाल खोल भनी ढलाई हात च्यापी दिई प्रतिवादीहरूले जबरजस्ती करणी गर्ने सहज वातावरण बनाइदिएको भन्ने देखिन्छ भने अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि गीता सुनारले वारदात स्थल अरहर बारीमा लगेको भनेबाट प्रत्यर्थी प्रतिवादी गीता सुनारको मौकाको बयान पुष्टि भइरहेको देखिँदा निजले साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. को कसुर गरेकोमा विवाद देखिएन । निजलाई कसुरदार ठहर गरेउपर निज प्रत्यर्थी प्रतिवादीको पुनरावेदनसमेत नभएबाट सोतर्फ विचार गरिरहन नपर्ने ।

प्रत्यर्थी प्रतिवादी गीता सुनारलाई उल्लेखित कसुरमा २ वर्ष मात्र सजाय गरेको कम भयो भन्नेसम्म पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर भएबाट सो सम्बन्धमा विचार गर्दा, उक्त कसुरको लागि ३ वर्षसम्म कैद तथा १६ वर्ष मुनिकी स्वास्नी मानिसउपर भएको कसुर भएमा दोब्बर सजाय हुने व्यवस्था भई सजाय निर्धारण गर्ने स्वविवेकीय अधिकार न्यायकर्ताउपर नै राखेको पाइन्छ । कसुरको प्रकृति, कसुर गर्दाको परिस्थितिसमेतका आधारमा १ दिनदेखि ६ वर्षसम्म पनि सजाय हुन सक्ने अवस्था रहेको छ । प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा पनि प्रतिवादीहरूको बयानलगायतका मिसिल संलग्न प्रमाणका आधारमा यी प्रत्यर्थी प्रतिवादीलाई २ वर्ष कैदको सजाय गरेकोमा उक्त जबरजस्ती कारणीको महलको ४ नं. बमोजिम १ वर्ष कैद भई पीडित १६ वर्ष नपुगेकी बालिका भएको हुँदा सोको दोब्बर २ वर्ष कैद गर्नुपर्नेमा सिधै २ वर्ष कैद हुने ठहर्छ भन्नेसम्म उल्लेख भएको देखियो । यसले कैद सजायको परिणाममा तात्त्विक भिन्नता र असर पार्ने नदेखिएसमेतबाट यी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ४ नं. को कसुर अपराधमा निजको संलग्नता र सहयोगी भूमिकाको मिसिल संलग्न प्रमाणहरू हेर्दा २ वर्ष सजाय हुने गरी भएको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसलालाई अन्यथा गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिएबाट यी प्रतिवादी गीता सुनारलाई अभियोग दाबीभन्दा कम सजाय गरेको भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन तथा पुनरावेदनलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी गिता सुनारलाई अभियोग दाबीबमोजिम उक्त वारदातमा निजले मद्दत गरेको कसुरमा कसुरदार ठहऱ्याई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिम दुई वर्ष सजाय गरी अर्का प्रतिवादी हरिबहादुर सुनारको उक्त वारदातमा संलग्नता रहेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा यी प्रतिवादी हरिबहादुर सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।७।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव) : माधव भण्डारी
कम्प्युटर: अमिररत्न महर्जन

**इति संवत् २०७८ साल पौष २१ गते रोज ४ शुभम् ।**

५१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७७-WH-०४११, बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश, उदय यादव वि. उच्च अदालत पाटनसमेत

निवेदकका पतिले आफ्नो खातामा पर्याप्त रकम नभएको जानकारी हुँदाहुँदै विपक्षीहरूलाई चेक काटी दिने कार्य गरेको देखिन्छ । यसका

अलावा आफ्नो तिर्नुपर्ने रकमप्रति इमानदार नभई विभिन्न मुद्दाहरू अदालतमा हाल्ने कार्यसमेत भएको देखिन्छ । कालोसूचीमा राख्ने वा हटाउने कार्य सम्बन्धमा बैंकको आफ्नै प्रक्रिया भए तापनि यसको सुरूवात खातामा रकम नभए पनि चेक काट्ने कार्यकै कारणबाट भएको देखिन्छ । तसर्थ बैंकबाट कालोसूचीमा राख्ने कार्य यथोचित प्रक्रियाद्वारा नै भएको हुँदा निवेदकका पतिलाई कालोसूचीमा राख्ने कार्य गलत भएको भन्न मिल्ने नदेखिने ।

जहाँसम्म निवेदकका पतिलाई गैरकानूनी थुनामा राखी निवेदकको संविधान प्रदत्त हकमा आघात पुगेको भन्ने जिकिर सम्बन्धमा विचार गर्दा, मिति २०७८/०१/०८ मा विपक्षी प्रमोदराज बर्तौलाले निवेदकका पतिउपर जाहेरी दरखास्त दिएको र मिति २०७८/०१/०९ मा मुद्दा दर्ता भएकोसमेत देखिन्छ । मुद्दा दर्तापश्चात् २०७८/०१/२४ मा उच्च अदालतबाट पक्राउ अनुमति प्राप्त भई अदालतकै आदेशले पक्राउ गरी हिरासतमा राखी अनुसन्धान कार्य भइरहेको भन्ने मिसिल संलग्न महानगरीय प्रहरी वृत्त भक्तपुरको लिखित जवाफबाट समेत देखिन्छ । यस सम्बन्धमा विचार गर्दा विभिन्न मितिमा व्यापारको सिलसिलामा भनी निवेदक र उनका पतिले विपक्षीहरू शशिकला पाठक, इन्द्रराज पाठक र प्रमोदराज बर्तौलासँग करार गरी ऋण लिएको भन्ने तथ्यमा निवेदकले स्वीकार गरी कोरोनाका कारण समयमा ऋण तिर्न नसकेको कुरासमेत उल्लेख गरेको अवस्था छ । यद्यपि ऋण तिर्न तदारूकता नदेखाउने र विभिन्न कारण देखाई सापटी रकम थप्ने र सोबापत चेक काटी दिने गरेकोसमेत देखियो । निवेदक र निवेदिकाकी पतिको यी यावत् कार्यको समीक्षा गर्दा ऋणप्रति उदासीन रहेकोसमेत पाइयो । निवेदकका पतिलाई कालोसूचीमा राख्नेलगायत थुनामा राख्ने कार्य विपक्षीहरूले केबल आफूले दिएको ऋण फिर्ता लिन अपनाएको कानूनी बाटो मात्र रहेको भन्ने माथि उल्लिखित प्रकरणबाट समेत पुष्टि भइरहेको छ । यसर्थ, निवेदकका पतिलाई बैंकद्वारा कालोसूचीमा राख्ने र अनुसन्धानको क्रममा कानूनबमोजिमका कानूनी प्रक्रिया पूरा गरी अदालतको अनुमतिबमोजिम थुनामा राख्ने कार्य विधिसम्मत नै भएको हुँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणलगायतका आदेश जारी गर्न मिलेन । करारको यथावत् पालना सम्बन्धमा माथि उल्लिखित विचाराधीन मुद्दाहरूमा सम्बन्धित अदालतबाट नै छलफल भई निर्क्योल हुने हुँदा यस रिटमार्फत बोल्नु उपयुक्त नदेखिने ।

निवेदकका पति उदय यादवलाई गैरकानूनी रूपमा थुनामा राखेको मान्न मिल्ने देखिएन । गैरकानूनी थुनामा राखेको नदेखिएको र कालोसूचीमा राख्नेलगायतको कार्यसमेत कानूनको प्रक्रियाबमोजिम नै भएको देखिँदा रिट निवेदनको मागबमोजिमको बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण र परमादेशको आदेश जारी गर्न आधार र कारण नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : अनु याकामी, शाखा अधिकृत : निशा फुयाल

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल श्रावण १२ गते रोज ३ शुभम् ।**

५२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार चुडाल,** ०७७-WH-०३२९, बन्दीप्रत्यक्षीकरण, मीना शाही वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

निवेदक बिज्याइँकर्ता परिवर्तित नाम बबरमहल (र) हाल बालसुधार गृह सानोठिमी, भक्तपुरमा रहेको बेहोरालाई दुवै पक्षले स्वीकार गरेको देखिन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३ मा प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गरिएको छ । सोही ऐनको दफा १६को उपदफा १ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने तथा सोही दफाको उपदफा २ मा जीवन

जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने छ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था सामान्य अवस्थामा रहेका बालबालिकाको हकमा लागु हुने विषय मान्नुपर्ने हुन्छ। गम्भीर प्रकृतिको कसुर गरेको भनी अदालतमा अभियोग लगाइएका सबै नाबालकलाई उन्मुक्ति दिई त्यस्ता बालबिज्याइँकर्तालाई आफ्नो अभिभावकको जिम्मा लगाएर मात्र उसको सर्वोत्तम हित हुन्छ भनी मान्न मिल्ने अवस्था नदेखिने।

परिवर्तित नाम बबरमहल (र) समेतका उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) को विपरीत र सोही ऐनको दफा २४४ (२) को खण्ड (ख) बमोजिम डाँका र मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) को विपरीत ज्यान मार्ने उद्योगको कसुरमा काठमाडौं जिल्ला अदालतमा (मुद्दा नं.०७७-C१-०८५६) अभियोग पत्र र मुद्दा नं.०७७-C१-८६४ को चोरी मुद्दासमेत काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने कुरा मिसिलबाट समर्थित भइरहेको र ती मुद्दाहरू सामान्य प्रकृतिका नभई गम्भीर प्रकृतिको देखिई काठमाडौं जिल्ला अदालतले अभिभावको जिम्मा लगाउन इन्कार गरेको देखिएको छ। काठमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दा साधारण क्षेत्राधिकार ग्रहण गरी कारबाहीको प्रक्रिया चलिरहेको यस परिप्रेक्ष्यमा असाधारण क्षेत्राधिकार ग्रहण गरी बालबिज्याइँकर्ता परिवर्तित नाम बबरमहल (र) लाई अभिभावकको जिम्मा लगाउनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु कानूनका मान्य सिद्धान्तअनुकूल नहुने।

तसर्थ, मिति २०७४।०१।१५ मा काठमाडौं जिल्ला अदालतबाट प्रकाशित सूचनाको प्रकरण नं.६ मा "बाल सुधार गृहमा रहेको बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन" लाई आधार मानी परिवर्तित नाम बबरमहल (र) की हजुरआमा मीना शाहीले हाल बाल सुधार गृह भक्तपुरमा रहेको परिवर्तित नाम बबरमहल (र) लाई अदालतले खोजेका बखत उपस्थित गराउने सर्तमा अभिभावकको जिम्मा लगाइदिनु भनी निवेदन दिएको देखियो। सो निवेदनउपर बालबिज्याइँकर्ता परिवर्तित नाम बबरमहल (र) लाई निजलाई लागेको अभियोग एवम् बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (२)(ख) मा उल्लेखित कानूनी व्यवस्थाबमोजिमको प्रमाणसमेतका आधार कारणबाट बाल सुधार गृहमा नै राखी सुधार गर्नुमा निजको र समाजको हित हुने देखिँदा निवेदन मागबमोजिम गर्न मिलेन भन्ने काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०१।२२ मा भएको आदेश कानूनसम्मत भएको देखिएकाले निवेदक बालबिज्याइँकर्ता परिवर्तित नाम बबरमहल (र) लाई गैरकानूनीरूपमा थुनामा राखिएको अवस्था नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल जेठ १० गते रोज २ शुभम्।**